
# बन्द इजलास सञ्चालन

# तथा

# विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१

(सर्वोच्च अदालतबाट मिति २०६४।०९।१० मा जारी भएको निर्देशिका कार्यान्वयनमा सहजीकरणका लागि)




## राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

हरिहरभवन, ललितपुर

# बन्द इजलास सञ्चालन
# तथा
# विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१

(सर्वोच्च अदालतबाट मिति २०६४।०९।१० मा जारी भएको निर्देशिका कार्यान्वयनमा सहजीकरणका लागि)


## राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
### हरिहरभवन, ललितपुर

**सल्लाहकार समूह**
माननीय श्री कल्याण श्रेष्ठ, न्यायाधीश, सर्वोच्च अदालत
श्री राघब लाल वैद्य, कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
श्री राज नारायण पाठक, नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
श्री सुनिल कुमार पोखरेल, महासचिव, नेपाल बार एशोसिएशन
श्री मिङमार लामा, प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी

**पुनरावलोकन तथा तयारी समूह**
माननीय श्री राजेन्द्र खरेल, जिल्ला न्यायाधीश
माननीय श्री ऋषिकेश वाग्ले, जिल्ला न्यायाधीश
श्री लेखनाथ पौडेल, रजिष्ट्रार
श्री श्यामकुमार भट्टराई, सह न्यायाधिवक्ता
श्री राजेशकुमार कटुवाल, उप न्यायाधिवक्ता
श्री श्रीकृष्ण मुल्मी, उप निर्देशक
श्री राजन कुमार के.सी., कार्यक्रम व्यवस्थापक

| | |
|---|---|
| **ले-आउट/डिजाइन** | : श्री बिष्णुबहादुर बरुवाल |
| **प्रकाशक** | : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन, ललितपुर |
| **प्रकाशन संख्या** | : ५०० प्रति |
| **सर्वाधिकार** | : प्रकाशकमा |
| **प्रकाशन मिति** | : २०७१, कार्तिक |
| **मुद्रक** | : फरम्याट प्रिन्टिङ्ग प्रेस प्रा.लि. । |

***सहयोगः लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि संयुक्त राष्ट्र संघको निकाय***
***(United Nations Entity for Gender Equality and the Empowerment of Women)***

UN WOMEN
United Nations Entity for Gender Equality
and the Empowerment of Women

## शुभकामना

राष्ट्रिय न्यायिक प्रतिष्ठानले बन्द इजलाससम्बन्धी अवधारणा र यसको कार्यान्वयन विधिसम्बन्धी जानकारी पुस्तिका एवं विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधिसम्बन्धी दिग्दर्शनको पुनरावलोकन र परिमार्जन गरी **बन्द इजलास सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ ।

विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पीडित र मुद्दाका पक्षहरुको गोपनीयता कायम गरी न्याय सम्पादनका क्रममा सम्बन्धित पक्षहरुलाई संरक्षणात्मक व्यवस्था गर्नका लागि सर्वोच्च अदालतले जारी गरेको विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ लाई सरल रुपमा प्रयोगमा ल्याउने उद्देश्यका साथ प्रस्तुत दिग्दर्शन प्रकाशन भएको छ । दिग्दर्शनमा विशेषतः विषयवस्तुको अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय प्रबन्ध, राष्ट्रिय कानून एवं न्यायिक दृष्टिकोण लगायतका विषयवस्तु समावेश भएकाले न्याय सम्पादनका सरोकारवाला निकाय सबैलाई यस प्रकाशन सहयोगी हुने देखिन्छ । साथै, संवेदनशील प्रकृतिका मुद्दामा बन्द इजलासमा हुने न्यायिक कारवाहीका लागि गरिएका कानूनी व्यवस्थाहरुलाई प्रभावकारी र एकरुपतापूर्वक कार्यान्वयन गर्न पनि दिग्दर्शन महत्वपूर्ण सामग्रीका रुपमा रहनेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

दिग्दर्शन प्रकाशनका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानका सम्बन्धित सबैलाई धन्यवाद दिँदै प्रस्तुत प्रकाशनले राखेको उद्देश्यमा पूर्ण सफलताको कामना गर्दछु ।

२०७१, मंसिर

(रामकुमार प्रसाद शाह)
प्रधान न्यायाधीश एवं
अध्यक्ष, न्यायिक प्रतिष्ठान परिषद्

नेपाल सरकार
कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय
(............................................ शाखा)
प.सं. :
च.नं. :
सिंहदरवार, काठमाण्डौ

# मन्तव्य

बन्द इजलास सञ्चालन सम्बन्धी प्रक्रिया एवं विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा गोपनीयता कायम गर्ने प्रक्रियाका सम्बन्धमा कानूनमा रहेको बन्द इजलास सम्बन्धी अवधारणालाई कार्यान्वयनको लागि प्रक्रियागत व्यवस्थाको अभाव रहेको हालको परिप्रेक्ष्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले बन्द इजलास सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१ प्रकाशन गर्नु अत्यन्त सराहनीय काम गरेको छ ।

यस दिग्दर्शनमा रहेका सैद्धान्तिक एवं अवधारणागत पक्षले बन्द इजलास सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा गोपनीयता कायम गर्ने विषयसँग सम्बन्धित रहेका संवैधानिक तथा राष्ट्रिय कानूनी प्रावधान एवं अन्तराष्ट्रिय कानून अन्तर्गत सृजित दायित्व जस्ता विषयबाट सम्बन्धित विषयको जानकारी लिन सघाउ पुऱ्याउँछ भने यस विषयमा रहेको प्रक्रियागत व्यवस्थाको अभावलाई परिपूर्ति समेत गर्ने हुँदा संवेदनशील मानिएका महिला, बालबालिका, कडा रोगबाट संक्रमित तथा अन्य पक्षको गोपनियता कायम गरी पीडितको प्रतिष्ठा र मर्यादाको सम्मान गरी स्वच्छ एवं सहज वातावरणमा न्याय उपलब्ध गराई न्याय सम्पादन गर्ने कार्यमा प्रभावकारीता ल्याउन यस दिग्दर्शनले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा लिएको छु ।

(भेषराज शर्मा)
सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्सः ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np

पत्र संख्या :- ०६९।६२
च.नं. :- ४०

# मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट विद्यमान बन्द इजलास सम्बन्धी अवधारणा र यसको कार्यान्वयन विधि सम्बन्धी जानकारी पुस्तिका र विषेश प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन प्रकाशन गर्न लागेकामा मलाई धेरै खुशी लागेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ ले गोपनीयताको हकलाई मौलिकहकको रुपमा प्रत्याभूति प्रदान गरेको र सूचनाको हक सम्बन्धी ऐनको दफा ३(घ), (ङ) मा पनि व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषयको सूचना प्रवाह गर्न नपर्ने गरी गोपनीयताको हकलाई संरक्षण प्रदान गरेको पाइन्छ । सम्मानित सर्वोच्च अदालतबाट समेत विषेश प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गरी पीडित र मुद्दाका पक्षहरुको संरक्षण गर्न आदेश जारी भएको पाईन्छ। विद्यमान संविधान, ऐन, कानुन र सम्मानित सर्वोच्च अदालतको आदेशको पालना गर्नु राज्यको दायित्व हुने सर्न्दभमा विषेश प्रकृतिका मुद्दाहरुको कारवाहीमा पीडित र मुद्दाका पक्षहरुको गोपनीयताको संरक्षण गर्ने विद्यमान व्यवस्थाको पुनरावलोकन गरी तयार भएको प्रस्तुत दिग्दर्शन मुद्दासगँ सम्बन्धित सबै निकाय पदाधिकारीलाई तत्सम्बन्धित कारवाही सञ्चालन गर्न अत्यन्त उपयोगी हुने देखिन्छ । साथै, प्रस्तुत दिर्ग्दशनले स्वच्छ सनुवाइ, गोपनीयताको अधिकार, बन्द इजलास लगायतका अवधारणागत पक्षलाई समेत समेटेको हँदा सबैका लागि उत्तिकै उपयोगी हुने देखिन्छ।

अन्त्यमा, प्रस्तुत दिर्ग्दशनको पुनरावलोकन एवं प्रकाशनबाट सम्मानित सर्वोच्च अदालतबाट जारी आदेशको पूर्ण कार्यान्वयन भई मुद्दाको कारवाहीमा पक्षको गोपनीयताको संरक्षण हुने विश्वास लिएको छु ।

(धनबहादुर तामाङ्ग)
सचिव

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(............................................ शाखा)

रामशाहपथ काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मिति :-..............................


## मन्तव्य

विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा गोपनियता कायम गर्ने विषयमा सम्मानित सर्वोच्च अदालतबाट जारी निर्देशिका तथा यस सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वनमा एकरुपता र प्रभावकारीता ल्याउने उद्देश्यबाट राष्ट्रिय न्यायिक प्रतिष्ठानले यस सम्बन्धी कार्यविधि दिग्दर्शन, २०७१ तयार गरी प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस सम्बन्धी प्रचलित कानुन र निर्देशिकाको कार्यान्वयन गर्न सहज गराउने तथा कार्यान्वयनमा एकरुपता ल्याउने कुरामा अनुसन्धान र अभियोजन गर्ने निकाय, अदालत, फैसला कार्यान्वयनमा संलग्न अधिकारी, सञ्चारकर्मी सबैलाई यो दिग्दर्शन उपयोगी हुने विश्वास लिएको छु ।

यस दिग्दर्शनमा समेटिएका विषयवस्तुले विशेष प्रकृतिका फौजदारी मुद्दाको कारबाही र न्यायिक प्रकृयामा महत्वपुर्ण सहयोग पुग्ने समेत अपेक्षा गरेको छु । मुलतः अनुसन्धान र अभियोजनका चरणमा सरकारी वकिल कार्यालयबाट यसको प्रभावकारी कार्यान्वयन र पालना हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहान्छु । प्रस्तुत दिग्दर्शनको प्रकाशन कार्यमा संलग्न पदाधिकारी तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान प्रति आभार प्रकट गर्दछु ।

धन्यवाद ।

२०७१ कार्तिक

(बाबुराम कुँवर)
महान्यायाधिवक्ता


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

सुप्रबल जनसेवाश्री

प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल

Inspector General of Police Upendra Kant Aryal

Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं ।
Police Headquarters
Naxal, Kathmandu

मितिः २०७१।०८।१५ गते

## मन्तव्य

सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दाहरुको कारवाही तथा किनारामा पक्षहरुको गोपनीयता कायम राख्न निर्देशन भएबमोजिमको निर्देशिका तथा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट निर्माण भएको बन्द इजलास सम्बन्धि पूर्व निर्देशिकाको एकिकृत संगालोको रुपमा नयाँ प्रकाशन हुन लागेको यस दिग्दर्शनमा मन्तव्य राख्ने मौका प्रदान गरिएकोमा प्रतिष्ठानप्रति आभार व्यक्त गर्न चाहन्छु ।

न्याय सम्पादन प्रकृयामा संवेदनशील प्रकृतिका मुद्दाहरु तथा विशेष प्रकृतिका मुद्दाहरुमा कारवाही किनारा गर्नु पर्दा पक्षहरुको गोपनीयता कायम गर्नु पर्ने , बन्द इजालसमा सुनुवाई हुनु पर्ने जस्ता कानूनी व्यवस्थाको प्रयोगमा देखिएको दुविधालाई हटाई "बन्द इजलास सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्य विधि दिग्दर्शन" ले सहजरुपमा एकरुपता कायम गर्ने विश्वास लिएको छु ।

सम्मानित सर्वोच्च अदालतबाट विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धि कार्यविधि निर्देशिका २०६४ जारी भई सो को आधारमा राष्ट्रिय न्यायिक प्रतिष्ठान हरिहरभवनले प्रकाशन गर्न लागेको यो दिग्दर्शनले अनुसन्धान अभियोजन र सुनुवाई गर्ने क्रममा पक्षहरुको हितार्थ दिशा प्रदान गर्नेछ भन्ने मलाई लाग्दछ ।

फौजदारी न्याय व्यवस्थाको मुल आधार अपराध अनुसन्धान नै भएकोले अनुसन्धानकर्ता प्रहरीलाई दिग्दर्शनको प्रयोगबाट योग्य, सक्षम र व्यावसायिक समेत बनाउने छ साथै सम्बद्ध व्यक्ति र निकायहरुमा नेपाल प्रहरीलाई यथोचित सहयोगको लागि समेत अनुरोध गर्न चाहन्छु ।

प्रहरी महानिरीक्षक
( उपेन्द्र कान्त अर्याल )

पोष्ट बक्स नं. : ४०७, कार्यालयः ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्सः ९७७-१-४४१५५९३
इमेलः aryalupendrak@gmail.com/phqigs@nepalpolice.gov.np, वेभसाइटः www.nepalpolice.gov.np

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२५४६४७
फ्याक्सः ९७७-१-४२६९१७९, ४२६२७५५
इमेलः neba@wlink.com.np
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०६९-२०७२)

अध्यक्ष
हरिकृष्ण कार्की

उपाध्यक्ष
राजेन्द्र बहादुर साउद
टीकाराम भट्टराई
जनक पाण्डे
पदमप्रसाद वैदिक
अनिता गुरुङ

महासचिव
सुनिल कुमार पोखरेल

कोषाध्यक्ष
मोहन इङ्नाम

सदस्य
गजेन्द्र शंकर तिमिला
गणेशप्रसाद अधिकारी
केदारप्रसाद कोइराला
सरस्वती श्रेष्ठ
राज्यलक्ष्मी वज्राचार्य
सागर विष्ट
प्रसन्न कृष्ण दास
बिनीता कार्की
लक्ष्मीदेवी दाहाल (रावल)

# शुभकामना

बन्द इजलास सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाको कारवाहीमा गोपनीयता कायम गर्ने विषयमा एकरुपता कायम गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानले प्रस्तुत दिग्दर्शन प्रकाशन गर्न लागको रहेछ । न्याय सम्पादन प्रक्रियामा संलग्न हुने माननीय न्यायाधीशहरु, सरकारी वकीलहरु, कानून व्यवसायीहरु एवम् अनुशन्धानमा संलग्न जनशक्तिहरुलाई कार्य सम्पादनमा मार्गदर्शन गर्न प्रस्तुत दिग्दर्शन उपयोगी हुने विश्वास लिएको छु । मूलतः न्यायको अपेक्षा राखी न्याय प्रशासन सञ्चालन गर्ने निकायहरुसम्म आइपुग्ने पीडीतहरुको हक, अधिकार, मर्यादा र आत्मसम्मानको संरक्षण गर्न यस प्रकृतिका दिग्दर्शनहरुले सहयोग पुऱ्याउने छन् । प्रतिष्ठानबाट विगतमा प्रकाशन गरिएका निर्देशिकाहरुको कार्यान्वयन पक्षको प्रभावकारीता वारेमा वस्तुगत आधारमा अध्ययन, विश्लेषण र पुनरावलोकन गरिएको प्रस्तुत दिग्दर्शनको कार्यान्वयन गर्दा विशेष प्रकृतिको मुद्दाको कारवाहीमा गोपनियता कायम गरी पिडित प्रतिको संवेदनशिलता र अभियुक्तको स्वच्छ सुनवाईको हकको विच सन्तुलन कायम गर्ने तर्फ विशेष ध्यान पुऱ्याउन आवश्यक देखेको छु । यस दिगर्दशनले समेटेका विषयहरु कानून व्यवसायीहरुबाट जिम्मेवारीका साथ परिपालना हुनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

२०७१ मंसिर

..................
हरिकृष्ण कार्की
अध्यक्ष
नेपाल बार एशोसिएशन

UN WOMEN
United Nations Entity for Gender Equality and the Empowerment of Women

201/42 Ramshahpath,
Thapathali, Kathmandu,
Nepal

Tel: +977-1-4255110/4254899
Fax: +977-1-4247265
Website:
www.unwomensouthasia.org

**मन्तव्य**

समानता, स्वतन्त्रता र आत्मसम्मान हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । गोपनीयताको हक व्यक्तिको आत्मसम्मानको अधिकार रक्षा गर्नकालागि अत्यावश्यक छ । सोहीनुरुप, कुनै पनि यौन तथा लैंगिक हिंसा पीडितलाई पुनः पीडित हुने सम्भावनालाई न्यून गर्ने उपायका रूपमा अनुसन्धान, सुनुवाइ र अन्य कानुनी प्रक्रियाका दौरान र सञ्चार माध्यममा समेत यौन तथा लैंगिक हिंसाका पीडितको गोपनीयताको संरक्षण गर्नु अनिवार्य छ ।

गोप्य रूपमा बन्द इजलासमा सुनुवाइ गर्ने कार्यले पीडितलाई एक हदसम्म सुरक्षा प्रदान गर्न सक्दछ । सन् १९८५ मा जारी भएको अपराध र अधिकारको दुरूपयोगबाट पीडितका लागि न्यायको आधारभूत सिद्धान्त सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणपत्र (UN Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power) ले पीडितलाई सहानुभूतिपूर्वक व्यवहार गरिनु पर्दछ र उनीहरूको आत्मसम्मानको रक्षा हुनुपर्दछ भन्ने व्यवस्था गरेको छ । यस घोषणपत्रले गरेको थप व्यवस्था बमोजिम न्यायिक र प्रशासनिक प्रक्रिया पीडितको आवश्यकतालाई सम्बोधन गर्ने हुनुपर्दछ । न्यायिक र प्रशासनिक व्यक्तिहरूले पीडितकालागि सहज वातावरण प्रदान गर्ने, उनीहरूको गोपनीयताको संरक्षण गर्ने र पीडितका परिवार र साक्षीहरू सहित उनीहरूलाई धम्की र प्रतिशोधबाट सुरक्षा प्रदान गर्ने उपायहरू अवलम्बन गर्नुपर्दछ ।

यु एन वुमन (UN Women) ले यौन तथा लैंगिक हिंसाका पीडितहरूको अधिकार प्रवर्द्धन गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई लामो समयदेखि सहायता प्रदान गरिरहेको छ । यु एन वुमनको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले सन् २०११ मा यौन तथा लैंगिक हिंसा पीडित, बालबालिका साथै एचआईभी सङ्क्रमित तथा प्रभावित व्यक्तिका गोपनीयताको हकको संरक्षणकालागि विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन को मसौदा तयार गऱ्यो । सन् २०१२ मा दिग्दर्शनलाई प्रकाशन गरी प्रहरी, सरकारी वकिल, कानुन व्यवसायी, न्यायाधीशका साथै महिला तथा बालबालिका विभागमा व्यापक रूपमा वितरण गरिएको थियो । यस पटक यु एन वुमन ले प्रतिष्ठानलाई स्थलगत अध्ययन र विभिन्न सरोकारवालाहरूसँगको परामर्शको क्रममा बन्द इजलास र गोपनियता कायम गर्ने सन्दर्भमा कार्यान्वयनमा देखिएका व्यावहारिक समस्या समाधान गर्न दिग्दर्शनको परिमार्जन गर्ने कार्यलाई पूर्ण रूपमा सहयोग गरेको छ ।

प्रस्तुत परिमार्जित "बन्द इजलास सन्चालन तथा विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा गोपनियता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१" ले अन्तर्राष्ट्रिय र घरेलु कानुनी व्यवस्थाहरू, निरन्तर सुनुवाइ र पीडितको गोपनीयता संरक्षणका लागि सञ्चार माध्यमको भूमिकाका साथै गोपनीयता कायम राख्ने कार्यविधिहरूको बृहत जानकारी समेटेको पाउँदा यु एन वुमन हर्सित भएको छ । यस दिग्दर्शनले पूर्वाधार एवं व्यवस्थापकीय चुनौतीका कारण विशेष प्रकृतिका मुद्दाहरूमा बन्द इजलासबाट सुनुवाई गर्ने कानुन कार्यान्वयनमा जटिलता रहेको पनि पहिचान गरेको छ ।

परिमार्जित बन्द इजलास सन्चालन तथा गोपनियता कायम गर्ने कार्यविधि दिग्दर्शनले नेपालमा बन्द इजलासबाट सुनुवाइ र पीडितको गोपनियता कायम गर्ने व्यवस्थाको सुदृढीकरण गर्न सहयोग गर्ने र भविष्यमा न्याय क्षेत्रका विभिन्न सरोकारवालाहरूका लागि तालिम सामग्रीका रूपमा प्रयोग गरिने कुरामा यु एन वुमन विश्वस्त छ । ठोस कार्यविधि कानूनको अभाव रहेको विद्यमान अवस्थालाई सम्बोधन गर्दै प्रस्तुत दिग्दर्शनलाई राष्ट्रिय निकायहरुबाट संस्थागत बनाई प्रयोगमा ल्याइने छ भन्ने आशा पनि यु एन वुमन गर्दछ ।

..........................

जियाद शेख
प्रतिनिधि
यु एन वुमन, नेपाल

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
*".....committed to Excellency of Nepalese Law and Justice Sector."*

# प्रकाशकीय

न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायी एवम् न्याय प्रशासनमा संलग्न जनशक्तिको कार्य क्षमता र व्यवसायिक दक्षतामा अभिवृद्धि गर्ने तथा कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले स्थापित यस प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै ती जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, प्रवचन, छलफल र अनुसन्धानमूलक अध्ययन समेत गर्दै आएको छ ।

स्वतन्त्रता, समानता र आत्मसम्मान सबै नागरिकको नैसर्गिक अधिकार हो । यस्ता किसिमका नैसर्गिक अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रसहितका अन्तर्राष्ट्रिय स्तरमा भएका विभिन्न मानवअधिकार सम्बन्धी सन्धि महासन्धिहरूले पनि प्रत्याभूत गरेका छन् । यी अधिकारलाई नागरिकको मौलिक अधिकारको रूपमा पनि मान्यता प्रदान गरी संरक्षण गरेको पाइन्छ । व्यक्तिको आत्मसम्मानको अधिकारलाई सुरक्षित गर्ने विभिन्न आधारहरूमध्ये गोपनीयताको अधिकार प्रमुख आधार हो । यसलाई मौलिक हकको रुपमा समेत संविधानमा प्रत्याभूत गरिएको छ ।

यसै सन्दर्भमा प्रतिष्ठानले बन्द इजलास सम्बन्धी अवधारणा र कार्यविधि र विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने विषयमा न्याय प्रशासनमा सम्बद्ध जनशक्तिहरुलाई अभिमुखीकरण गर्दै आइरहेको छ । साथै बाल न्याय सम्बन्धी प्रशिक्षण कार्यक्रममा समेत बन्द इजलास र गोपनीयताको अधिकार सम्बन्धी विषयगत सत्र समावेश गरी प्रशिक्षण दिँदै आइरहेको छ ।

प्रशिक्षणका लागि प्रतिष्ठानले बन्द इजलास सञ्चालन र विशेष प्रकृतिका मुद्दामा गोपनीयता कायम गर्ने कार्यविधिका लागि छुट्टाछुट्टै निर्देशिका तयार पारेको थियो । बन्द इजलास सम्बन्धी कार्यविधिको तयारीमा माननीय डा. श्री आनन्दमोहन भट्टराई, माननीय श्री किशोर सिलवाल र माननीय श्री राजेन्द्र खरेलले योगदान गर्नु भएको थियो । सो कार्यविधिलाई माननीय श्री तिलप्रसाद श्रेष्ठ, श्री नृपध्वज निरौलाले २०६६ मा पुनरावलोकन गर्नु भएको थियो । यसैगरी विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन तयारीमा माननीय श्री तिलप्रसाद श्रेष्ठ, श्री किरण पौडेल, श्री नृपध्वज निरौला, श्री लालबहादुर कुँवर र श्री किरण बज्राचार्यले योगदान गर्नु भएको थियो ।

उक्त दिग्दर्शनको प्रयोगको अवस्थाका सम्बन्धमा अनुसन्धानमूलक अध्ययन गरी प्राप्त भएका सुझाव र निष्कर्षका आधारमा दिग्दर्शन पुनरावलोकन गरी केही परिमार्जन सहित एकीकृत रुपमा **बन्द इजलास सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन** तयार गरिएको छ । यस दिग्दर्शनको उद्देश्य न्यायिक निकायमा कार्य गर्ने जनशक्तिलाई न्यायिक काम कारबाहीमा पक्षहरुको गोपनीयता कायम गर्ने कार्यलाई सहजीकरण गर्न सहयोग गर्नु

हरिहरभवन, ललितपुर, नेपाल
फोन नं.: ०१-५५४९०५७, ०१-५५४९०६७
फ्याक्स ०१-५५३०६६२
पोष्ट बक्स नं.: २४८६५
E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np
Hariharbhawan, Lalitpur, Nepal
Ph.: +01-5549057, +01-5549067
Fax: +01-5530662
Post Box No.: 24865

हो । पक्षको गोपनीयता कायम गर्ने विषयमा व्यवहारिक ज्ञान, सीप र दक्षता विकास गराउन सहयोग पुऱ्याउने उद्देश्यले यो दिग्दर्शन तयार गरिएको हो ।

प्रस्तुत दिग्दर्शन तयारीको क्रममा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नुहुने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठज्यू एवम् पुनरावलोकन तथा तयारी समूहका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यसैगरी मस्यौदा दिग्दर्शनलाई अन्तिम रुप दिनका लागि आयोजित परामर्श बैठकमा आफ्नो अमूल्य राय सुझाव दिनुहुने सम्पूर्ण सहभागीहरुलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत दिग्दर्शन तयार गर्ने क्रममा प्राविधिक तथा आर्थिक सहयोग गर्ने लैङ्गिक समानता र महिला सशक्तिकरणको लागि संयुक्त राष्ट्र संघको निकाय (United Nations Entity for Gender Equality and the Empowerment of Women - UN WOMEN) लाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०७१, कार्तिक

राघब लाल बैद्य
कार्यकारी निर्देशक

# विषय सूची

## परिच्छेद – एक
## परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | ३ |
| १.२ | दिग्दर्शनको महत्व | ४ |
| १.३ | दिग्दर्शनको निर्माण | ४ |
| १.४ | दिग्दर्शनको प्रयोग | ६ |
| १.५ | दिग्दर्शनको संरचना | ६ |
| १.६ | दिग्दर्शनको आधिकारिकता | ७ |


## परिच्छेद– दुई
## स्वच्छ सुनुवाइ, गोपनीयताको अधिकार र बन्द इजलास सम्बन्धी अवधारणा


**२.१ स्वच्छ सुनुवाइ** ११-२०

- २.१.१ स्वच्छ सुनुवाइको अवधारणा
- २.२.२ स्वच्छ सुनुवाइ सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था
- २.१.३ स्वच्छ सुनुवाइ सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आलेख, सन्धि, महासन्धि
- २.१.४ स्वच्छ सुनुवाइ सम्बन्धमा विभिन्न देशमा विद्यमान कानूनी संरचना तथा अभ्यास
- २.१.५ स्वच्छ सुनुवाइको प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोण

**२.२ गोपनीयताको अधिकार** २०-२३

- २.२.१ गोपनीयताको अधिकार सम्बन्धी अवधारणा
- २.२.२ गोपनीयताको अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था
- २.२.३ गोपनीयताको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आलेख, सन्धि, महासन्धि/मापदण्ड
- २.२.४ गोपनीयताको अधिकारसम्बन्धमा विभिन्न देशमा विद्यमान कानूनी संरचना तथा अभ्यास
- २.२.५ गोपनीयताको अधिकारको प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोण

२.३ बन्द इजलास २३-४२

२.३.१ बन्द इजलासको पृष्ठभूमि, अवधारणा र परिभाषा

२.३.२ बन्द इजलास सम्बन्धी कानूनी व्यवस्था

२.३.३ बन्द इजलास सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आलेख, सन्धि, महासन्धि/मापदण्ड

२.३.४ बन्द इजलास सम्बन्धमा विभिन्न देशमा विद्यमान कानूनी संरचना तथा अभ्यास

२.३.५ बन्द इजलासको प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोण

# परिच्छेद– तीन

## बन्द इजलास कायम गर्ने कार्यविधि

३.१ बन्द इजलासबाट सुनुवाइ हुनुपर्ने मुद्दाहरु ४५

३.२ बन्द इजलासको कारबाही सुरु हुने अवस्था ४५

३.३ बन्द इजलासका लागि अनुरोध गर्ने ४५

३.४ बन्द इजलासमा सुनुवाइका लागि अदालत स्वयम्को सक्रियता ४६

३.५ बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको सूचना सम्प्रेषण र पेशी सूची ४६

३.६ बन्द इजलासमा सुनुवाइ गर्दा उपस्थित हुन पाउने व्यक्तिहरू ४६

३.७ फैसलामा बन्द इजलासबाट सुनुवाइ भएको व्यहोरा उल्लेख गर्ने ४६

३.८ बन्द इजलास सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु ४७

३.९ निरन्तर सुनुवाइको पृष्ठभूमी, अवधारणा ४७

३.९.१. निरन्तर सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था

३.९.२. निरन्तर सुनुवाइ प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोण

# परिच्छेद– चार

## विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने कार्यविधि

४.१ मुद्दामा पक्षहरूको गोपनीयता कायम गर्नुपर्ने आवश्यकता ५३

४.२ व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाहरू ५५

४.३ गोपनीयता कायम राख्नुपर्ने विवरणहरू ५५

४.४ गोपनीयता कायम राख्ने मुद्दामा नक्कल दिने प्रक्रिया ५६

४.५ गोपनीयता कायम राख्ने मुद्दामा म्याद तामेली प्रक्रिया ५६

४.६ गोपनीयता कायम राख्ने मुद्दाको समाचार प्रकाशन ५६

# परिच्छेद– पाँच
## विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने दिग्दर्शन लागू हुने निकायहरू


५.१ अदालत तथा मुद्दा हेर्ने अन्य निकायहरू ५९
५.२ महान्यायाधिवक्ताको कार्यालय मातहतका सरकारी वकिलको कार्यालयहरु ६०
५.३ प्रहरी कार्यालय लगायत मुद्दाको अनुसन्धान गर्ने निकायहरू ६०
५.४ कानून व्यवसायी तथा अदालतका अन्य प्रयोगकर्ताहरु ६१
५.५ सञ्चार क्षेत्र ६१
५.६ परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा संलग्न हुने अस्पताल, प्रयोगशाला लगायतका अन्य निकायहरू ६१
५.७ परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा साक्षीका रूपमा उपस्थित हुने व्यक्तिहरू ६२


# परिच्छेद– छ
## परिचयात्मक विवरण गोप्य राख्ने निर्णय गर्दा विचार गर्नुपर्ने अवस्थाहरू


६.१ मुद्दाका पक्षको चरित्रमा दाग लाग्न सक्ने किसिमको अवस्था ६५
६.२ मुद्दाका पक्षको सहपाठी सहकर्मीहरूसँगको सम्बन्धमा प्रतिकूल असर पर्ने अवस्था ६५
६.३ पक्षको मनोभावनामा हीनताबोध सिर्जना हुने अवस्था ६६
६.४ पक्षको पारिवारिक सम्बन्धमा खलल पर्ने अवस्था ६६
६.५ पक्षलाई सामाजिक पूर्वाग्रह नकारात्मक धारणाबाट संरक्षण गर्नुपर्ने अवस्था ६६
६.६ पक्षहरूको सुरक्षामा खतरा उत्पन्न हुनसक्ने अवस्था ६७
६.७ पीडित र साक्षीको संरक्षण ६७


# परिच्छेद– सात
## परिचयात्मक विवरण गोप्य राख्नु नपर्ने अवस्था


७.१ खुला गर्न आवश्यक ठहराई सम्बन्धित अधिकारीले अनुमति दिएको अवस्था ७१
७.२ न्यायिक सुनुवाइमा स्वच्छताको संरक्षणका लागि आवश्यक देखिएको अवस्था ७१
७.३ गोप्य राख्न जरुरी नभएको भनी सम्बन्धित व्यक्तिले निवेदन दिएको अवस्था ७१

# परिच्छेद– आठ

## परिचयात्मक विवरण गोप्य राख्ने कार्यविधि


**८.१ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने मुद्दाको अनुसन्धान तहकिकातको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि** ७५-८३

- ८.१.१ जाहेरी दरखास्त दर्ता गर्दाको अवस्था
- ८.१.२ अनुसन्धान अधिकृत तोक्दाको अवस्था
- ८.१.३ पत्राचार वा सञ्चारको आदान प्रदान गर्दाको अवस्था
- ८.१.४ व्यक्ति पक्राउ गर्दाको अवस्था
- ८.१.५ स्वास्थ्य परीक्षण गर्न पठाउँदाको अवस्था
- ८.१.६ अभियुक्तलाई सार्वजनिक गर्दा वा समाचार सम्प्रेषण गर्दाको अवस्था
- ८.१.७ अभियुक्तलाई म्याद थप गर्न अदालत लैजाँदाको अवस्था
- ८.१.८ प्रारम्भिक प्रतिवेदन पठाउँदाको अवस्था
- ८.१.९ अभियुक्तको बयान गराउँदाको अवस्था
- ८.१.१० पीडित र बुझिएका मानिसको कागज गराउँदाको अवस्था
- ८.१.११ विभिन्न मुचुल्काहरू तयार गर्दाको अवस्था
- ८.१.१२ भौतिक सबुत प्रमाण परीक्षण गर्न पठाउँदाको अवस्था
- ८.१.१३ बालबालिकाको उमेर यकिन गर्न पत्र लेख्दाको अवस्था
- ८.१.१४ राय प्रतिवेदन पठाउँदाको अवस्था
- ८.१.१५ समाचार प्रकाशन प्रसारण गर्दाको अवस्था

**८.२ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने मुद्दाको अभियोजनको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि** ८३-८६

- ८.२.१ गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणको लगत किताब राख्ने
- ८.२.२ सामान्यतया अनुसन्धान तहकिकातको क्रममा दिएको संकेत नाम नै प्रयोग गर्ने
- ८.२.३ दायरी किताब, लगत किताब आदिमा संकेत नाम नै प्रयोग गर्ने
- ८.२.४ अनुसन्धान गर्ने निकायबाट प्रारम्भिक प्रतिवेदन दर्ता गर्दाको अवस्था
- ८.२.५ समाचार प्रकाशन, प्रसारण गर्दाको अवस्था
- ८.२.६ गोप्य राख्ने प्रक्रिया पूरा नगरी राय प्रतिवेदन प्राप्त भएको अवस्था
- ८.२.७ अनुसन्धानको क्रममा थप निर्देशन दिदाको अवस्था
- ८.२.८ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा र अभियोग पत्र तयार गर्दाको अवस्था
- ८.२.९ बहस नोट पेश गर्दाको अवस्था
- ८.२.१० अदालत, प्रहरी कार्यालय वा अन्य निकायसँग पत्राचार गर्दाको अवस्था
- ८.२.११ साक्षी उपस्थित गराउँदाको अवस्था

८.२.१२ सरकारी वकिलले साक्षीलाई परीक्षण गर्दाको अवस्था
८.२.१३ दावी, प्रतिवादी, प्रतिरक्षा र लिखित जवाफ प्रस्ततु गर्दाको अवस्था
८.२.१४ सरकारी वकिलले निवेदन वा पुनरावेदन वा दोऱ्याउने निवेदन गर्दाको अवस्था

**८.३ अदालतमा मुद्दाको कारबाही चल्दाको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि** ८६

**८.३.१ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने सरकारवादी फौजदारी मुद्दाको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि** ८६-९०

१. गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणको अभिलेख दर्ता किताब राख्ने
२. सामान्यतया अनुसन्धान तहकिकातको क्रममा दिएको संकेत नाम नै प्रयोग गर्ने
३. दायरी किताब, लगत किताव आदिमा संकेत नाम नै उल्लेख गर्ने
४. अनुसन्धान तहकिकातको क्रममा बयान प्रमाणित गर्दाको अवस्था
५. अनुसन्धानको क्रममा अभियुक्तलाई थुनामा राख्न अनुमति दिँदा (म्याद थप गर्दा) को अवस्था
६. कुनै कागज गराउँदाको अवस्थामा मात्र विवरण गोप्य राख्नुपर्ने जानकारी हुन आएको अवस्था
७. मुद्दा दर्ता गर्दाको अवस्था
८. अदालतमा प्रतिवादीको बयान गराउँदाको अवस्था
९. थुनछेक आदेश गर्दाको अवस्था
१०. साक्षी परीक्षण गर्दाको अवस्था
११. थुनछेकको आदेशानुसार प्रतिवादीलाई थुनामा राख्न पठाउने पत्र लेख्दाको अवस्था
१२. पेशीको सूचना तथा सूची प्रकाशन गर्दाको अवस्था
१३. अ.वं. १७ नं. को निवेदन एवम् पुनरावेदन र दोऱ्याउने पाउँको निवेदन वा कैफियत प्रतिवेदन प्रस्तुत गर्दाको अवस्था
१४. सुधारगृहमा पठाउने वा संरक्षकको जिम्मामा दिने पत्र वा कागज तयार गर्दाको अवस्था

**८.३.२ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने दुनियावादी फौजदारी तथा देवानी मुद्दाको कारवाहीमा गोपनीयता कायमगर्ने कार्यविधि** ९०-९३

१. फिरादपत्र दर्ता गर्दाको अवस्था
२. फिरादपत्रसाथ प्रस्तुत प्रमाण कागजातमा उल्लिखित विवरण गोप्य राख्नुपर्दाको अवस्था
३. विशेषज्ञ समक्ष परीक्षणका लागि पत्र लेख्नु पर्दाको अवस्था
४. नक्सा वा अन्य मुचुल्का गर्नुपर्दाको अवस्था
५. विशेषज्ञ साक्षी झिकाउनु पर्दाको अवस्था
६. वारेसनामा दिँदा लिँदाको अवस्था
७. गुज्रेको म्याद थमाई पाउन वा अन्य निवेदन दिँदाको अवस्था

८.३.३ अन्य कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि ९३-९६
१. नगद धरौटी राख्ने रसिद दिंदाको अवस्था
२. तारेख भर्पाइ र पर्चा दिंदाको अवस्था
३. म्याद तामेल गर्न पठाउँदा र तामेल गर्दाको अवस्था
४. कैफियत प्रतिवेदन लेख्दाको अवस्था
५. अदालती कारबाहीको सिलसिलामा पत्राचार गर्दाको अवस्था
६. साक्षीको बकपत्र गराउँदाको अवस्था
७. इजलासमा मुद्दा सुनुवाइ गर्दाको अवस्था
८. बन्दसवालबाट साक्षी बुझ्नु पर्दाको अवस्था
९. कारबाहीको सिलसिलामा आदेश गर्दाको अवस्था
१०. फैसला लेख्दाको अवस्था
११. फैसला जनाउ दिंदाको अवस्था
१२. विचाराधीन वा अन्य कुनै मुद्दाको विषयमा समाचार दिंदाको अवस्था

८.३.४ फैसला कार्यान्वयनको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि ९६-९८
१. लगत किताबमा जनाउँदाको अवस्था
२. अन्य अदालतमा लगत कस्न पठाउँदाको अवस्था
३. असुल तहसिलको लागि डोर खटाउँदाको अवस्था
४. भरिभराउको लागि दरखास्त लिँदाको अवस्था
५. फैसला बमोजिम भराउनु पर्ने रकम दाखिला गर्न ल्याउनु भन्ने सूचना जारी गर्दाको अवस्था
६. सम्पत्ति रोक्का, जायजात, तायदात, जेथा मूल्याङ्कन, सम्पत्ति लिलाम गर्दाको अवस्था
७. सजाय असुल गर्न प्रहरी कार्यालयमा पत्र लेख्दाको अवस्था
८. कारबाहीको सिलसिलामा आदेश गर्दाको अवस्था
९. आदेश उपर परेका निवेदनमा किनारा गर्दाको अवस्था
१०. प्रतिवेदन, लिखित जवाफ प्रस्तुति गर्दाको अवस्था
११. क्षतिपूर्ति भराउँदाको अवस्था
१२. पूर्जी जारी गर्दाको अवस्था

८.३.५ कानून व्यवसायीले पक्षको गोपनीयता कायम गर्ने विधि ९८-१००
१. फिराद, प्रतिउत्तर, निवेदन, पुनरावेदन, लिखित जवाफ आदि लिखतहरूको मस्यौदा गर्दा
२. अदालतमा पक्षका साक्षीहरूको बकपत्र गराउँदा तथा विपक्षीका साक्षीहरूको जिरह गर्दा
३. अदालतसमक्ष उपस्थित भई बहस पैरवी गर्दा
४. व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अन्य अवस्था
क. प्रतिनिधित्व गर्दाको अवस्था

ख. प्रतिरक्षा गर्दाको अवस्था
ग. बहस पैरवी गर्दाको अवस्था
घ. अ. बं. १७ नं.को निवेदन दिँदाको अवस्था
ङ सम्बन्धित विषयमा परेका अन्य मुद्दामा प्रतिनिधित्व र प्रतिरक्षा गर्दाको अवस्था
च. इजलास बाहिर छलफल गर्दाको अवस्था

**८.३.६ सञ्चार क्षेत्रले अदालतमा विचाराधीन मुद्दासँग सम्बन्धित समाचार, सूचना सम्प्रेषण गर्दाको अवस्था** १००-१०२

१. पक्षको पहिचानको प्रकाशन
२. प्रतिवादीको नाम र ठेगाना
३. घटना विवरणको प्रकाशन
४. पीडित र अभिभावकको नाम र ठेगाना
५. पत्रिकामा सूचना वा समाचार प्रकाशन गर्दाको अवस्था
६. रेडियोबाट सूचना वा समाचार प्रसारण गर्दाको अवस्था
७. टेलिभिजनबाट सूचना वा समाचार प्रसारण तथा सम्प्रेषण गर्दाको अवस्था
८. इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवम् समाचारमूलक कार्यक्रम उत्पादन–वितरण गर्ने संस्थाहरूले सूचना वा समाचार प्रसारण तथा सम्प्रेषण गर्दाको अवस्था

**८.३.७ दिग्दर्शनको विभिन्न खण्ड वा विषयमा सञ्चार माध्यमको सन्दर्भमा उल्लेख भएका व्यवस्थाहरू** १०२

# परिच्छेद– नौं

## विविध

९.१ गोपनीयता कायम गरिएको व्यक्तिलाई परिचयपत्र दिने १०७
९.२ प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन १०७
९.३ गोप्य राखिएका विवरणहरू गोप्य राख्न नपर्ने अवस्था सिर्जना भएमा १०८
९.४ परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिको दस्तखत १०८
९.५ परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिलाई बोलाउने तरिका १०८
९.६ परिचयात्मक विवरणलाई संकेत नाम दिने तरिका १०८
९.६.१ जिल्लाको लागि दिइने संकेतको विवरण
९.६.२ परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिलाई संकेत नाम दिने तरिका

९.६.३ परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको बाबुआमा वा अन्य नातेदारलाई संकेत नाम दिने तरिका
९.७ मुद्दाको सूचना प्रकाशन गर्नमा बन्देज १०९
९.८ गोपनीयता भङ्ग गरेमा हुने कारवाही १०९
९.९ गोपनीयता भङ्ग गरे उपरको उजुरी ११०
९.१० निर्देशिकामा उल्लेखित विषयहरुमा प्रचलित कानूनसँग बाझिएको अवस्थामा गर्नुपर्ने कुरा ११०

# अनुसूचीहरु

**अनुसूची –१** संकेत नाम तय गरिएको विवरण ११३

**अनुसूची –२** जाहेरवाला लगायत सम्बन्धित व्यक्तिलाई निजको आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी सोको सट्टा संकेत नाम दिइएकोमा नामको जानकारी गराई सुनाइएको कागजको नमूना ११४

**अनुसूची –३** व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको सम्बन्धित व्यक्तिबाहेक अन्य सरोकारवालालाई (मुचुल्का गराउँदा, कागज वा बकपत्र गराउँदा) वास्तविक परिचयात्मक विवरणको सट्टामा संकेत नाम दिइएको र सोही संकेत नामबाट लिखत तयार गरिने व्यहोरा सुनाई गराइने कागजको नमूना ११५

**अनुसूची –४** व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्दा खडा गरिने अभिलेख पुस्तिका ११६

**अनुसूची –५** विभिन्न जिल्लाहरूका लागि दिइने संकेतको विवरण ११७

**अनुसूची –६** परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई दिने परिचय पत्रको नमूना ११८

# परिशिष्टहरु

**परिशिष्ट–१** गोपनीयता सम्बन्धी संवैधानिक तथा राष्ट्रिय कानूनी व्यवस्थाहरू १२१

**परिशिष्ट–२** विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ १२५

**परिशिष्ट–३** गोपनीयता कायम राख्ने सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थाहरू १३०

# परिच्छेद – एक

## परिचय

# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

स्वतन्त्रता, समानता र आत्मसम्मान मानव मात्रको नैसर्गिक अधिकार हो । यस्ता किसिमका मानवका नैसर्गिक अधिकारलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्र सहितका अन्तर्राष्ट्रिय स्तरमा भएका विभिन्न मानवअधिकार सम्बन्धी सन्धि महासन्धिहरूले समेत प्रत्याभूत गरेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले पनि यी अधिकारलाई नागरिकको मौलिक अधिकारको रूपमा मान्यता प्रदान गरी संरक्षण गरेको पाइन्छ । व्यक्तिको आत्मसम्मानको अधिकारलाई सुरक्षित गर्ने विभिन्न आधारहरूमध्ये गोपनीयताको अधिकारलाई प्रमुख आधार मानिन्छ । व्यक्तिगत जीवनका कतिपय विषयहरू सार्वजनिक जानकारीका विषयवस्तु नबनून् भन्ने चाहना सबैको हुन्छ । विशेषगरी अपराधबाट पीडित भएका महिला तथा बालबालिकाका हकमा उनीहरू त्यस किसिमका आपराधिक घटनाबाट शारीरिक रूपमा पीडित हुनुपर्ने एकातर्फ छँदैछ, साथसाथै पीडित भएको विषय प्रकाशमा आउँदा समाजमा लाञ्छित हुनुपर्ने, बहिष्कृत हुनुपर्ने, चरित्रमा दाग लाग्ने अवस्था झनै संवेदनशील हुन्छ । यस्ता किसिमका व्यक्तिहरूका सम्बन्धमा तिनीहरूको स्थिति सार्वजनिक हुँदा त्यसबाट पर्ने नकारात्मक प्रभावबाट बचाउन बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेद आदि मुद्दाको कारबाही चल्दा बन्द इजलासबाट गर्नुपर्ने, सुनुवाइको अवस्थामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने कानूनी व्यवस्था रहेको पाइन्छ । यसैगरी बालबालिका सम्बन्धी मुद्दाको घटनाको विवरण प्रकाशन गर्न नपाइने, यस सम्बन्धी तथ्याङ्क गोप्य रूपमा राख्नुपर्ने जस्ता व्यवस्थाहरू बालबालिका सम्बन्धी ऐन, २०४८ मा रहेका छन् भने मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा मुद्दाका पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल दाग लाग्ने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचारप्रसार गर्न नपाइने व्यवस्था मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले गरेको छ । **निवेदिका सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको संवत् २०६३ सालको रिट नं. ३५६१ मा सर्वोच्च अदालतबाट मिति २०६४।९।१० मा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका** जारी भएको स्थिति पनि छ । विशेष प्रकृतिका मुद्दाहरूमा मुद्दाका पक्षहरूको व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने सम्बन्धमा भएका विभिन्न कानूनी व्यवस्थाका साथसाथै सर्वोच्च अदालतबाट जारी भएका उल्लेखीत आदेशका बाबजुद मुद्दाको कारबाहीको सिलसिलामा यसलाई व्यवहारमा उतार्न भने विभिन्न कठिनाइ देखा परेका छन् । यसै पृष्ठभूमिलाई ध्यानमा राखेर सर्वोच्च अदालतबाट जारी भएको आदेश र निर्देशिकाबमोजिम पक्षहरूको वैयक्तिक विवरण गोप्य राख्ने कार्यमा कार्यविधिगत सहजता ल्याउने उद्देश्यले प्रस्तुत परिमार्जित दिग्दर्शन तयार गरिएको छ । यस पछि विशेष

प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ लाई **"कार्यविधि निर्देशिका, २०६४"** भनी उल्लेख गरिएको छ ।

## १.२ दिग्दर्शनको महत्व

बालबालिका सम्बन्धी ऐन, २०४८ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसूर सजाय) ऐन, २०६६ समेतका ऐनहरूमा मुद्दामा गोपनीयता कायम गर्न केही व्यवस्थाहरू गरिएको छ । अदालत सम्बन्धी नियमावलीहरूमा समेत बन्द इजलासको व्यवस्थापनका लागि मार्गदर्शन गरिएको छ । यस्ता किसिमका कानूनी व्यवस्थाहरू भइरहेको सन्दर्भमा प्रस्तुत दिग्दर्शनमा मुद्दाको कारबाहीका सिलसिलामा आइपर्ने विभिन्न चरणमा गोपनीयता कायम गर्दा अपनाउनुपर्ने प्रक्रियाका बारे व्यवहारिक विषयहरू उल्लेख गरिएको छ । साथै गोपनीयता कायम गर्न हाल भइरहेका फुटकर प्रयासहरू स्थानगत र निकायगत हिसाबले फरकफरक भई प्रक्रियामा विविधता देखिएको सन्दर्भमा यो दिग्दर्शनको तयारीबाट प्रक्रियामा एकरूपता आउने पनि अपेक्षा गरिएको छ । ऐन नियममा रहेका विद्यमान कानूनी व्यवस्था तथा गोपनीयता कायम गर्ने सम्बन्धमा सर्वोच्च अदालतको आदेश तथा निर्देशिकाको अधीनमा रहेर प्रस्तुत दिग्दर्शन तयार गरिएको र यो दिग्दर्शनको प्रयोगबाट मुद्दाको काम कारबाहीमा संलग्न रहने निकायका जनशक्तिलाई गोपनीयता कायम गर्ने कार्यमा अझ सहजता हुनेछ ।

## १.३ दिग्दर्शनको निर्माण

प्रतिष्ठानबाट तयार भएका बन्द इजलास सम्बन्धी अवधारणा र विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शनको सम्बन्धमा विभिन्न ११ जिल्लामा अनुशिक्षण कार्यक्रम आयोजना गर्नुको साथै "बालबालिकाका लागि न्याय" सम्बन्धी प्रशिक्षणमा समेत उपरोक्त विषयमा प्रशिक्षण दिँदै आएको छ । यद्यपि यसको प्रयोगमा एक रुपता नभई प्रयोगमा समेत द्विविधा र विविधता रहेको देखिएकोले दिग्दर्शनको वर्तमान कार्यान्वयन स्थितिको अनुसन्धान अध्ययनको निष्कर्ष र सुझावको आधारमा प्रस्तुत दिग्दर्शन निर्माण गरिएको छ । अनुसन्धान अध्ययनका सुझाव र निष्कर्षहरु यस प्रकार थिए ।

- परिचयात्मक विवरणको संकेत नाम दिँदा दिग्दर्शनले तोकेको जिल्लाको कोड नम्बर राख्नुपर्ने विषयमा एकरुपता देखिएन । कतै जिल्लाको कोड राखेको देखियो भने कतै जिल्लाकै नाम उल्लेख गरेको पाइयो ।
- मुद्दामा पीडित वा प्रतिवादी बालबालिका बाबुको नाम केही परिवर्तन गरेको देखियो भने कहि बाबु आमा जाहेरवालाको बाबु आमाको नाम वास्तविक नै उल्लेख गरेको देखियो ।
- वास्तविक परिचयात्मक विवरण उल्लेख भएको जाहेरी दरखास्तको फोटोकपी गरी उक्त फोटोकपिमा टिपेक्स लागाई संकेत नाम दिने गरेको देखियो । त्यसरी फोटोकपी गरिएको जाहेरी दरखास्तमा प्रतिलिपि प्रमाणित भनी सहिछाप नगरिएको पाइयो ।

- बालबालिका पीडित भएको मुद्दामा उमेर खुलेको कागजात प्राप्त भएपछि सो प्रमाणको फोटोकपी गरी वास्तविक नामामा टिपेक्स लगाई संकेत नाम उल्लेख गरेको देखियो । पीडितको बाबु आमाबाट पेश भएको उमेर खुलेको कागज भने त्यतिकै मिसिल सामेल रहेको पनि देखियो ।
- कार्यविधि निर्देशिका अनुसार सम्बन्धविच्छेद, नाता कायम र घरेलु हिंसा सम्बन्धी मुद्दामा गोपनीयता कायम राखिएको पाइएन । कानून व्यवसायीहरुबाट बन्द इजलासबाट सुनुवाइ गर्नुपर्दछ भनी सम्बन्धविच्छेद, घरेलु हिंसा लगायतका मुद्दाहरुमा कानून व्यवसायीहरुबाट पक्ष वा पीडितको नाम संकेत नं. दिएर मुद्दा दर्ता गरिएको पनि पाइएन । सरकारवादी फौजदारी मुद्दामा मात्र निर्देशिकाको प्रयोग गरिएको पाइयो ।
- अभियोगको चरणमा अनुसन्धानको क्रममा दिइएको संकेत नामबाटै अभियोग दायर भएको देखिए पनि जाहेरी दरखास्तमा बाबुको वास्तविक नाम र ठेगाना उल्लेख भई अभियोग पत्र दायर भएको पाइयो ।
- अदालतमा मुद्दा तयार भएपछि नाबालक प्रतिवादी अदालतमा उपस्थित भई बयान गर्दा बयान कार्य सम्पन्न भई थुनछेक आदेश गर्दा अभिभावकको जिम्मा लगाउने गरी आदेश भए पनि नाबालक प्रतिवादीको परिचयात्मक विवरण भने गोप्य राखिएको देखिएन ।
- कुनै जिल्लामा जाहेरवाला बाबु आमाको नाम पनि संकेतबाट राखिएको देखियो। जसले गर्दा संरक्षकको नाम समेत गोप्य राख्नु पर्ने विषयमा पनि एकरुपता देखिएन ।
- जबरजस्ती करणी मुद्दामा पीडित नाबालिका भई प्रतिवादी पनि नाबालिग नै भएको अवस्थामा पीडितको परिचयात्मक विवरण गोप्य राखिए पनि प्रतिवादी नाबालकको परिचयात्मक विवरण गोप्य राखिएको देखिएन ।
- वास्तविक परिचयात्मक विवरण खुलेका कागजात खामबन्दी गरी खाममा उक्त कुरा उल्लेख गरेको भएपनि सो बन्दी खाममा कार्यालय प्रमुखबाट प्रमाणित गराइएको देखिएन । तर उक्त बन्दी खाममा अड्डाको छापसम्म लगाएको देखियो । साथै अ.वं. ११५ नं. बमोजिम पीडितलाई अदालतमा उपस्थित गराउन पीडितको वास्तविक नामबाट खुलाए पछि पुनः गोपनीयता कायम गर्ने प्रयास गरिएको देखियो र पुनः सो व्यहोरा खोली खामबन्दी गर्ने प्रक्रिया बमोजिम प्रमाणित गरिएको देखिएन ।
- अनुसन्धानको क्रममा खामबन्दी गरिएको सक्कल कागजात अधिकार प्राप्त अधिकारीले खोली हेरे पछि सोही खाममा राखी स्टीच गरेको देखियो । तर उक्त बन्दी खाम खोलिएको कारण उल्लेख गरी कुन चरणमा हेरेको हो सो उल्लेख गरी पुनः खामबन्दी गरी प्रमाणित गरिएको देखिएन ।
- जाहेरवाली वा पीडितको वास्तविक परिचयात्मक विवरण गोप्य राख्न संकेत नाम दिएको जानकारी पत्र दिने विषयमा एकरुपता देखिएन ।

- नाम परिवर्तन गरी संकेत नाम दिँदा कुनै जिल्लाले परिवर्तित नाम भनी नाम, थर उल्लेख गरेको देखियो जस्तै पुजा थापा (परिवर्तित नाम) भने कुनै जिल्लामा K–१२, ७१ D, १०४, १०५, फौजीवाद–ए भनी संकेत नाम दिइएको देखियो ।
- वास्तविक परिचयात्मक विवरण गोप्य राखी संकेत नाम दिई नाम परिवर्तन गरिएको मुचुल्का खडा गर्ने विषयमा समेत एकरुपता देखिएन । कहि यस्तो मुचुल्का लेखी मिसिल सामेल राखिएको देखियो ।
- कुनै पनि जिल्लामा कार्यविधि दिग्दर्शनले तोकेको ढाँचामा गोपनीयता कायम गर्दा अभिलेख तयार भएको पाइएन ।
- गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शनको प्रयोग झंझटिलो रहेको महसुस सरोकारवाला निकायका पदाधिकारीहरुले गरेको अध्ययनको क्रममा पाइयो ।
- गोपनीयता कार्यविधि दिग्दर्शनमा उल्लेख भएका केही मुद्दाहरुमा उल्लेख नगरिएको अन्य कुनै पनि मुद्दाहरु न्यायको रोहमा आवश्यक देखिएको भनि गोपनीयता कायम गरिएको वा बन्द इजलासबाट सुनुवाइ गरिएको भन्ने पाइएन ।
- माथि उल्लेखित यी निष्कर्ष र सुझावलाई ध्यानमा राखी पक्षको परिचयात्मक विवरणको गोपनीयता कायम गर्न र कार्यविधि निर्देशिका, २०६४ को कार्यान्वयनमा सहजीकरणका लागि यो दिग्दर्शन तयार गरिएको हो ।

### १.४ दिग्दर्शनको प्रयोग

यो दिग्दर्शनको प्रयोग सामान्यतया विशेष प्रकृतिका मुद्दाहरूमा संलग्न विशेष अवस्थाका व्यक्तिहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रक्रियाका सम्बन्धमा गर्न सकिन्छ ।यो दिग्दर्शन प्रचलित कानून र सर्वोच्च अदालतबाट जारी भएको आदेशहरूको कार्यान्वयनलाई सहजीकृत गर्ने उद्देश्यले तयार भएको हुँदा सन्दर्भको रुपमा अवधारणागत पक्ष, विभिन्न देशका अभ्यास एवम् अन्तर्राष्ट्रिय दस्तावेजको व्यवस्था समेत उल्लेख गरिएको छ । बन्द इजलास र गोपनीयताको अधिकारसँग सम्बन्धित कानूनहरु समेत उल्लेख गरी दिग्दर्शनलाई अझ आधिकारिक बनाउन प्रयास गरिएको छ । कुनै विषयमा दिग्दर्शन मौन रहेको वा अस्पष्ट रहेको पाइएमा प्रचलित कानून र सर्वोच्च अदालतको आदेश विपरीत नहुने गरी सम्बन्धित अधिकारीले मनासिब प्रक्रिया अपनाउन सक्नेछ ।न्याय सम्पादनमा संलग्न रहने न्यायाधीश, अदालतका कर्मचारी, अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकिल, पक्षको प्रतिरक्षा गर्ने कानून व्यवसायी एवम् मुद्दाको पक्षहरूलाई यो दिग्दर्शनले सहयोग पुऱ्याउन सक्नेछ । आवश्यकता अनुसार अर्द्धन्यायिक निकायहरूको न्यायिक कार्य सम्पादनमा समेत यो दिग्दर्शन सहयोगी हुन सक्दछ ।

### १.५ दिग्दर्शनको संरचना

प्रस्तुत दिग्दर्शनको संरचनालाई नौं परिच्छेदमा विभाजन गरिएको छ । जसमा परिच्छेद– एकमा परिचय परिच्छेद– दुईमा स्वच्छ सुनुवाइ, गोपनीयताको अधिकार र बन्द इजलास सम्बन्धी

अवधारणा परिच्छेद– तीनमा बन्द इजलास कायम गर्ने कार्यविधि परिच्छेद– चारमा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने कार्यविधि परिच्छेद– पाँचमा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने दिग्दर्शन लागू हुने निकायहरू परिच्छेद– छमा परिचयात्मक विवरण गोप्य राख्ने निर्णय गर्दा विचार गर्नुपर्ने अवस्थाहरू परिच्छेद– सातमा परिचयात्मक विवरण गोप्य राख्नु नपर्ने अवस्था परिच्छेद– आठमा परिचयात्मक विवरण राख्ने कार्यविधि परिच्छेद– नौं मा विविध र अन्त्यमा अनुसूचीहरू र परिशिष्टहरू समावेश गरिएको छ ।

### १.६ दिग्दर्शनको आधिकारिकता

प्रस्तुत दिग्दर्शन अर्को कुनै ऐन, नियम कानून नबनेसम्मका लागि प्रयोग हुनेछ ।

# परिच्छेद – दुई

## स्वच्छ सुनुवाइ, गोपनीयताको अधिकार र बन्द इजलास सम्बन्धी अवधारणा

# परिच्छेद - दुई
# स्वच्छ सुनुवाइ,गोपनीयताको अधिकार र बन्द इजलास सम्बन्धी अवधारणा

## २.१ स्वच्छ सुनुवाइ

### २.१.१ स्वच्छ सुनुवाइको अवधारणाः

न्याय सम्पादन प्रक्रियालाई निष्पक्ष एवम् पूर्वाग्रहरहित रुपमा सम्पादन गर्न आवश्यक पूर्वशर्तको रुपमा स्वच्छ सुनुवाइको अधिकारलाई लिने गरिन्छ । वैयक्तिक स्वतन्त्रताको संरक्षण एवम् व्यक्तिको आधारभूत अधिकारको संरक्षणका लागि स्वच्छ सुनुवाइ सम्बन्धी अवधारणा विकास भएको हो ।

जहाँ प्रजातन्त्र हुन्छ त्यहाँ कानूनको शासन हुन्छ । जहाँ कानूनको शासन हुन्छ त्यहाँ व्यक्तिका आधारभूत अधिकारहरू संरक्षण गरिएका हुन्छन् । जहाँ व्यक्तिका अधिकारहरू संरक्षण गरिएका हुन्छन् त्यहाँ शासकीय अधिकारको प्रयोगमा सीमा लगाइएको हुन्छ । न्याय सम्पादन प्रक्रियामा संलग्न रहने सार्वजनिक अधिकारीहरूलाई सीमा लगाई वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने कडीको रुपमा स्वच्छ सुनुवाइको सिद्धान्तलाई लिने गरिन्छ । आफ्नो मुद्दामा आफै न्यायाधीश हुनु हुदैन, अर्थात न्याय सम्पादनमा पूर्वाग्रह देखिनु हुदैन, अर्को पक्षलाई जानकारी नदिई उसका विरुद्ध निर्णय गर्नु हुदैन, अर्थात सुनुवाइको मौका नदिई कसैका विरुद्ध निर्णय गर्नु हुदैन र निर्णयमा आधार र कारण खुलेको हुनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तले स्वच्छ सुनुवाइको मान्यतालाई अंगिकार गरिएको छ ।

एमनेष्टी इन्टरनेशनलको एउटा प्रतिवेदनमा भनिएको छः The right to a fair trial is a fundamental safeguard to assure that individuals are not unjustly punished. (Fair Trial Mannual) सबै खालका विवादको निरोपणका क्रममा स्वच्छ सुनुवाइको अवधारणा आकर्षित हुने भनिए पनि मुख्यतः यो फौजदारी कसूरको कारवाही र किनारामा बढी आर्कर्षित हुने गर्दछ । यसलाई प्राकृतिक न्यायको सिद्धान्तको अभिन्न विषयको रुपमा पनि लिने गरिन्छ ।

### २.१.२ स्वच्छ सुनुवाइ सम्बन्धी संवैधानिक तथा राष्ट्रिय कानूनी व्यवस्थाः

**नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२: स्वतन्त्रताको हक धारा २४: न्याय सम्बन्धी हक**

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।

(२) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफुले रोजेको कानून व्यवसायीसंग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह

गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पूर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

**स्पष्टीकरणः** यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद वाहेक चौवीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।

तर उपधारा (२) र (३) मा लेखिएका कुराहरू निवारक नजरवन्द र शत्रु राज्यको नागरिकको हकमा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लगाईएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) कुनैपनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हक हुनेछ ।

**धारा २५: निवारक नजरबन्द विरुद्धको हक**

(११) नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निबारक नजरबन्दमा राखिने छैन ।

(१२) निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा वदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानूनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउने छ ।

**धारा २६: यातना विरुद्धको हक**

(१३) अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने

वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(१४) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

**धारा ३२: संवैधानिक उपचारको हक**

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १०७ मा लेखिएको तरिका अनुसार कारवाई चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

**नागरिक अधिकार ऐन, २०१२ को दफा १२: वैयक्तिक स्वतन्त्रता**

प्रचलित नेपाल कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरिने छैन ।

**दफा १५: गिरफ्तारीका सम्बन्धमा बचाउ**

(१) प्रचलित नेपाल कानूनले अन्यथा हुनेमा बाहेक गिरफतार भएको व्यक्तिलाई –

(क) गिरफ्तारीका कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन ।

(ख) आफूले रोजेको कानून व्यवसायी वा कानून बमोजिमको बारेससँग सल्लाह लिने र निजद्वारा पूर्पक्ष गर्ने अधिकारबाट बञ्चित गरिने छैन ।

(२) प्रचलित नेपाल कानूनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्दछ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्न हुँदैन ।

**सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९**

**दफा १५:** तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्य प्रणाली

(१) यो दफा बमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुदैन ।

**स्पष्टीकरण:** थुनामा परेको व्यक्तिलाई उपदफा (२) बमोजिम अदालतमा उपस्थित गराउन प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई यो दफाको प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन ।

(२) **अनुसूची–१** मा उल्लिखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई

अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको ब्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराईएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

**दफा २१ः हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छाड्न सक्नेः** यस ऐन बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिएबमोजिम सरकारी वकिलको सहमति लिई वा अवस्थानुसार नलिई मनासिव कारण सहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ ।

**प्रहरी ऐन, २०१२ को दफा १५ः प्रहरी कर्मचारीको कर्तव्य**

(१) प्रत्येक प्रहरी कर्मचारीको देहाय बमोजिम कर्तव्य हुनेछ ।

क) कानूनबमोजिम पक्रन पर्ने व्यक्तिहरूलाई र पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिलाई पक्रनु ।

**दफा १७ः प्रहरी कर्मचारीले विना वारेण्ट गिरफ्तार गर्न पाउने अधिकार**

(२) प्रहरी कर्मचारीले विना वारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफतार गर्न हुन्छः

क) कानूनले ३ बर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

ख) फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,

(३) माथि उपदफा (१) मा लेखिए बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटाको मनासिब माफिकको म्यादबाहेक चौबीस घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नुपर्छ ।

**प्रमाण ऐन, २०३१ को दफा ९**

(४) फौजदारी मुद्दामा कुनै अभियुक्तले निज उपर लगाईएको अभियोगको सन्दर्भमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायको अवस्थामा मात्र प्रमाणमा लिन हुन्छ :

क) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो भन्ने पुष्टी भएमा,

ख) निजलाई बाध्य गरी वा निज वा अरु कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो ईच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होईन भन्ने पुष्टी भएमा,

ग) निज उपर लागेको अभियोगको सम्बन्धमा कारवाही गर्ने अधिकारीले त्यस्तो कुनै धम्की वा आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा अन्यथा व्यक्त गर्ने सम्भावना थियो भन्ने पुष्टि भएमा ।

थुनछेकको क्रममा थुनामा रहेको व्यक्तिलाई सो कसूरमा हुन सक्ने भन्दा बढी अवधि थुनामा नराखिने व्यवस्था गरेको छ ।

**मुलुकी ऐन, २०२० को अदालती बन्दोवस्तको महलको ११९ नं.**

मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यो नम्बर दफा अनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिईने व्यक्तिलाई कारण खोली पूर्जी नदिई थुनामा राख्न हुँदैन । सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैर कानूनी वा बेरीत हो वा होईन भनी जाँचबुझ गर्न र गैर कानूनी वा बेरीत देखिएमा कानून बमोजिम उपयुक्त आदेश दिन सक्नेछ ।

**मुलुकी ऐन, २०२० को १२१ नं.**

त्यसैगरी अदालतसम्वन्धी नियमावलीहरूमा मुद्दाको सुनुवाइको क्रममा अदालतले स्वच्छ सुनुवाइको मान्यता अनुसार खुला इजलासमा सुनुवाइ गर्ने, असहाय पक्षलाई वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिने, थुनामा रहेको व्यक्तिको मुद्दालाई प्राथमिकतापूर्वक सुनुवाइ गर्ने, साक्षी परीक्षणमा सम्बन्धित पक्षलाई संलग्न गराउने, गैर कानूनी थुना विरुद्ध बन्दीप्रत्यक्षीकरणको निवेदन दिन सक्ने समेतका विभिन्न व्यवस्था भएको पाइन्छ ।

- हिरासतमा रहेको व्यक्तिलाई यातना दिन नहुने र यातना दिइएको अवस्थामा क्षतिपूर्तिको व्यवस्था गर्ने समेतका विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ ।

**यातना तथा क्षतिपूर्ति ऐन, २०५३**

### २.१.३ स्वच्छ सुनुवाइ सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आलेख, सन्धि, महासन्धिः

सन् २०१५ मा जारी गरिएको **म्याग्नाकार्टा** मा भनिएको थियो हामी अधिकार र न्याय कसैलाई बेच्ने छैनौ, कसैलाई ढिला गर्ने छैनौ र कसैलाई इन्कार गर्ने छैनौ । यो अवधारणालाई स्वच्छ सुनुवाइको आधार मान्ने गरिन्छ ।

"Everyone is entitled in full equality to a fair and public hearning"

**मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १०**

**नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (१)**

कुनै पनि फौजदारी कसूरको आरोप निर्धारण गर्दा स्वच्छ सुनुवाइको अवधारणालाई अपनाउनु पर्ने अनिवार्य व्यवस्था गरेको छ । उक्त धारामा भनिएको छ - "In the determination of any criminal charge against him, or of his rights and obligations in a suit at a law, everyone shall be entitled to a fair and public hearning."

नेपालले मानव अधिकारको विश्वव्यापी घोषणापत्रप्रति प्रतिबद्धता व्यक्त गरेको छ र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको पक्ष बनेको छ । त्यसैले यी व्यवस्था मुताविकको राष्ट्रिय कानूनी व्यवस्था गर्नु राज्यको दायित्व पनि हुन्छ ।

**European Convention को धारा ६(१)**

स्वच्छ सुनुवाइमा देहायका तत्व हुनु पर्दछ भनी उल्लेख भएको छ :

- Right to Access of Court,
- Right to Equality of Arms,
- Right to Hearning by a Competent Tribunal,
- Right to Hearing by an Independent and Impartial Tribunal,
- Right to Public Hearing,
- Right to Hearning within reasonable time,
- Right to Interpretor,
- Right to a Proper Defence,
- Right to be Informed of Accusation,
- Right to Opportunity to make a Proper and full Defence.

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८को धारा ५५, ६६, ६७, ६८, ६४(७) र ६८ ।**

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ को धारा ५५ ले समेत स्वच्छ सुनुवाइको अवधारणालाई आत्मसात् गरेको छ ।

सुनुवाइ र पूर्पक्षको चरणमा विचार गर्नु पर्ने अर्को कुरा के छ भने रोम विधानले आरोपित व्यक्ति, पीडित र साक्षीहरूलाई केही अधिकारहरू प्रदान गरेको छ । अभियुक्तलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले प्रत्याभूत गरेको स्वच्छ, सार्वजनिक र उचित समय भित्र सुनुवाइको हक रोम विधानले पनि प्रत्याभूत गरेको छ । यी अधिकारहरू मध्ये केही देहायबमोजिम छन् :

- अभियुक्तलाई पूर्पक्षमा उपस्थित हुने हक हुने, अर्थात अभियुक्तको उपस्थितिमा मात्र पूर्पक्ष हुने,
- कानूनबमोजिम दोषी प्रमाणित नभएसम्म अभियुक्तलाई निर्दोष अनुमान गरिनु पर्ने,

- दोषी प्रमाणित गर्नुपर्ने भार अभियोक्तासँग रहने र दोष शंका रहित तवरले (Beyond reasonable doubt) प्रमाणित गरिनुपर्ने,
- अदालतको निर्णय लिखित हुनु पर्ने र त्यसमा आधार र कारणहरू उल्लेख हुनुपर्ने,
- सम्भव भएसम्म अभियुक्तको उपस्थितिमा फैसला, सजाय सुनुवाइनु पर्ने,
- आक्रमण हुन सक्ने वा जोखिममा रहेका (Vulnerable) साक्षी र पीडितलाई सुनुवाइको दौरानमा संरक्षण प्राप्त हुने,
- पीडितले पनि पूर्पक्ष र सुनुवाइको चरणमा व्यक्तिगत रुपमा वा कानूनव्यवसायीमार्फत उपस्थित भइ आफ्नो कुरा राख्न पाउने ।

मुद्दाको पूर्पक्ष र सुनुवाइ पूर्पक्ष इजलास (Trial chamber) ले गर्छ । सुनुवाइ प्रारम्भ हुनु अघि अभियुक्तलाई पूर्पक्ष इजलासले निश्चित गरेका अभियोगहरू पढेर सुनाइन्छ । पूर्पक्ष स्वच्छ तथा छिटो छरितो रुपमा गर्नु पर्ने जिम्मेवारी इजलासको हुन्छ । इजलासले पूर्पक्षमा प्रयोग हुने भाषा, सो चरणसम्म खुलासा नभएका लिखत वा जानकारीको खुलासा गर्नेबारे निश्चय गर्छ । यस चरणमा इजलासले पक्षहरूसँग छलफल, साक्षीहरूको बकपत्र गराउने, गोप्य जानकारी तथा पीडित एवम् साक्षी पेश गराउने र तिनको उचित संरक्षणको आदेश पनि आवश्यकताअनुसार दिन सक्छ । सामान्यतः सुनुवाइ खुला इजलासमा गरिन्छ । तर साक्षी तथा पीडितको संरक्षणको लागि वा प्रमाण दिनु पर्ने गोप्य वा संवेदनशील जानकारीलाई संरक्षित गर्न विशेष परिस्थितिहरूमा आवश्यक भए खासखास काम कारबाही बन्द सत्रमा पनि गर्न सकिने व्यवस्था विधानमा गरिएको छ ।

### २.१.४ स्वच्छ सुनुवाइ सम्बन्धमा विभिन्न देशमा विद्यमान कानूनी संरचना तथा अभ्यासः

**संयुक्त अधिराज्य अमेरिका**

कुनै पनि प्रजातान्त्रिक मुलुकले स्वच्छ सुनुवाइको अवधारणालाई अवलम्बन गरेको पाइन्छ । वैयक्तिक स्वतन्त्रताको संरक्षणका लागि यो अपरिहार्य पनि मानिन्छ । पहिलो आधुनिक एवम् प्रजातान्त्रिक संविधान मानिएको अमेरिकी संविधानमा पनि स्वच्छ सुनुवाइको अवधारणालाई “कार्यविधिको उचित पालना” सँग जोडिएको पाइन्छ । सो संविधानमा उल्लेख गरिएको छ – "No person shall be deprived of his life, liberty and property without due process of law."

अमेरिकी सर्वोच्च अदालतले **मिरण्डा विरुद्ध एरिजोनाको** मुद्दामा प्रतिपादन गरेको सिद्धान्त (जसलाई मिरण्डा वार्निङ्ग समेत भनिन्छ) ले अभियुक्तको अधिकारको प्रत्याभूतिका लागि देहायका मार्गदर्शन गरेको छ ।

- अभियुक्तसँग सोधपुछ गर्नु भन्दा अगाडि निजलाई मौन बस्न पाउँने अधिकारको बारेमा अनुसन्धान अधिकारीले जानकारी गराउनु पर्ने,
- अभियुक्तले सोधपुछको क्रममा भनेका कुराहरू उसका विरुद्ध प्रमाणमा लाग्छन भन्ने जानकारी दिनुपर्ने,
- अभियुक्तलाई कानून व्यवसायी राख्न पाउँने अधिकार छ भन्ने जानकारी दिने र
- निजको कानून व्यवसायी नभएमा राज्यले नै उपलब्ध गराई दिने व्यवस्थाको बारेमा जानकारी दिने ।

**सयुक्त अधिराज्य (वेलायत)**

संयुक्त अधिराज्यमा मानव अधिकार ऐन, १९९८ को धारा ६ मा स्वच्छ सुनुवाइको व्यवस्था गरिएको छ । जसअनुसार स्वच्छ सुनुवाइको अधिकार कानूनको शासन र प्रजातन्त्रको आधारभूत मान्यता हो । स्वच्छ सुनुवाइको अधिकार देवानी र फौजदारी दुबै मुद्दामा लागु हुन्छ।स्वच्छ सुनुवाइको अधिकार निरपेक्ष अधिकार हो जसको प्रयोगमा कुनै सीमा तोक्न सकिदैन । स्वच्छ सुनुवाइ भनेको कानून बमोजिम स्थापित स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधीकरणबाट उचित समयमा सार्वजनिक सुनुवाइबाट मुद्दाको कारवाहीको सञ्चालन हो ।

**भारतको सविधानको धारा २१**

भारतको संविधानमा कानूनद्वारा निर्धारित कार्यविधि बेगर कसैको पनि वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने व्यवस्था गरेको छ । सो संविधानको धारा २१ मा भनिएको छ –"No person shall be deprived by his life or personal liberty except according to procedure established by Law "

### २.१.५ स्वच्छ सुनुवाइको प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोणः

स्वच्छ सुनुवाइको अवधारणालाई व्यवहारमा लागू गर्ने सन्दर्भमा सर्वोच्च अदालतले विभिन्न मुद्दामा व्याख्या गर्दै सरकारलाई निर्देशित समेत गरेको छ । त्यसरी अदालतले गरेका केही व्याख्याहरूको सार संक्षेप यसप्रकार रहेको पाइन्छ :

**अच्युत प्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, २०६४ सालको रिट नं. ०००३ आदेश मिति २०६६।१।३१**

न्यायिक प्रक्रिया भन्नासाथ स्वच्छ सुनुवाइको अवसर र कारण सहितको निर्णय अनिवार्य रुपमा अगाडि आउँदछ ।

- न्यायिक प्रक्रियाको आत्माको रुपमा रहेका तत्वको अभावमा भए गरिएका काम कारवाहीलाई न्यायिक काम कारवाहीको संज्ञा दिन नमिल्ने ।
- कुनै कुराको दोष वा आरोप लागेको व्यक्तिले आफूउपर लागेको आरोपको जानकारी त्यसको उचित प्रतिरक्षा गर्ने अवसर, सक्षम

अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ र आफूले गरेको गल्ती प्रमाणित भएको चित्त बुझ्दो आधार निर्णयबाट थाहा पाउनु निजको आधारभूत अधिकार भित्र पर्ने ।

- मानिसलाई नैसर्गिक रुपमा प्राप्त भएको आफू विरुद्धको कारवाही बारे थाहा पाउने र स्वच्छ सुनुवाइको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको रुपमा समेटेको हुँदा तिनको पालना नगरी वा प्रतिकूल हुने गरी निर्माण गरिएका जुनसुकै कानून संविधान सम्मत हुन नसक्ने ।

**(ने.का.प २०६६, अंक ७, पृष्ठ १०६३)**

अदालत आफूले आदेश गरी पूर्पक्षका लागि अन्य कारागारमा पठाउने तर आफ्नै आदेशले थुनामा रहेको थुनुवालाई पेशीको जानकारी नदिने कार्य Fair Trial को मान्य सिद्धान्त विपरीत हुने । फौजदारी अपराधको आरोप लागेको व्यक्तिलाई निजको विरुद्ध भएको प्रत्येक कानूनी कारवाहीको जानकारी पाउने हक हुने ।

- उसले आफूले रोजेको कानून व्यवसायीको साथ प्रत्येक पेशीमा अदालतमा उपस्थित भई  वा उपस्थित गराई आफ्नो विरुद्धको सम्पूर्ण अदालती कारवाही आफ्नै रोहवरमा भएको हेर्न पाउने अधिकार प्रत्येक आरोपीको मौलिक हक हो । स्वच्छ सुनुवाइका लागि देहायका कुराहरू आवश्यक पर्दछन् ।

  क) मुद्दा हेर्ने अधिकारी वा अदालत कानूनद्वारा गठित हुनु  पर्दछ ।

  ख) मुद्दा हेर्ने अधिकारी Competent, Independent, Impartial हुनुपर्छ ।

  ग) लागेको अभियोगको बारेमा उसले बुझ्ने भाषामा तुरुन्त जानकारी गराउनु पर्दछ ।

  घ) अभियुक्तलाई लागेको अभियोगको बारेमा उसले प्रतिरक्षालाई तयारीको लागि थुनामा रहेको अभियुक्तलाई पर्याप्त सहुलियत र समय प्रदान गरिनु पर्दछ ।

  ङ) अभियोग लागेको व्यक्तिले लागेको अभियोगको बारेमा आफूले चाहेमा आफूले रोजेको कानून व्यवसायीबाट प्रतिरक्षा गराउन पाउनु पर्दछ । तर त्यस्तो अभियुक्तले  आर्थिक कमजोरीका कारण आफै कानून व्यवसायी राख्न सक्दैन भने राज्यले निःशुल्क कानून व्यवसायी उपलब्ध गराई दिनु पर्दछ ।

  च) अभियोग लागेको व्यक्तिले मुद्दाको कारवाहीमा आफै उपस्थित भई आफ्नो साक्षी प्रमाण अदालत समक्ष प्रस्तुत गर्न पाउनु पर्दछ र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धको साक्षीको जिरह गर्न

**राम बहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत, २०६४ सालको रिट नं. ०८६४, आदेश मितिः २०६६।०३।२२ (ने.का.प २०६७, अंक ४, नि.नं. ८३४५, पृष्ठ ५७४)।**

पाउने मौका पाउनु पर्दछ ।

छ) अभियुक्त भाषा नबुझ्ने भए उसलाई भाषा बुझ्ने दोभाषे (Interpreter) उपलब्ध गराउनु पर्दछ ।

सैनिक ऐन भिन्न र बेग्लै खालको कानून हो भन्दैमा एकतह पुनरावलोकन गर्ने अधिकार, सजाय गर्ने, अधिकारीको निष्पक्षता र निष्पक्ष सुनुवाइ (Fair Trial) जस्ता मानव अधिकारका न्यूनतम अधिकारबाट वञ्चित गर्न नहुने ।

**राधाकृष्ण खड्का विरुद्ध रक्षा मन्त्रालय समेत, बन्दी प्रत्यक्षीकरण २०६४ सालको रिट नं. ००३२ आदेश मिति २०६५।७।१७**

कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने व्यवस्था फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो । तर प्रमाण पुर्‍याउने भार प्रतिवादीमा सिफ्ट गराउँदैमा प्रारम्भिक रुपमै कसूरदार मानिएको भनी अर्थ गर्न मिल्ने देखिँदैन । त्यसै गरी आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने भन्ने व्यवस्थाले कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्धको कुराहरू व्यक्त गर्न बाध्य नपारिने कुराको सुनिश्चितता प्रदान गर्दछ । जहाँसम्म स्वच्छ सुनुवाइको हकको सन्दर्भ छ, स्वच्छ सुनुवाइको हकले जहिले पनि सुनुवाइ अघिका हक र सुनुवाइको चरणका हकहरूलाई समेटेको हुन्छ । कुनै पनि व्यक्ति उपर अभियोग लगाउँदैमा उ अपराधी मानिदैन । त्यसरी अभियोग लागेको व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउँने, निजलाई तोकेको समय भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने र निजलाई लागेको अभियोगका सम्बन्धमा सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ गरिनु पर्ने कुरालाई इन्कार गर्न सक्दैन । यदि ती अधिकारबाट बञ्चित गरियो भने त्यो स्वच्छ सुनुवाइको हक विपरित हुन जान्छ ।

**निलम पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, रिट नं. ०६४–WS–००३८, आदेश मिति २०६७।५।१० (ने.का.प २०६७, अंक १०, नि.नं. ८४७३। पृष्ठ १६४१)**

स्वच्छ सुनुवाइ प्रत्येक व्यक्तिको मौलिक हक हो । स्वच्छ सुनुवाइको हक न त राज्य वा सरकारले खोस्न सक्छ, न त कुनै अभियुक्तले नै वेभ गर्न सक्छ । स्वच्छ सुनुवाइको हक कमन ल को प्राकृतिक न्यायबाट उत्पन्न प्राकृतिक हक भए पनि यसलाई धेरै लिखित संविधान भएका देशहरूले मौलिक हकमा समावेश गरेका छन् ।

## २.२ गोपनीयताको अधिकार

### २.२.१ गोपनीयताको अधिकार सम्बन्धी अवधारणाः

महिलाले आफू विरुद्ध हिंसा भएको स्थितिमा, एच.आइ.भी संक्रमित व्यक्तिले आफू संक्रमित भएको

स्थितिमा र कानूनसँग द्वन्दमा परेका बालबालिकाले आफू कानूनसँगको द्वन्दमा परेको अवस्थामा आफू उपर परेको अन्याय विरुद्ध उपचार माग्न तथा न्यायिक कारवाहीको क्रममा उनीहरूको व्यक्तिगत परिचय सार्वजनिकरण हुँदा थप पीडा व्यहोर्नु पर्ने र पुनः पीडित हुने अवस्थालाई रोक्न, उनीहरूको न्यायमा पहुँच बढाउन अनुसन्धान देखि फैसला कार्यान्वयनसम्मको कारवाहीको क्रममा र सो पश्चातको अवधिमा समेत निजहरूको विवरण गोप्य राख्नु पर्छ । जबरजस्तीकरणी, मानव वेचविखन तथा ओसारपसार, सम्बन्ध विच्छेद, नाताकायम र बालबालिका पक्ष भएको मुद्दाको कारवाही समेत बन्द इजलासबाट गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

### २.२.२ गोपनीयताको अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाः

| | |
|---|---|
| "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति लिखत तथ्याङ्क पत्राचार चरित्र सम्बन्धी कुराको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ" भन्ने व्यवस्था रहेको छ । | **नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ गोपनीयताको हक** |

### २.२.३ गोपनीयताको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आलेख, सन्धि, महासन्धि/मापदण्डः

| | |
|---|---|
| कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा वा ख्यातीमा गैर कानूनी आक्रमण नै गरिने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार रहन्छ । | **मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२** |
| १. बालबालिकाको निजिपना, परिवार, घर वा पत्राचार माथी वलजफ्ती वा गैर कानूनी हस्तक्षेप गरिने छैन, न त उनीहरूका मर्यादा र इज्जत माथी नै गैर कानूनी आक्रमण गरिने छ ।<br>२. यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानूनी संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ । | **बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ धारा १६** |
| कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी आक्रमण नै गरिने छ । | **नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६** |
| प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नुपर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकुल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेमा अत्यावश्यक भएको समयसम्म सम्पुर्ण सुनुवाइ वा त्यसको कुनै प्रक्रियामा पत्रकार, प्रेस तथा जनताको प्रवेशमा रोक लगाउन सकिने छ। तर किशोर/किशोरीहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा वैवाहिक विवाद वा बालबालिकाको | **नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ धारा १४** |

संरक्षकत्वसँग सम्बन्धित बाहेक कुनै पनि फौजदारी मुद्दामा गरिएको फैसलाहरू भने सार्वजनिक गरिने छन् ।

पक्ष राष्ट्रहरूले खास गरी फौजदारी न्यायका सबै चरणहरूमा प्रस्तुत प्रोटोकल अन्तर्गत निषेधित व्यवस्थाहरूबाट पीडित बालबालिकाको अधिकार र हितहरूको संरक्षण गर्न पीडित बालबालिकाको गोपनीयता र पहिचानलाई उपयुक्तता अनुसार संरक्षण गरी तथा राष्ट्रिय कानून अनुसार पीडित बालबालिकाको पहिचान खुलाउन सक्ने जानकारीको अनुपयुक्त प्रवाह वा प्रचार रोक्नु पर्दछ ।

**बालबालिकाको वेचविखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धीको स्वेच्छिक प्रोटोकल, २००० धारा ८**

### २.२.४ गोपनीयताको अधिकार सम्बन्धमा विभिन्न देशमा विद्यमान कानूनी संरचना तथा अभ्यासः

कुनै समाचारपत्र, पत्रिका वा समाचार अन्य वा दृष्य माध्यममा कानूनसँग द्वन्द्वमा परेको वा हेरचाह एवम् संरक्षणको आवश्यकता रहेको भनी उल्लेखित बालबालिकाको कुनै प्रतिवेदन वा उसको पहिचान खुल्ने नाम, ठेगाना, स्कूल लगायत कुनै पनि सूचना एवम् उक्त सम्बन्धित बालकको तस्वीर प्रकाशन गर्न नपाइने बन्देज लगाएको छ ।

**भारत**
**बाल न्याय**
**(हेरचाह तथा संरक्षण) ऐन, २००६ को दफा २१ (१)**

The Court should, as far as possible, avoid disclosing the name of the prosecutrix in their order to save further embarrassment to the victim of sex crime. The anomity of the victim of the crime must be maintained as far as possible through it.

**Gurmit Singh and other v. State of Punjab - AIR 1996 (2) SC 384**

### २.२.५ गोपनीयताको अधिकारको प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोणः

गोपनीयताको अधिकारको व्यवस्था अन्तर्गत व्यक्तिको गोपनीयता र निजको गोप्य सूचनाहरू समेत संरक्षित हुने देखिन्छ । व्यक्तिका तथ्याङ्क र चरित्र जस्ता व्यक्तिगत परिचयात्मक विवरण र निज सम्बन्धी अन्य सूचनाहरूको गोप्यताको संरक्षण नहुने हो भने गोपनीयताको हक अत्यन्त संकुचित भई आफ्नो उद्देश्य हासिल गर्न नसक्ने ।

**अधिवक्ता सपना मल्ल प्रधान विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६४, अंक. ९, नि.नं. १२०८)**

संविधानमा गोपनीयताको हकको व्यवस्था भएपनि विषयगत हिसाबले पीडित महिला बालबालिका वा एच.आइ.भी एड्स संक्रिमित लगायतका खास खास वर्गका व्यक्तिहरूको गोपनीयताको संरक्षण हुने खास खास अवस्थाहरूको यकिन गरी कुन अवस्थामा व्यक्तिगत सुचनाहरू खुला हुने हो सो को कानूनी व्यवस्था पनि आइसकेको छैन । ती सबै विस्तृत व्यवस्थाहरू हुनुपर्ने देखिन्छ । उक्त कुरालाई हृदयङ्गम गरी उपयुक्त व्यवस्थाहरू समेटिएको विशेष प्रकृतिका मुद्दा मामिलामा पीडितको रुपमा संलग्न महिला, बालबालिका पक्ष भएका वा एच.आइ.भी एड्स संक्रमित व्यक्तिहरू पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सिधै अदालत वा अन्य

निकायमा दर्ता हुने स्थिति देखि फैसला गर्दा वा त्यस पछिको अवस्थामा समेत तोकिएको गोपनीयता कायम रहने गरी सम्बन्धित पक्षको हक र दायित्व सहितको कानून निर्माण गर्न विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका नाउमा निर्देशनात्मक आदेश जारी भएको ।

## २.३ बन्द इजलास

### २.३.१ बन्द इजलासको पृष्ठभूमि, अवधारणा र परिभाषा

**पृष्ठभूमि**

आफ्नो कानूनी हक अधिकारको संरक्षण गर्ने र आफुलाई परेका पीर मर्का एवम् न्याय अन्यायको छिनोफानो निष्पक्ष न्यायिक निकायमार्फत गर्न पाउने अधिकार प्रत्येक व्यक्तिलाई हुन्छ । यस्तो अधिकारको सम्मान गर्दै विवादको निरूपण गर्दा अड्डा अदालतहरूबाट सामान्यतः खुला प्रक्रिया अवलम्बन गर्ने गरिन्छ । खुला इजलासबाट हुने कारबाहीले न्याय निष्पादन प्रक्रियामा निष्पक्षता र पक्षहरूको समानतालाई प्रत्याभूत गर्दछ । न्याय सार्वजनिक चासोको विषय समेत भएकोले देवानी विवादको समाधान पहिल्याउँदा वा फौजदारी कसुरको निरूपण र सजाय निर्धारण गर्दा अदालतमा सबै पक्षलाई समान व्यवहार गरिनुपर्छ । न्यायिक काम कारबाही खुला इजलासबाट गरिनुपर्छ, यो न्यायको मूल मान्यता हो । तर मुद्दा मामिलामा आएका कतिपय विषयहरूको सार्वजनिकीकरणबाट मुद्दामा संलग्न पक्षहरूउपर पर्ने सामाजिक र मानसिक प्रभाव, सार्वजनिक नैतिकता, राष्ट्रिय सुरक्षा, पीडितको हकको संरक्षण आदि विविध पक्षलाई विचार गरी नियमित र व्यवस्थित गर्न सकिन्छ । यो कुरा विभिन्न देशहरूका कानून प्रणालीमा पनि स्थापित भइसकेको छ ।

सभ्य र प्रजातान्त्रिक समाजले कानूनको शासनको प्रत्याभूति गरेको हुन्छ र कानूनको शासनको मुल मर्म भनेको फौजदारी कसूरको सुनुवाइ खुला र सार्वजनिक निगरानीमा गरिन्छ । खुला इजलासको सञ्चालन गर्दा सञ्चार माध्यमलाई प्रवेश दिइन्छ र मुद्दाको कारवाहीको बारेमा सूचना प्रवाह गर्ने पूर्ण अधिकार रहन्छ । फौजदारी कारवाहीको बारेमा थाहा पाउने जनताको सूचनाको हकको विषय हो भने फौजदारी कारवाही बारे जनतालाई सुसुचित गर्ने उसको प्रमुख कर्तव्य पनि हो । खुला इजलासको उद्देश्य सुनुवाइ ठिक ढंगले होस भन्ने नै हो । खुला रुपमा हुने सुनुवाइको कारवाहीले न्यायाधीश लगायत त्यसमा संलग्न व्यक्तिहरूलाई निश्पक्ष र पारदर्शी बनाउन सहयोग पुर्याउँछ । जनताको फौजदारी न्याय प्रणाली प्रतिको आस्था र विश्वासको अभिवृद्धि गर्न मद्दत गर्दछ ।

**अवधारणा**

बन्द इजलासको अवधारणालाई हाम्रो न्यायिक पद्धतिमा स्वीकार गरिसकिएको भए पनि यसको अवधारणात्मक पक्ष, व्यावहारिक प्रयोगका सम्भावना र चुनौतीहरू तथा सोको लागि आवश्यक ज्ञान र सीपको सञ्चार हुन सकेको छैन । सम्मानित सर्वोच्च अदालतले यस विषयमा भनेको छ—

“बन्द इजलासको भौतिक वातावरण र व्यवस्थापन पक्ष विस्मृत प्रायः छ । बन्द इजलासको सञ्चालन

सम्बन्धमा न्यायाधीश, कर्मचारीहरू र कानून व्यवसायीहरूमा समेत आवश्यक संवेदनशीलता, सचेतना र सीपहरू सुनिश्चित गर्ने प्रारम्भिक कार्यहरू भएको पनि देखिन्न ।

बन्द इजलासको प्रावधान र त्यसका लाभहरूको बारेमा सूचना प्रवाह व्यापक गरिएको पनि छैन । बन्द इजलास भनेको भौतिक रूपले इजलास रहेको ठाउँभित्र अनावश्यक प्रवेश निषेध गर्ने प्रक्रिया मात्रै होइन । इजलासमा सहभागी हुनेहरूले बन्द इजलासको भावना अनुकूल इजलासभित्र र बाहिर, बन्द इजलास कायम रहँदा र सो इजलासको काम समाप्त भए पश्चात् पनि जुन उत्तरदायित्व निर्वाह गर्नुपर्ने हो सो सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक स्पष्टतासहितको औपचारिक व्यवस्थाहरू पनि ठाउँमा राखिएका छैनन् ।

बन्द इजलासबारे सम्मानित अदालतबाट उपर्युक्त समीक्षात्मक टिप्पणी गर्दै विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने निर्देशिका २०६४ पनि जारी भएको छ । पक्षहरूको गोपनीयता बन्द इजलासको आधारभूमिमा नै कायम गर्न सकिने वस्तुगत तथ्यलाई मनन् गर्दै यसका अवधारणात्मक पक्ष, विभिन्न देशका अनुभवहरू, अन्तर्राष्ट्रिय मापदण्ड, नेपाली कानूनमा छरिएर रहेको व्यवस्थाहरू मार्फत हासिल गर्न खोजिएको उद्देश्यबारे स्पष्ट जानकारी दिने र बन्द इजलास केबल सुनुवाइको चरणमा कायम गरिने व्यवस्था मात्र नभई मुद्दाका कारबाहीका विभिन्न चरणमा पनि अवलम्बन गरिनुपर्ने व्यवस्थासमेत भएकोले बन्द इजलासमा गर्न हुने वा नहुने कुराहरू के के हुन् भन्ने विषयमा न्यायकर्मीहरूमा केही आधारभूत कुराहरू राख्नु आवश्यक छ ।

**परिभाषा**

बन्द इजलासको सर्वस्वीकार्य परिभाषा गर्न कठिन छ । तथापि सामान्य अर्थमा यो खुला इजलासको विपरीत व्यवस्था हो, जसमा खुला इजलासका कतिपय मान्यताहरूलाई स्वीकार गरिँदैन । तर बन्द इजलास सबैको लागि बन्द भन्ने होइन । बन्द इजलास भनेको महिला, बालबालिका, अपराध पीडितको सुरक्षा र सार्वजनिक हित र न्यायको लागि खुला इजलासमा केही बन्देज लगाइएको अवस्था हो, जसमा सर्वसाधारण, कानून व्यवसायी, मुद्दाका पक्ष एवम् प्रेसको आवागमनलाई नियन्त्रित गरिएको हुन्छ । बन्द इजलासबारे भनिएको छ :

In Camera proceedings are those in which no person, other than the victim/witness, presiding officer, the defense counsel, the prosecutor, investigating officer and the next friend of the victim/witness and the accused or any other person authorized by the Court, are present in the court or in any other location where the proceedings are held.

SARIQ, Regional Victim-witness Protection Protocol to Combat Trafficking, Commercial Exploitation and Sexual Abuse of Women and Children in South Asia, New Delhi, 2006

बन्द इजलासमा खुला इजलासमा गरिने औपचारिकता नरहन सक्छ । सुनुवाइ इजलासमा नगरी न्यायाधीशको च्याम्बर वा थुनुवा कैदी राखेको ठाउँमै गर्न पनि सकिन्छ । कतिपय अवस्थमामा न्यायाधीश नचिनिन पनि सक्छ । बन्द इजलास भनेको भौतिक रूपले इजलास रहेको ठाउँभित्र अनावश्यक प्रवेश निषेध गर्ने प्रक्रिया मात्रै होइन, इजलासमा सहभागी हुनेहरूले बन्द इजलासको भावना अनुकूल इजलासभित्र र बाहिर तथा

बन्द इजलास कायम रहँदा र सो इजलासको काम समाप्त भए पश्चात् पनि निश्चित उत्तरदायित्व निर्वाह गर्नुपर्ने हुन्छ । बन्द इजलासको एउटा उद्देश्य मुद्दाका पीडित पक्षलाई इजलास खुला भएको कारणले आफूले चाहेको कुरा पनि प्रकाश गर्न नसक्ने वा हतोत्साही हुने परिस्थिति वा वातावरणबाट बचाई न्यायिक प्रक्रियामा उनीहरूको सहभागिता र उपस्थितिलाई प्रभावकारी र यथार्थ रूपमा प्रस्तुत गर्न सक्ने गराउनु हो । तर बन्द इजलासभित्रै पनि पीडितले अभियुक्तसँग देखादेख गर्नुपर्‍यो वा निजबाट प्रत्यक्ष वा परोक्ष रूपमा सिर्जित भय वा आतंक सामना गर्न नसक्ने अवस्था आयो र त्यस्तो स्थितिको अन्त्य गर्न सकिएन भने बन्द इजलासले आफ्नो उद्देश्य पूरा गरेको भन्न सकिने स्थिति रहन्न । बरु इजलासभित्र उपस्थित व्यक्तिहरूको सीमितताले गर्दा पीडितले प्रतिवादीहरूबाट थप असुरक्षाको बोध गर्न सक्छ । त्यस्तो भयो भने खुला इजलासबाट हुने लाभहरू गुम्ने र बन्द इजलासको खतरा मात्रै टड्कारो हुन सक्छ ।

Janaki Ballav vs. Bennet Coleman and Co. Ltd (AIR 1989 Orissa 225)

"In exercise of its discretion and if court thinks fit, the court may order that the trial of any suit may be held in camera and the public generally shall have no access or to remain the court room or building used by the court. The exception by its very nature requires exercise of due care and caution before the court directs trial of a suit out of the ....public gaze. In exceptional and appropriate cases after exercise of due care and caution, the court may direct that a part of whole of the proceedings shall be conducted in camera. In the instant case the allegations against the plaintiff which he has challenged are mostly obscene..... The allegations, the words and sentences are so filthy and obscene that generally a normal person much less children adolescents, young girls, ladies and men will hate to hear and read.....In the background of the peculiar facts of the case and keeping the principles of law in the background, I am of the view that the administration of justice will not suffer if parts of the proceedings of the suit are tried in camera. The evidence recorded in camera shall not be printed and published in any newspaper, magazine, periodical, pamphlet, and book or otherwise."

### २.३.२ बन्द इजलास सम्बन्धी कानूनी व्यवस्थाः

**नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ (१) र १३(३)**

अन्तर्राष्ट्रिय कानूनी संरचना एवम् विभिन्न देशहरूमा प्रचलनमा ल्याइएको बन्द इजलाससम्बन्धी प्रक्रियालाई नेपाली कानूनी प्रणालीमा पनि क्रमशः स्वीकार गरिन थालेको छ । वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ (१) ले समानताको हकलाई प्रत्याभूत गरेको भए तापनि धारा १३(३) को स्पष्टीकरण खण्डमा विभिन्न दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपांग वा शारीरिक वा मानसिक रूपले अशक्त

व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी उल्लेख गरिएबाट राज्यले सकारात्मक विभेद गर्ने कानून बनाउन सक्ने देखिन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८**

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनिएको छ । वर्तमान संविधानको यस व्यवस्थालाई आधार मान्ने हो भने व्यक्तिको तथ्याङ्क चाहे त्यो मुद्दासँग सम्बन्धित होस् वा स्वास्थ्यसँग सम्बन्धित, यस्ता तथ्याङ्कहरू कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुन्छन् । संविधानको यस व्यवस्थाले न्यायिक प्रक्रियासँग सम्बन्धित पक्ष एवम् अन्य सरोकारवालाका तथ्याङ्कलाई पनि सार्वजनिक गर्नैपर्ने दायरामा राखेको देखिँदैन । वर्तमान संविधानको उपर्युक्त व्यवस्थाको पृष्ठभूमिमा नेपालको कानूनी प्रावधानलाई नियाल्ने हो भने मूलतः निम्न लिखित कानूनहरूद्वारा बन्द इजलाससम्बन्धी मान्यतालाई प्रस्टसँग स्थापित गरिएको पाइन्छ ।

- बालबालिका सम्बन्धी ऐन, २०४८
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- मुलुकी ऐन जबरजस्ती करणीको महल
- सर्वोच्च अदालत नियमावली, २०४९
- पुनरावेदन अदालत नियमावली, २०४८
- जिल्ला अदालत नियमावली, २०५२

**बालबालिकासम्बन्धी ऐन, २०४८ परिच्छेद ६ दफा ४९(क)**

बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने उपशीर्षकअन्तर्गत मूलतः मुद्दामा सार्वजनिक उपस्थिति र प्रकाशनमा प्रतिबन्ध लगाउने गरी निम्न व्यवस्था गरिएको पाइन्छ ।

**बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४९ (१)**

**खास व्यक्ति मात्र उपस्थित हुन पाउनेः** बालबालिका ऐन वा प्रचलित कानून बमोजिम बालक सम्बन्धी कुनै मुद्दाको कारबाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपलब्ध हुन सक्नेछन् ।

**ऐ ऐ को दफा ४९ (२)**

**प्रकाशनमा बन्देजः** बालबालिका ऐन वा प्रचलित कानूनबमोजिमको मुद्दा तथा सो सँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने

छैन । यस्तो प्रतिबन्ध संवाददाता तथा संवाद फोटो प्रतिनिधिको हकमा समेत लागू हुनेछ ।

**बालक सम्बन्धी तथ्याङ्क र त्यसको प्रयोगमा बन्देजः** प्रहरी कार्यालयले कुनै कसूरको अभियोगमा पक्राउ परेको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कार्य तथा त्यस सम्बन्धमा कुनै कारबाही चलाइएको भए सो सम्बन्धी विवरण खुलाई गोप्यरूपमा तथ्याङ्क राख्नुपर्दछ र त्यस्तो तथ्याङ्कको उतार ६/६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनुपर्दछ । यसरी राखिएको तथ्याङ्क कुनै अध्ययन वा शोध कार्यको निम्ति प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमा सम्म प्रकाशित गर्न सकिनेछ ।

**ऐ ऐ को दफा ५२**

**प्रकाशन गरेमा हुने सजायः** बालबालिकासँग सम्बन्धित मुद्दाको विवरण प्रकाशित गरेमा वा बालक सम्बन्धी तथ्याङ्कको गोप्यता भङ्ग गरेमा वा त्यसलाई प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ र कसूरसँग सम्बन्धित पत्रपत्रिका तथा पुस्तकसमेत सबै जफत गरिने व्यवस्था रहेको पाइन्छ ।

**ऐ ऐन को दफा ५३ (९)**

मानव बेचबिखन तथा ओसारपोसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित हुन पुगेको व्यक्तिको संरक्षण तथा पुनस्र्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको यस ऐनले मानव बेचबिखनको कार्यलाई समाज विरुद्धको जघन्य अपराध मानी यस्तो अपराधिक कार्य अन्तर्गतको मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने भनी निम्न लिखित व्यवस्था गरेको छ :

**मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४**

**बन्द इजलासमा कारबाही हुनेः** यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने र यसरी कायम गरिएको बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

**मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन २०६४ को दफा २७**

यस ऐनमा बन्द इजलासमा चलाइने मुद्दाको पीडितको पहिचान हुने गरी प्रकाशन गरेमा, फोटो प्रकाशित गरेमा तथा बन्द इजलासमा उपस्थित हुन नहुने व्यक्ति प्रवेश गरेमा वा पीडितको गोपनीयता भङ्ग गरेमा के कस्तो दण्ड सजाय हुने भनी उल्लेख गरिएको छैन ।तथापि अदालतको

आदेशको बर्खिलाप कुनै कार्य गर्नु वा अदालतको काम कारबाहीमा हस्तक्षेप गर्नु अदालतको अपहेलना हुँदा त्यस्तो व्यक्तिलाई अदालतको अपहेलनामा कारबाही र सजाय हुन सक्दछ ।

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तबरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा बनेको यस ऐनले घरेलु हिंसाको परिभाषा गर्दै घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकायसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ । प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नुपर्ने, पीडकलाई झिकाउँदा उपस्थित नभए वा मेलमिलाप हुन नसकेमा उजुरीकर्ताको सहमति भएमा प्रहरी कार्यालय वा स्थानीय निकायले सोही बेहोरा खोली अदालत पठाई दिनुपर्ने र त्यसरी उजुरी प्राप्त भएमा अदालतले कारबाही किनारा गर्ने व्यवस्थाको साथै पीडितले सोझै अदालतमा उजुरी दिन सक्ने व्यवस्था पनि ऐनले गरेको छ । उक्त ऐनले बन्द इजलासमा सुनुवाइ हुने गरी देहायबमोजिमको व्यवस्था गरेको छ—

**घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ दफा २(क)**

**ऐ.ऐनको दफा ४**

**बन्द इजलासमा सुनुवाइ गर्नेः**

(१) पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष विपक्ष, निजका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

जबरजस्ती करणीको महलअन्तर्गतको "कुनै मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्ने" व्यवस्था गरेको छ । साथै सोही महलको १० (क) नम्बरमा जबरजस्ती करणीसँग सम्बन्धित "कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नीमानिसको बयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्ने छ" भन्ने व्यवस्थाले बन्द इजलासबाट सुनुवाइ

**मुलुकी ऐन जबरजस्ती करणीको महलमा १० को (क)**

**(एघारौं संशोधन)**

| | |
|---|---|
| गर्ने र त्यस्ता मुद्दामा अनुसन्धानको क्रममा बयान गराउँदा समेत सम्बन्धित अधिकारी संवेदनशील हुनपर्ने जस्ता कुरालाई समेत जोड दिएको पाइन्छ । | |
| **गोप्य रहने:** (परिच्छेद-५ सञ्चार अभिलेख सम्बन्धी विशेष व्यवस्था) यस परिच्छेद बमोजिम अभिलिखित सञ्चार सम्बन्धी विवरण सङ्गठित अपराधको मुद्दाको कारबाहीको लागि बाहेक अन्य प्रयोजनका लागि गोप्य रहनेछ । | **सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३०** |
| **श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने:**<br>(१) सङ्गठित अपराधको मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिनेछ ।<br>(२) उपदफा (१) बमोजिमको अवस्था भएमा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालत समक्ष निवेदन दिनु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रव्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा अनुसन्धान अधिकारी वा प्रहरीले पालना गर्नु पर्ने शर्त समेत तोकिदिन सक्नेछ । | **सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३३** |
| **काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गराउन सकिने:**<br>(१) सङ्गठित अपराधको मुद्दाको सुराकी, उजूरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई साङ्केतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गरी दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम बयान वा बकपत्र भएकोमा मुद्दाको सम्बन्धित मिसिल, आदेश वा फैसलामा सोही नाम उल्लेख गर्नु पर्नेछ । | **सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३५** |
| **बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने:**<br>(१) कुनै खास किसिमको सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैंले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको कारबाही तथा | **सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ४२** |

सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

**बन्द इजलाससम्बन्धी अन्य व्यवस्था र कार्यविधिः**

बन्द इजलाससम्बन्धी व्यवस्थालाई २०६० सालमा भएको संशोधनमार्फत पहिलो पटक जिल्ला, पुनरावेदन र सर्वोच्च अदालत नियमावलीमा देहाय बमोजिमको व्यवस्था छ :

**सर्वोच्च अदालत नियमावली, २०४९ मा २०६० सालमा गरिएको संशोधनमार्फत नियम ६७ क. बन्द इजलासको व्यवस्था र कार्यविधि**

(१) बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्धविच्छेद सम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेको अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुनेछ ।

(२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कार्मचारी मात्र उपस्थित हुन सक्ने छन् ।

(३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि, वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिनुहुँदैन ।

(४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नुहुँदैन ।

तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

सर्वोच्च अदालत नियमावलीमा भएको जस्तै व्यवस्था पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ६०(ख) र जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६(ख) मा गारिएको छ । यी व्यवस्थाहरूबाट बन्द इजलासको गठन न्यायाधीशको आदेशबाट मात्र हुन सक्ने देखिन्छ । नियमावलीमा “खुला इजलासबाट सुनुवाइ गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेको अन्य मुद्दा” पनि बन्द इजलासबाट हेर्न आदेश दिन सक्ने व्यवस्था गरिएकोबाट नियमावलीमा उल्लिखित “बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध–विच्छेदसम्बन्धी मुद्दा” केबल बन्द इजलासबाट हेरिने मुद्दाका उदाहरण मात्र हुन् भनी बुझ्नुपर्ने हुन्छ। बन्द इजलासबाट हेर्ने गरी आदेश दिन सक्ने गरी नियमावलीमा गरिएको यो व्यवस्था नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४ को मूल मर्म अनुरूप देखिन्छ ।

अमुक मुद्दा बन्द इजलासबाट हेर्ने भनी अदालतले आदेश दिने हुँदा त्यस्तो आदेश अदालतले कहिले दिने हो भन्ने प्रश्न पनि यसै सन्दर्भमा उठ्छ । नियमावलीको व्यवस्थाबाट मुद्दाको कुनै पनि चरणमा जब मुद्दा सुनुवाइको लागि इजलाससमक्ष र जिल्ला अदालतको सन्दर्भमा त मुद्दा दर्ता भई थुनछेकको लागि वा देवानी मुद्दामा प्रथम सुनुवाइको लागि पेस हुँदा नै अदालतले त्यस्तो आदेश गर्न सक्छ । त्यसरी इजलासले आदेश गरेपछि सो बदर नभएसम्म वा बदर गर्नुपर्ने कारण नभएसम्म कायम रहने हुँदा त्यसपछिका सम्पूर्ण कारबाही र सुनुवाइ बन्द इजलासबाट गर्नुपर्छ ।

के बन्द इजलासबाट मुद्दाको सुनुवाइ गर्ने आदेश रजिस्ट्रार वा स्रेस्तेदारले दिन सक्छन् ? यो यसै सन्दर्भमा उठ्ने अर्को प्रश्न हो । सामान्यतः "सुनुवाइ" इजलासबाट गरिने विषय हुँदा बन्द इजलासबाट सुनुवाइ गर्ने आदेश दिइनुपर्छ। तर कानूनले नै अनिवार्यतः बन्द इजलासबाट सुनुवाइ गर्ने भनेका मुद्दाहरूको हकमा भने मुद्दा दर्ता गर्दा नै रजिस्ट्रार वा स्रेस्तेदारले सम्बन्धित कानूनको उल्लेख गर्दै बन्द इजलासबाट सुनुवाइ गर्ने भनी त्यस्तो आदेश दिन सक्छन् ।

यसै सन्दर्भमा के बन्द इजलासबाट सुनुवाइ होस् भनी पक्षहरूले माग गर्न सक्छन् भनी प्रश्न पनि उठ्छ। यसको छोटो उत्तर हो "निश्चित रूपमा सक्छन्"। सो गर्दा उनीहरूले माग गर्नुको कारण स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ। अदालतले सो माग सम्बन्धमा सम्बन्धित सबै पक्षको कुरा सुनी उपयुक्त आदेश गर्नुपर्छ ।

नियमावलीमा बन्द इजलासबाट मुद्दाको कारबाही चल्दा उपस्थित हुन पाउने व्यक्तिहरूको वर्ग खुलाइएको छ तर संख्या खुलाइएको छैन। उदाहरणार्थ "कानून व्यवसायी" भन्ने उल्लेख भएको छ तर कति जना कानून व्यवसायी भन्ने उल्लेख भएको छैन। यस्तोमा के गर्ने भन्ने पनि प्रश्न उठ्न सक्छ। यो प्रश्नको यसै हो भनी उत्तर दिन कठिन छ। तर ध्यान दिनुपर्ने कुरा के हो भने बन्द इजलास स्वच्छ सुनुवाइसम्बन्धी सिद्धान्तको विपरीत व्यवस्था होइन। त्यसैले अभियुक्तले आफूले छानेको कानून व्यवसायीमार्फत प्रतिरक्षा गर्न नपाउनु संविधानमा प्रत्याभूत "न्यायसम्बन्धी हक" विपरीत हुन्छ। तर प्रतिनिधित्वको नाउँमा अनावश्यक भीड जम्मा गरी पीडितको न्याय पाउने हकमा कुठाराघात गर्ने अधिकार पनि कसैलाई छैन । फेरि अदालतमा सुनुवाइ व्यवस्थित गर्ने जिम्मेबारी सम्बन्धित अदालत र न्यायाधीशको हो। तसर्थ मुद्दाको प्रकृति, संलग्न पक्षहरूको संख्या हेरी न्यायाधीशले इजलासमा उपस्थित हुन सक्ने

व्यक्तिहरूको नाम तोकिदिन सक्छ। सो गर्दा न्यायाधीशले "स्वच्छ सुनुवाइ", "पीडित र अभियुक्तको न्याय पाउने र गोपनीयताको हक" तथा "यातना र अपमानजनक व्यवहार विरूद्धको हक" बीच उचित सन्तुलन कायम गर्नुपर्छ। बन्द इजलासबाट हेरिएका मुद्दामा मुद्दासम्बन्धी कागजातको प्रतिलिपि लिने र मुद्दाको तथ्य प्रकाशित गर्ने कुरामा नियमावलीले नियन्त्रण राख्न खोजेको छ । विशेष गरेर मुद्दाको तथ्य, अदालतको अनुमति नलिई प्रकाशित गर्न निषेध गरिएको हुँदा त्यस्तो प्रकाशन केबल अदालतबाट मुद्दा फैसला नभएसम्म मात्र कायम रहने नभई मुद्दाको फैसला पश्चात् पनि कायम रहन्छ । तसर्थ कानून व्यवसायी लगायत सबैले बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य प्रकाशित नगर्ने दायित्व मुद्दा किनारा भइसकेपछि पनि पालना गर्नु आवश्यक हुन्छ ।

**२.३.३ बन्द इजलास सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आलेख, सन्धि, महासन्धि/मापदण्डः**

बन्द इजलाससम्बन्धी अवधारणा कुनै एक राष्ट्र विशेषको मात्र प्रयोगको विषयवस्तु होइन । मानव अधिकार कानूनको विकासको साथसाथै यसले अन्तरराष्ट्रिय र तुलनात्मक विधिशास्त्रमा व्यापक मान्यता पाउन थालेको छ । बन्द इजलाससम्बन्धी अवधारणा संयुक्त राष्ट्रसंघको महासभाबाट मार्गदर्शनको रूपमा घोषणा गरिएका छन् भने कतिपय अन्तरराष्ट्रिय र क्षेत्रीय महासन्धि तथा प्रतिज्ञापत्रहरूमा पनि परेका छन् । बन्द इजलाससम्बन्धी मान्यतालाई स्थापित गरी लागू गर्ने निम्न लिखित अन्तरर्राष्ट्रिय एवम् क्षेत्रीय मापदण्डहरू विशेष रूपमा उल्लेखनीय छन्—

**मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२**

कुनै पनि व्यक्तिको गोपनीयता, परिवार घर वा पत्राचारमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा वा ख्यातीमा गैर कानूनी आक्रमण नै गरिने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार पाउने छ ।

**अपराध एवम् अख्तियारको दुरुपयोगबाट पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र (Declaration of Basic Principles for Victims of Crime and Abuse of Power 1985)**

न्यायिक प्रक्रिया अवलम्बन गर्ने क्रममा अपराध एवम् अख्तियारको दुरुपयोगबाट पीडितलाई के कस्तो व्यवहार गरिनुपर्दछ, उनीहरूसँग के कस्ता अधिकारहरू अन्तर्निहित रहन्छन् भनी विश्वव्यापी मापदण्डको रूपमा संयुक्त राष्ट्रसंघ महासभाबाट १९ नोभेम्बर १९८५ मा घोषणा गरिएको यो घोषणापत्र "पीडितको अधिकारपत्र" मानिन्छ । यस घोषणापत्रले पीडितको परिभाषा गर्दै अपराधबाट पीडित एवम् अख्तियारको दुरुपयोगबाट पीडित गरी दुई किसिमका पीडितहरूको चर्चा गरेको छ । यसको अलावा अपराध र अख्तियारको दुरुपयोगबाट पीडितको न्यायमा पहुँच, गुमेका चीजहरू फिर्ता पाउने, राज्यद्वारा क्षतिपूर्ति र घटनापूर्वको स्थितिमा पुग्न सहायता पाउने हकको प्रत्याभूत गरेको छ । साथै न्यायिक प्रक्रियामा पीडितलाई सद्भाव र सम्मानका साथ व्यवहार गरिनुपर्ने र स्वच्छ व्यवहार एवम् उनीहरूको न्याय

प्राप्त गर्ने, क्षतिपूर्ति एवम् विविध सहायता प्राप्त गर्ने अधिकारबारे सिद्धान्त स्थापित गरेको छ ।

घोषणापत्रले पीडितलाई न्यायउपरको पहुँच र स्वच्छ व्यवहारको प्रत्याभूति गर्दै देहायका अधिकारहरू प्रदान गरेको छ–

- सद्भाव र सम्मानित व्यवहारको हक,
- तुरुन्त उपचारको हक,
- स्वच्छ, शीघ्र, कम खर्चिलो र पहुँचयोग्य औपचारिक तथा अनौपचारिक प्रक्रियामार्फत उपचार पाउने हक,
- मुद्दाको सुनुवाइमा उनीहरूको भूमिका र सुनुवाइको समय, मुद्दाको किनारा र उपचारको बारेमा सूचना पाउने हक,
- उनीहरूको व्यक्तिगत हितमा असर पर्ने विषयमा आफ्नो भनाइ राख्न पाउने हक,
- आफू, परिवार र साक्षीहरूको गोपनीयता र सुरक्षा पाउने हक,
- प्रतिशोध र होच्याउने कार्यबाट संरक्षणको हक ।

घोषणापत्रमा उल्लिखित अधिकारहरूमध्ये "गोपनीयता" र "प्रतिशोध विरुद्धको हक" ले बन्द इजलासको लागि न्यायिक अधिकारीहरूलाई आवश्यक कदम उठाउन प्रेरित गर्छन् ।

**नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४**

न्यायिक कारबाहीको क्रममा स्वच्छ पूर्पक्षको अधिकारलाई आधारभूत मानव अधिकारको रूपमा प्रत्याभूत गर्ने यस प्रतिज्ञापत्रले मुद्दा सुनुवाइको क्रममा समानताको अधिकार तथा स्वतन्त्र, निष्पक्ष र सक्षम निकायबाट स्वच्छ र खुला सुनुवाइ गरी पाउने अधिकारको प्रत्याभूति गरेको छ ।

"सबै व्यक्तिहरू अदालत र न्यायाधीकरण समक्ष समान हुनेछन् । कुनै व्यक्तिविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा, कुनै मुद्दामा अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधीकरणद्वारा स्वच्छ र सार्वजनिक सुनुवाइको अधिकार हुनेछ । प्रेस र जनसाधारणलाई नैतिकता, सार्वजनिक व्यवस्था, लोकतान्त्रिक समाजमा राष्ट्रिय सुरक्षाको लागि वा पक्षहरूको निजी जीवनको संरक्षणको लागि आवश्यक भएमा वा अदालतको रायमा विशेष परिस्थितिको कारण प्रकाशनले न्यायमा प्रतिकूल असर पर्छ भन्ने लागेको हदसम्म पूर्पक्षको कुनै वा सबै चरणबाट बाहेक गर्न सकिन्छ; तर फौजदारी मुद्दामा दिइएको निर्णय, नाबालकको हितको लागि अन्यथा गरिनुपर्ने भएमा वा कारबाही पारिवारिक विवाद वा बालबालिकाको संरक्षणसँग सम्बन्धित भएमा बाहेक सार्वजनिक गरिनेछ" ।

उपर्युक्त व्यवस्थाले स्वच्छ र सार्वजनिक सुनुवाइलाई मूल मान्यता र बन्द इजलास वा गोपनीयतालाई अपवादका रूपमा लिएको छ । सो प्रावधानलाई सरल भाषामा बुझ्दा देहायका अधिकारहरू प्रत्याभूत गरिएको पाइन्छ–

- अदालत र न्यायाधीकरण समक्ष समानताको हक,
- कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधीकरणद्वारा स्वच्छ र सार्वजनिक सुनुवाइको हक ।

तर यी हकहरूलाई प्रतिज्ञापत्रले निरपेक्ष भने अवश्य मानेको छैन । प्रेस र जनसाधारणलाई देहायको आधार र अवस्थामा पूर्पक्ष तथा सुनुवाइको कुनै चरणबाट बाहेक गर्न सकिने कुरालाई यसले स्वीकार गरेको छ–

- नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाका लागि,
- पक्षहरूको निजी जीवनको संरक्षणका लागि,
- मुद्दाको विवरण प्रकाशनले न्यायमा प्रतिकूल असर पर्छ भने त्यस्तो असर रोक्नका लागि,
- नाबालको हितको संरक्षणको लागि,
- पारिवारिक विवादमा प्रकाशनबाट परिवारका सदस्य र नाबालकमा पर्न सक्ने प्रतिकूल असर रोक्नको लागि ।

प्रतिज्ञापत्रको धारा १४ को यो व्यवस्थाले न्यायाधीशलाई न्यायको हितमा जनुसुकै मुद्दामा पनि प्रेस वा जनसाधारणलाई सुनुवाइको कुनै वा सबै चरणबाट बाहेक गर्न सक्ने अधिकार दिएको छ । त्यसको लागि उनीहरूले सम्बन्धित कानूनमा त्यस्तो व्यवस्था छ वा छैन भनी हेरिरहनु आवश्यक छैन । नेपाल पक्ष रहेको महासन्धिको यो व्यवस्थाको नेपाली कानून बराबर नै छ भन्ने कुरा उनीहरूले हरदम मनमा राख्नु जरुरी छ । बन्द इजलासबाट सुनुवाइ वा प्रकाशन उपर रोकको माग पक्षले पनि गर्न सक्छ र यस्तो माग भएमा उपयुक्त निकास दिनु न्यायाधीशको कर्तव्य हुन्छ ।

**बाल अधिकारसम्बन्धी महासन्धि, १९८९**

बालबालिकाको हितको संरक्षण गर्न एवम् बाल अधिकारको प्रत्याभूतिका लागि संयुक्त राष्ट्रसंघको महासभाबाट २० नोभेम्बर १९८९ मा बाल अधिकारसम्बन्धी महासन्धि पारित भएको छ । उक्त महासन्धिले बालबालिकाको “सर्वोत्तम हित” को लागि निश्चित अधिकारहरू बालबालिकाहरूलाई हुने कुरालाई प्रत्याभूत गरेको छ । बालबालिकामा अन्तर्निहित अरू धेरै अधिकारहरूमध्ये बालबालिकाको गोपनीयताको हकको आदर गरिनुपर्ने कुरा पनि यो महासन्धिले व्यवस्था गरेको छ ।

**बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४० (२)(ख)(७)**

बालबालिकाहरू शारीरिक एवम् मानसिक विकासको अत्यन्त संवेदनशील अवस्थामा रहने हुँदा उनीहरूउपर फौजदारी अभियोगमा कारबाही चलाउँदा

कारबाहीको गोपनीयता कायम रहनुपर्छ । बाल न्यायको मुख्य उद्देश्य नै बालबालिकाको समाजमा पुनःस्थापना भएकोले मुद्दाको सम्पूर्ण कारबाहीमा बालबालिकाको गोपनीयता कायम नगर्ने हो भने त्यसको दीर्घकालीन असर उनीहरूमा पर्न सक्छ । यस महासन्धिको धारा ४० (२)(ख)(७) मा "मुद्दाको कारबाहीको सम्पूर्ण अवस्थामा बालबालिकाको गोपनीयताको पूर्ण आदर गरिनुपर्ने" कुरा उल्लेख गरिएको छ । त्यसैगरी बेइजिङ नियमको नियम ८.१ मा बालबालिकालाई हानि हुने र अनावश्यक प्रचार र कलंक लाग्नबाट बचाउन मुद्दाको कारबाहीको हरेक चरणमा गोप्यता कायम राख्नुपर्दछ भन्ने उल्लेख छ । त्यस्तैगरी सोही नियमको ८.२ मा अभियोग लगाइएका बालबालिकाहरूलाई चिनाउने कुनै पनि सूचना प्रकाशन गर्नुहुँदैन भन्ने उल्लेख छ । कानूनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूको नाम तथा उनीहरूले गरेको कार्यको सूचना प्रवाह सञ्चार माध्यमबाट भएमा त्यो बालबालिकाहरूको सर्वोत्तम हितको प्रतिकूल हुन्छ ।

**बेइजिङ नियमको नियम ८. १, ८.२**

परिचय र गोपनीयतालाई संरक्षित गर्न बालकको परिचयात्मक कुराहरूको अनुचित सूचना प्रवाह हटाउन राष्ट्रिय कानून बमोजिम उचित कदम चलाउने कुराहरू समेटिएको छ ।

**बालबालिकाको बिक्री, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रसम्बन्धी बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० को धारा ८ (४)**

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरूले वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखन गर्ने कार्य मानव मूल्य र सम्मानसँग मेल नखाने तथा आधारभूत मानव अधिकारको उल्लंघन हो भन्ने कुरालाई आत्मसात् गर्दै यस्तो कार्यका लागि जिम्मेवार व्यक्तिहरूका सम्बन्धमा अनुसन्धान, तहकिकात, अभियोजन, कारबाही र सजायका लागि एवम् यस्ता कार्यहरूबाट पीडित व्यक्तिहरूलाई सहयोग गर्ने र उनीहरूको पुनःस्थापना गर्ने सम्बन्धमा क्षेत्रीय सहयोगलाई सुदृढ पार्न सन् २००२ मा पारित महासन्धिमा पनि बन्द इजलासलाई प्रवद्र्धन गर्ने प्रावधान राखिएको पाइन्छ । उक्त महासन्धिको धारा ५ मा सदस्य राष्ट्रहरूका न्यायिक निकायहरूले महिला र बालबालिकाको गोपनीयता कायम गरिएको कुराको सुनिश्चिता गर्नेछन् भन्ने उल्लेख गरिएबाट वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखन गर्ने जस्ता आपराधिक कृत्यको अनुसन्धान, तहकिकात, अभियोजन र कारबाही गर्दा न्यायिक निकायहरूले बन्द

**वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखनविरुद्धको सार्क महासन्धि, २००२**

इजलास कायम गरेर मात्र सुनुवाइ गर्नुपर्ने प्रत्याभूति गरेको पाइन्छ । यो महासन्धि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनसँग आबद्ध भएका सबै राष्ट्रहरूले समान रूपमा लागू गर्ने प्रतिबद्धतासहितको घोषणा भएकाले पीडितहरूको गोपनीयता कायम गरी न्यायिक प्रक्रियाप्रति आकृष्ट गराउने लक्ष्यसमेत यसले बोकेको देखिन्छ ।

Protocal to Prevent, Suppress, and Punish Trafficking in Persons, Especially, Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000 (नेपाल पक्ष भइनसकेको)

मानव बेचबिखनका पीडितहरूको संरक्षण सम्बन्धमा व्यवस्था गर्दै बेचबिखनमा संलग्न व्यक्तिहरूको गोपनीयताको संरक्षण र बेचबिखनबाट पीडितहरूको परिचयको गोपनीयताको सम्बन्धमा पक्ष राज्यहरूले आवश्यक कानूनी व्यवस्था गर्नेछन् भन्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ ।

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ को धारा ६८(३)**

खुला सुनुवाइको सिद्धान्तको अपवादका रूपमा अदालतका कक्षहरू (Charbers) ले पीडितहरू र साक्षीहरू वा अभियुक्तको संरक्षणका लागि कारबाही प्रक्रियाको कुनै भाग बन्द इजलासमा गर्न वा विद्युतीय वा अन्य विशेष माध्यमद्वारा प्रमाण प्रस्तुत गर्न अनुमति दिन सक्ने व्यवस्था गर्दै सबै परिस्थितिहरूलाई, खासगरी पीडित र साक्षीका दृष्टिकोणहरूलाई ध्यानमा राखी अदालतबाट अन्यथा आदेश भएमा बाहेक त्यस्ता उपायहरू विशेषतः यौन हिंसाको पीडित वा साक्षी भएको बालबालिका रहेको मुद्दामा क्रियान्वित गरिनेछन् भन्ने उल्लेख गरी बन्द सुनुवाइको व्यवस्थालाई आत्मसात गरिएको छ ।

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ को धारा ६७**

खुला सुनुवाइको सिद्धान्तको अपवादको रुपमा अदालतका कार्यकक्षहरूले पीडित र साक्षीहरू वा अभियुक्तको संरक्षणको लागि कारवाही प्रक्रियाको कुनै भाग, बन्द इजलासमा गर्न वा विद्युतीय वा अन्य विशेष माध्यमद्वारा प्रमाण प्रस्तुत गर्न अनुमती दिन सक्ने छ । सबै परिस्थितीहरूलाई खास गरी पीडित र साक्षीका दृष्टिकोणहरूलाई ध्यानमा राखी, अदालतबाट अन्यथा आदेश भएमा बाहेक यस्ता उपायहरू विशेषतः यौन हिंसाको पीडित वा पीडित साक्षी भएको बालबालिका रहेको मामिलामा क्रियान्वित गरीने छ ।

**२.३.४ बन्द इजलास सम्बन्धमा विभिन्न देशमा विद्यमान कानूनी संरचना तथा अभ्यासः**

जघन्य अपराधबाट पीडित एवम् त्यस्ता घटनाका साक्षीहरूको संरक्षण गर्ने प्रयोजनार्थ मुद्दाको काम कारबाहीमा गोपनीयता कायम गर्ने सम्बन्धमा अन्तरराष्ट्रिय सन्धि सम्झौता एवम् घोषणापत्र तथा क्षेत्रीय

सन्धि सम्झौताहरूमा समेत प्रत्याभूत मापदण्डहरूलाई कार्यान्वयन गर्न सजिलो होस् भन्ने उद्देश्यले यससम्बन्धी व्यवस्थाहरू राष्ट्रिय कानूनमा समावेश गर्ने प्रचलन बढ्दो छ । न्यायिक प्रक्रिया सार्वजनिक तबरमा खुला हुनुपर्दछ । त्यस्तो भए मात्र न्यायको मर्म कायम रहन सक्छ । न्याय गरेर मात्र हुँदैन, न्याय गरेको देखिनु पनि पर्दछ भन्ने मान्यता खुला सुनुवाइ प्रणालीमा मात्र सम्भव छ भन्ने दृष्टिकोणहरू पीडित राहतशास्त्रको उदय पश्चात् क्रमशः हट्दै गएको पाइन्छ । केही त्यस्ता मुद्दाहरू हुन्छन्, जसको तथ्य बाहिर आउँदा न्यायको मर्म बिल्कुलै मर्न जान्छ । त्यसैले गर्दा निश्चित मुद्दामा तथ्यको गोप्यता संरक्षण गर्ने गरी विभिन्न देशहरूमा कानूनी संरचनासमेत तयार भइसकेको पाइन्छ । यस्ता कानूनी संरचनाहरू हाम्रै छिमेकी मुलुकहरूमा समेत केही अगाडिदेखि लागू भई आएका छन् ।

### संयुक्त राज्य अमेरिका

अमेरिकाको विभिन्न राज्यहरूमा अपराध पीडित एवम् साक्षीहरूको संरक्षणका लागि विशेष व्यवस्था गरिएका थुप्रै दृष्टान्तहरू पाउन सकिन्छ । अमेरिकी राज्य अलास्काको कानून विभागको अपराध महाशाखाद्वारा प्रतिपादन गरी सन् २००७ जुलाईदेखि कार्यान्वयनमा ल्याइएको पीडितहरूको अधिकारसम्बन्धी हाते किताब **(Victim's Rights Handbook)** मा उल्लिखित विविध व्यवस्थाहरूलाई हेर्ने हो भने त्यस राज्यको संविधानमा नै अपराध पीडितका थुप्रै अधिकारहरूका बारेमा उल्लेख गरेको पाइन्छ । पीडितका लागि संविधानद्वारा निर्दिष्ट गरिएका अधिकारहरूको प्रभावकारी तवरमा कार्यान्वयन गर्नका लागि अलास्का राज्यमा छुट्टै कार्यालय स्थापना गरिएको छ । त्यहा“को संविधानमा अपराध पीडितलाई मर्यादापूर्वक एवम् सम्मानजनक तवरले स्वच्छ प्रक्रिया अपनाएर व्यवहार गरी पाउने अधिकार प्रत्याभूत गरिएको पाइन्छ । त्यहाँको संविधानद्वारा अपराध पीडितलाई गोपनीयताको अधिकार प्रदान गरिएको र यस अधिकारअन्तर्गत कुनै व्यक्तिलाई अपहरण वा यौनजन्य अपराधको अभियोग लगाइएको छ भने त्यस्तो अभियोजनमा उल्लेखित पीडितको नाम सार्वजनिक लिखतमा उल्लेख गर्न नहुने र उनीहरूको नाम अदालती लिखतमा समेत उल्लेख गर्न नपाइने कानूनी प्रावधान रहेको पाइन्छ । यसको सट्टा पीडितहरू छुट्टै नामले पुकारिने व्यवस्था गरिएको पाइन्छ । त्यहाँको कानूनअनुसार पीडितको घर तथा कार्यालयको ठेगाना र फोन नम्बरसमेत गोप्य राख्ने व्यवस्था छ ।

यसका अलावा अलास्काको कानून प्रणालीमा यौन अपराधका पीडितलाई अभियुक्तको कानून व्यवसायीसँग कुरा गर्ने वा नगर्ने कुराको निर्धारण गर्ने अधिकार पनि प्रदान गरिएको पाइन्छ । यौन अपराधका पीडितहरूले अभियुक्तको कानून व्यवसायी वा उसको पक्षमा काम गर्ने जो कोही

**Victims Rights Handbook issued by Alaska Department of Law, Criminal Division, July, 2007**

**Article 1 Sec 22 of Constitution of Alaska, *http://www.law.state.ak.us/pdf/criminal/victims_rights.pdf* , visited at 5th Feb. 2010**

**If a defendant is charged with kidnapping or a sex crime (which includes: sexual assault, sexual assault of a minor, kidnapping of minor etc.) the victims' name is not a public record and may not be used in court documents.**

व्यक्तिसँग सम्पर्कमा आउन चाहन्न भनी लिखित सूचना दर्ता गर्ने अधिकारसमेत कानूनद्वारा प्रदान गरिएको पाइन्छ ।

**चीन**

**Article 125 of the Constitution of the People's Republic China, 1892**

छिमेकी मुलुक चीनको संविधानमै विशेष परिस्थितिका मुद्दाहरूबाहेक अन्य मुद्दाहरू त्यहाँको जन अदालतद्वारा खुला रूपमा सुनुवाइ गरिने भनी प्रत्याभूत गरिएको पाइन्छ । यसरी कानूनद्वारा नै सार्वजनिक सुनुवाइ नगरी हेरिनुपर्ने भनी उल्लेख गरिएका विशेष परिस्थितिका मुद्दाहरूमा गोपनीयता कायम गर्नुपर्ने कानूनी बाध्यता त्यहाँको संविधानद्वारा नै सिर्जना गरिएको पाइन्छ ।

**भारत**

**फौजदारी कार्यविधि संहिताको दफा ३३७**

छिमेकी मुलुक भारतको न्याय व्यवस्थामा बन्द इजलाससम्बन्धी मान्यतालाई हेर्ने हो भने त्यहाँको फौजदारी कार्यविधि संहिताको दफा ३३७ ले मुद्दाको सुनुवाइ खुला इजलासबाट गर्नुपर्ने उल्लेख गरेको छ भने उक्त दफाकै उपदफा २ ले जबरजस्ती करणी जस्ता मुद्दा बन्द इजलासमा मात्र सुनुवाइ हुने प्रावधानलाई उल्लेख गरेको पाइन्छ । त्यसैगरी भारतीय फौजदारी कार्यविधि संहिताको दफा २७३ ले सामान्यतया मुद्दाको प्रमाण संकलन अभियुक्तको उपस्थितिमा मात्र गर्नुपर्ने अनिवार्यता निर्धारण गरेको भए तापनि उक्त संहिताकै दफा २९९ ले निश्चित अपवादमूलक मुद्दाहरूमा सरकारी साक्षीलाई खुला इजलासमा जिरह गर्नबाट इन्कार गर्न सकिने व्यवस्था गरी बन्द इजलाससम्बन्धी मान्यतालाई कार्यान्वयन गर्रिंदै आएको पाइन्छ । जबरजस्ती करणीसम्बन्धी मुद्दाका पीडितको पहिचान खुल्ने तथ्यहरू प्रकाशित गर्न नपाइने मान्यतालाई भारतीय अपराध संहिताको दफा २२८ (क) मा प्रस्टसँग उल्लेख गरिएबाट त्यहाँको न्याय प्रणालीमा केही संवेदनशील मुद्दाका पीडित तथा साक्षीहरूको संरक्षणमा प्राथमिकता दिइएको प्रस्ट हुन आउँछ ।

**Section 21 of the Juvenile Justice (Care and Protection of Children) Act,2000**

भारतीय न्याय प्रणालीमा बन्द इजलाससम्बन्धी मान्यतालाई स्थापित गर्ने अर्को कानून सन् २००० मा पारित बालन्याय (हेरचाह तथा संरक्षण) ऐन हो । सो ऐनको सन् २००६ मा भएको संशोधित दफा २१ (१) को प्रावधानअनुसार "कुनै समाचारपत्र, पत्रिका वा समाचार श्रव्य वा दृश्य माध्यममा कानूनसँग द्वन्द्वमा परेको वा हेरचाह एवम् संरक्षणको आवश्यकता रहेको भनी उल्लेखित बालबालिकाको कुनै प्रतिवेदन वा उसको पहिचान खुल्ने नाम, ठेगाना, स्कुललगायतका कुनै पनि सूचना एवम् उक्त सम्बन्धित बालकको तस्बिर प्रकाशन गर्न नपाइने भनी बन्देज लगाइएको पाइन्छ । प्रकाशन गरेमा के हुने भन्ने सन्दर्भमा उक्त

ऐनकै दफा २१ (२) ले कसैले दफा २१ (१) को प्रावधान विपरीत सामग्री प्रकाशन गरेको पाइएमा त्यस्तो गर्ने व्यक्तिलाई २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्थासमेत उक्त संशोधनले गरेको छ ।

त्यस्तै बन्द इजलासको मान्यतालाई भारतीय पारिवारीक अदालत ऐन, १९८४ मा पनि व्यवस्थित गरिएको पाइन्छ । उक्त ऐनको दफा ११ मा ऐनमा उल्लेखित प्रत्येक मुद्दामा अदालतले चाहेमा वा मुद्दाका कुनै पक्षले चाहेमा बन्द इजलास कायम गरिने स्पष्टतः उल्लेख गरेको देखिन्छ ।

भारतीय सर्वोच्च अदालतले महिलाउपर हुने जबरजस्ती करणी, यौनजन्य हिंसाको सिकार भएका महिलाहरू, यौन शोषण र हिंसाबाट पीडित बालबालिकामा गम्भीर शारीरिक एवम् मानसिक प्रभाव, सामाजिक लाञ्छनाका साथै उनीहरूमा दाग लाग्ने भएकाले त्यस्ता पीडित संलग्न मुद्दाको कारबाही गर्दा न्यायाधीशले विशेष सतर्कता अपनाउनुपर्छ र त्यस्ता मुद्दाको सुनुवाइ बन्द इजलासबाटै गर्नुपर्छ भन्ने सम्बन्धमा महत्वपूर्ण फैसलाहरू गरेको पाइन्छ ।

**Gurmit Singh and others vs. State of Punjab**

यसरी बन्द इजलाससम्बन्धी मान्यतालाई विश्वको विकसित मुलुकदेखि नेपालका दुवै छिमेकी मुलुकले स्पष्ट कानून बनाई स्थापित गरेको पाइन्छ । त्यसमा पनि विशेषतः बालबालिकासँग सम्बन्धित मुद्दा मामिलाका विषयवस्तुसँग सम्बन्धित तथ्य खुल्ने कुनै पनि स्वरूपको प्रकाशनमा ती देशका कानूनमा स्पष्टतः बन्देज नै लगाइएको पाइन्छ । सो बन्देजको बर्खिलाप कसैले कार्य गरेमा सम्बन्धित व्यक्तिलाई सजाय भागी बनाउने कानूनी प्रावधानसमेत रहेको देखिन्छ । यस परिपे्रक्ष्यमा मूल्याङ्कन गर्दा निश्चित मुद्दा मामिलामा बन्द इजलासको मान्यता सम्बन्धित मुद्दाका पक्षहरूको हितलाई संरक्षण गर्न अत्यावश्यक हुने मान्यता विश्वकै प्रजातान्त्रिक मुलुकहरूमा स्थापित मान्यता हो र नेपाल पनि यो मान्यता स्थापित गर्नबाट सिद्धान्ततः पछि परेको छैन ।

**दक्षिण अफ्रिकाको संविधानको धारा १४**

दक्षिण अफ्रिकामा गोपनीयताको अधिकारको संरक्षणको लागि १९९६ मा जारी भएको संविधानमा नै संवैधानिक प्रत्याभूति गरी गोपनीयताको अधिकारलाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको पाइन्छ । संविधानको धारा १४ मा निम्नानुसारको संवैधानिक व्यवस्था गरिएको देखिन्छ ।

Section 14 " Everyone has the right to privacy, which includes the right not to have-

(a) their person or home searched;
(b) their property searched ;
(c) their possessions seized; or
(d) the privacy of their communications infringed.

कानूनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूको मुद्दाको कारवाही तथा सुनुवाइ गर्दा बालबालिकाको उमेर तथा उनीहरूको मानसिक अवस्था समेतलाई ध्यानमा राखी न्यायिक कारवाहीको गोप्यता राख्ने र बालबालिकाको मुद्दाको सुनुवाइलाई सार्वजनिकीकरण नगर्ने सम्बन्धमा कानूनी व्यवस्था भएको देखिन्छ ।

Child Justice Act , 2008 Section (63) मा निम्न व्यवस्था भएको पाइन्छ:

**Child Justice Act, 2008 Section (63)**

(4) A child justice court must, during the proceedings, ensure that the best interests of the child are upheld, and to this end

a) may elicit additional information from any person involved in the proceedings and

b) must, during all stages of the trial, especially during cross examination of a child, ensure that the proceedings are fair and not unduly hostile and are appropriate to the age and understanding of the child.

(5) No person may be present at any sitting of a child justice courts, unless his or her presence is necessary in connection with the proceedings of the child justice court or the presiding officer has granted him or her permission to be present.

**पीडित तथा साक्षी संरक्षणका विषयमा अपराध पीडितका लागि दक्षिण अफ्रिकी सेवा वडापत्र (Service Charter for victims of crime in South Africa) मा यस प्रकार व्यवस्था गरिएको छ ।**

**दक्षिण अफ्रिकाको Service Charter for victims of crime in South Africa, 2004**

The Service Charter for Victims of Crime in South Africa, 2004 (also refrred to as the Victims' Charter) and A minimum service standard for victims of crime, 2004 also developed

Right to be treated with fairness and with respect for dignity and privacy.

### २.३.५ बन्द इजलासको प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोणः

पछिल्लो समयमा सर्वोच्च अदालतले विभिन्न मुद्दाको फैसलामा अदालतको दृष्टिकोण यस प्रकार व्याख्या गरेको छ ।

**अधिवक्ता सपना मल्ल प्रधान विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**(ने.का.प. २०६४, अंक ९, नि.नं. १२०८)**

बन्द इजलासको एउटा उद्देश्य मुद्दामा पीडित पक्षहरूलाई इजलास खुला भएको कारणले आफूले चाहेको कुरा पनि प्रकाश गर्न नसक्ने हतोत्साही वातावरणबाट बचाई न्यायिक प्रक्रियामा आफ्नो सहभागीता र उपस्थितिलाई प्रभावकारी र यर्थात रुपमा प्रस्तुत गर्न सक्ने गराउनु हो तर बन्द इजलास भित्रै पनि पीडितले अभियुक्तसँग देखादेख गर्नु पर्यो वा निजसँगको भय वा आतंक सामना गर्न नसक्ने अवस्था आयो र त्यसलाई जोगाउन सकिएन भने बन्द इजलासले आफ्नो तात्पर्य प्रमाणित गर्न सक्ने सम्भावना रहन्न, बरु इजलास भित्र उपस्थित व्यक्तिहरूको सिमीतताले पीडितले प्रतिवादीबाट थप असुरक्षा वोध गर्न सक्छ । त्यस्तो भयो भने खुला इजलासबाट हुने लाभहरू गुम्ने र बन्द इजलासको खतरा मात्रै हुन सक्छ । त्यसैले बन्द इजलासको तात्कालीन र दीर्घकालीन लाभ सुनिश्चित गर्न आवश्यक अध्ययन, व्यवस्थापन, अनुगमन र मूल्याङ्कन गर्न अझै बाँकी देखिएको छ जसलाई सर्वप्रथम सम्बन्धित अदालतहरूले नै आफ्नो जिम्मेवारीमा विशेष प्रवन्ध र तत्परता देखाउन आवश्यक हुने

**अधिवक्ता ज्योति पौडेल विरुद्ध नेपाल सरकार (ने.का.प २०६७, नि.नं ८५०७, पृष्ठ १९०३)**

यस मुद्दामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएका मुद्दामा खास गरी जबरजस्ती करणी जस्तो महिला उपर हुने अपराधमा देहाय बमोजिम दीर्घकालीन व्यवस्था गर्न परमादेशको आदेश जारी भएको छ ।

१. जबरजस्ती करणी मुद्दाको सनुवाइ गोप्य इजलासमा गर्नुपर्दछ । इजलासमा न्यायाधीशका अतिरिक्त दुवै पक्ष, दुवै पक्षको साक्षी विशेषज्ञ हुँदै पक्षको सम्बन्धित कानून व्यवसायी मात्र प्रवेश गर्न दिने र इजलासमा पीडितलाई स्वीकार्य हुने पीडितको आफन्त व्यक्ति तथा अदालतका सम्बन्धित कर्मचारी मात्रको उपस्थितमा अभियुक्त सहितको रोहवरमा साक्षी परीक्षण लगायत सनुवाइ कार्य गर्नु ।
२. जबरजस्ती करणीको मुद्दामा साक्षी परीक्षण हुँदा न्यायाधीशले अन्य मुद्दाको सुनुवाइ बन्द गरी न्यायाधीशकै रोहवरमा साक्षी बकाउने लगायतको काम कारवाही गरी जिरहको नाममा साक्षीहरू खास गरी पीडित र जाहेरवाला पीडितको पिता माता आदि सम्वेदनशील नाताका भए उनीहरूलाई झिन्झाहट हुने र अपमानजनक प्रश्नको

अवस्थामा आवश्यक परे प्रमाण ऐन, २०३१ को दफा ५१ अनुसार अनावश्यक कार्यलाई रोक्न ।

३. जबरजस्ती करणी लगायत घरेलु हिंसा जस्ता महिला विरुद्ध हुने अपराधमा अदालतले बन्द इजलासमा सनुवाइ नगरेमा वा साक्षी परीक्षण एवम् मुद्दाको कारवाहीमा अन्य मुद्दा सनुवाइ गरेमा वा न्यायाधीशको रोहवरमा साक्षी परीक्षण नगराएमा वा यस आदेश अनुसार नभएमा त्यस उपर पीडित जाहेरवाला लगायत साक्षीले सम्बन्धित जिल्ला अदालतको १ नं. न्यायाधीश समक्ष उजुर गर्ने ।

# परिच्छेद –तीन

## बन्द इजलास कायम गर्ने कार्यविधि

# परिच्छेद - तीन
# बन्द इजलास कायम गर्ने कार्यविधि

## ३.१ बन्द इजलासबाट सुनुवाइ हुनुपर्ने मुद्दाहरूः

**जिल्ला, पुनरावेदन तथा सर्वोच्च अदालत नियमावलीहरू** बमोजिम देहायका मुद्दाहरू बन्द इजलासबाट सुनुवाइ गर्नुपर्ने व्यवस्था छ :

(१) बालबालिका सम्बन्धी मुद्दा,
(२) जबरजस्ती करणीसम्बन्धी मुद्दा,
(३) जीउ मास्ने बेच्ने सम्बन्धी मुद्दा,
(४) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा,
(५) नाता कायम सम्बन्धी मुद्दा,
(६) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,
(७) पीडितले बन्द इजलासबाट सुनुवाइ होस् भनी अनुरोध गरेका घरेलु हिंसा सम्बन्धी मुद्दा,
(८) खुला इजलासबाट सुनुवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाहरू ।

**सर्वोच्च अदालत नियमावली, २०४९ पुनरावेदन अदालत नियमावली, २०४८ जिल्ला अदालत नियमावली, २०५२**

गर्भपतन, यौन दुव्र्यवहार, हाडनाताकरणी, महिला विरुद्धको हिंसा जस्ता मुद्दामा पक्षको गोपनीयता कायम राख्ने प्रयोजनका लागी सुनुवाइ प्रक्रियालाई समेत व्यवस्थित गर्नुपर्ने हुन्छ ।

**विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ २(क) को १**

## ३.२ बन्द इजलासको कारबाही सुरु हुने अवस्थाः

बन्द इजलासबाट सुनुवाइ गर्नुपर्ने मुद्दाहरूमा सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीलाई अनुसन्धान तहकिकातको सिलसिलामा थुनामा राख्ने अनुमतिका लागि म्याद थप गर्दाको अवस्थादेखि र अन्य मुद्दाहरूमा अदालतमा फिराद दायर गर्दाको अवस्थादेखि नै बन्द इजलास कायम गरी सुनुवाइ गर्नुपर्नेछ ।

## ३.३ बन्द इजलासका लागि अनुरोध गर्नेः

(१) बन्द इजलासबाट सुनुवाइ गर्नुपर्ने भनी ऐन नियममा स्पष्ट किटान नगरिएका मुद्दाहरूमा पनि खुला इजलासमा हुने सुनुवाइबाट हुन सक्ने नकारात्मक प्रभावलाई विचार गरी मुद्दाको कुनै पक्ष वा पीडितले अदालतसमक्ष आफ्नो मुद्दा बन्द इजलासबाट सुनुवाइ गरी पाउन अनुरोध गर्न सक्नेछन् ।

(२) यसरी मुद्दाका पक्षहरूले अनुरोध गरेको अवस्थामा अदालतले मुद्दाको परिस्थितिलाई विचार गरी आवश्यक ठहऱ्याएमा बन्द इजलासबाट सुनुवाइ गर्ने गरी आदेश दिन सक्नेछ ।

**३.४ बन्द इजलासमा सुनुवाइका लागि अदालत स्वयम्को सक्रियताः**

बन्द इजलासबाट सुनुवाइ गर्नुपर्ने मुद्दामा मुद्दाका सरोकारवाला पक्षले बन्द इजलासबाट सुनुवाइ गरी पाऊँ भनी माग नगरेको अवस्थामा पनि स्वयम् अदालतले सक्रियता लिई सम्बन्धित पक्षलाई जानकारी दिई सो सम्बन्धी कारबाही अगाडि बढाउनु पर्नेछ । वास्तवमा प्रचलित नियम कानूनमा तोकिएका मुद्दाहरूमा बन्द इजलास कायम गर्नु अदालतको कर्तव्य नै हुन आउँछ ।

**३.५ बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको सूचना सम्प्रेषण र पेशी सूचीः**

बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाहरूका सम्बन्धमा सूचना सम्प्रेषण गर्दा देहाय बमोजिम गर्नुपर्छ :

(१) बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाहरूको अनुसन्धान अभियोजन तथा सुनुवाइ गर्ने निकायहरूले सूचना सम्प्रेषण गर्दा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वास्तविक परिचयात्मक विवरण सार्वजनिक नहुने प्रबन्ध मिलाएर मात्र सम्प्रेषण गर्नुपर्नेछ ।

(२) बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको सम्बन्धमा विद्युतीय तथा छापालगायत कुनै पनि माध्यमबाट समाचार प्रसारण वा प्रकाशित गर्दा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वास्तविक परिचयात्मक विवरण सार्वजनिक नहुने गरी गर्नुपर्नेछ ।

(३) बन्द इजलासबाट हेरिएका मुद्दा सम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी, पीडित र सम्बन्धित कानून व्यवसायीबाहेक अरूलाई दिन हुँदैन ।

(४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्न हुँदैन । तर अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको साप्ताहिक तथा दैनिक पेशी सूची प्रकाशित गर्दा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वास्तविक विवरणको सट्टामा सोका लागि कायम गरिएको संकेत विवरण उल्लेख गर्नुपर्नेछ ।

**३.६ बन्द इजलासमा सुनुवाइ गर्दा उपस्थित हुन पाउने व्यक्तिहरूः**

बन्द इजलासमा मुद्दाको सुनुवाइ गर्दा देहायका व्यक्तिहरू मात्र उपस्थित हुन पाउनेछन् :

(१) सम्बन्धित कानून व्यवसायी,
(२) सरकारी वकिल,
(३) विशेषज्ञ,
(४) अभियुक्त,
(५) पीडित तथा निजको संरक्षक,
(६) अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी ।

**जिल्ला अदालत नियमावली, २०५२ नियम ४६ख.**
**पुनरावेदन अदालत नियमावली, २०४८ नियम ६०क.**
**सर्वोच्च अदालत नियमावली, २०४९ नियम ६७क.**

**३.७ फैसलामा बन्द इजलासबाट सुनुवाइ भएको व्यहोरा उल्लेख गर्नेः**

बन्द इजलासबाट हेरिएका मुद्दाहरूको फैसला तयार गर्दा सो फैसलामा बन्द इजलासबाट सुनुवाइ भएको

भनी उल्लेख गर्नुपर्छ र सो फैसलाको नक्कल मुद्दाका सम्बन्धित पक्ष र निजका कानून व्यवसायीबाहेकका अन्य व्यक्तिले लिन नपाउने व्यहोरासमेत उल्लेख गर्नुपर्नेछ ।

### ३.८ बन्द इजलास सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू:

बन्द इजलाससम्बन्धी अन्तरराष्ट्रिय कानूनी व्यवस्था एवम् राष्ट्रिय कानूनमा भएका व्यवस्था गम्भीर प्रकृतिका खासगरी सार्वजनिक चासो र सरोकारका मुद्दा एवम् महिला, पिछडिएको वर्ग तथा उपेक्षित वर्गका मानिस संलग्न मुद्दामा आफूलाई परेका पीरमर्का वा आफूविरुद्ध भएका घटनाक्रमलाई सहज रूपमा प्रस्तुत गरी सही तवरमा न्याय प्रदान गर्न सकियोस् भनी विकसित गरिएका मान्यता हुन् । संयुक्त राष्ट्रसंघप्रति आबद्ध भएकाले यसबाट घोषित बन्द इजलाससम्बन्धी मान्यताप्रति उत्तिकै रूपमा सजग भई उक्त प्रक्रियालाई नेपालले कार्यान्वयन गर्नपर्ने हुन्छ । यस बाहेक पनि निश्चित प्रकृतिका मुद्दामा यस्तो प्रक्रिया अवलम्बन गर्ने भनी दक्षिण एसिया क्षेत्रीय तहमा “वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखनविरुद्धको सार्क महासन्धि” मा प्रतिबद्धता व्यक्त गरिसकेको परिस्थितिमा बन्द इजलासको प्रक्रिया अवलम्बन गर्न आफू पक्ष रहेको क्षेत्रीय महासन्धिको कारणले पनि नेपाल आफ्नो दायित्वबाट विमुख हुन सक्तैन । यही प्रतिबद्धताको फलस्वरूप नेपालले आफ्ना कानूनी प्रक्रियामा यससम्बन्धी मान्यताको कार्यान्वयनलाई सुनिश्चितता दिने प्रयत्न गरेको छ ।

**दक्षिण एसिया क्षेत्रीय तहमा “वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखनविरुद्धको सार्क महासन्धि”**

तर कानूनद्वारा निर्दिष्ट गरिएको बन्द इजलास कायम गर्ने कुरामा कतिपय अन्योलता पनि छ । बन्द इजलास कसरी कायम गर्न सकिन्छ ? इजलासका ढोका थुनेर कानून व्यवसायीले गरेका बहस सुन्ने व्यवस्था बन्द इजलास कायम गर्ने कुराको पर्याप्तता हो वा यो मान्यता त्यसभन्दा बढी हो ? बन्द इजलासबाट सुनुवाइ हुने मुद्दा अदालतमा दर्ता भइसकेपछि मात्र बन्द इजलास सुरु हुन्छ वा सो भन्दा बाहिर पनि यसको क्षेत्र विस्तार हुन्छ ? बन्द इजलासको भौतिक वातावरण के कस्तो हुनुपर्ने र त्यसको व्यवस्थापन पक्ष कसरी गर्ने ? यी यस्ता ज्वलन्त प्रश्नहरू बन्द इजलासको प्रक्रिया कायम गर्ने कुरासँग गाँसिएका छन् ।

### ३.९ निरन्तर सुनुवाइको पृष्ठभूमी, अवधारणा:

मुद्दाको प्रकृतिको आधारमा गम्भिर र संवेदनशील प्रकृतिका मुद्दामा छिटो छरितो र प्रभावकारी रुपमा न्याय सम्पादन गर्ने उद्देश्यले अदालतमा निरन्तर सुनुवाइको अवधारणा विकास भएको छ।निरन्तर सुनुवाइ गरिने मुद्दामा सरकारवादी फौजदारी मुद्दाका हकमा अदालत तोकेको दिनमा साक्षी गवाह पेश गर्नुपर्ने हुन्छ । त्यस्तो मुद्दाका साक्षी प्रमाणहरू तत्कालै उपलब्ध गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाइलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिन्छ । कार्यविधि पुरा भएपछि थप प्रमाण परीक्षण

गर्न आवश्यक नभए अदालतले तत्काले निर्णय गर्न सक्दछ ।

फौजदारी न्याय प्रशासन आफैमा एक गतिशील र परिवर्तनीय अवधारणा हो । यसमा समय सापेक्ष सुधार र परिवर्तन अपरिहार्य मानिन्छ । मूलतः अपराधकर्मीको अपराध गर्ने तौर तरिका, पीडितमा त्यसले पारेको असर र पीडितको न्यायिक अपेक्षा समेतलाई दृष्टिगत गरी फौजदारी न्याय प्रशासनमा परिवर्तन गर्नु पर्ने हुन्छ । अब समाज परम्परागत अपराधमा मात्र सीमित नभई समाजमा संगठित अपराधले समेत जरो गाडिसकेको अवस्थामा छ । परम्परागत अपराधमा साक्षी प्रमाण, सवुद संकलन गर्न सहज हुन्छ तर संगठित अपराधमा साक्षी प्रमाण सवुद संकलन र साक्षी परीक्षण गर्ने कार्य निक्कै नै कठिन हुन्छ । अबको न्याय प्रणालीमा अभियुक्तलाई सजाय दिए पुग्ने परम्परागत न्यायप्रणालीमा मात्र सीमित नरही पीडितलाई न्याय प्रदान गर्नु पर्ने जिम्मेवारी समेत रहेको अवस्थामा छ ।

**३.९.१ निरन्तर सुनुवाइ सम्बन्धी कानूनी व्यवस्थाः**

**नियम २३ ग मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिनेः**

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची ४(ख) बमोजिमका मुद्दाहरू अदालतमा अभियोगपत्र पेश भएपछि अभियोग लगाइएका सबै प्रतिवादीहरू उपस्थित गराइएकोमा निजहरूको बयान गराई अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिनेछ।

(२) उपनियम (१) बमोजिमका मुद्दाहरू मध्ये सरकार वादी फौजदारी मुद्दाका हकमा अदालतले तोकेको दिनमा अभियोजनकर्ताले समेत साक्षी गवाह पेश गर्नु पर्नेछ ।

(३) प्रतिवादीले वयान गर्दा खुलाएका साक्षी प्रमाणहरू तत्काले निजले उपस्थित गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाइलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिनेछ ।

(४) उपनियम (१) र (३) बमोजिमको कार्यविधि पूरा भएपछि थप प्रमाण परीक्षण गर्न आवश्यक नभए अदालतले तत्काले निर्णय गर्न सक्नेछ ।

जिल्ला अदालत नियमावली, २०५२ दफा २३ (ग)

अपहरण तथा शरीर बन्धक, आगलागी, घरेलु हिंसा सम्बन्धी, सबै प्रकारका चोरी, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, ठगी, मानव वेचविखन तथा ओसार पसार, लागू औषध, सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरू

**निरन्तर सुनुवाइ गर्नुपर्ने मुद्दाहरूः**

जिल्ला अदालत नियमावली, २०५२ मा आँठौं संशोधन गरी अति गम्भिर र मानवता विरुद्धको अपराधका मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिने व्यवस्था गरेको छ । सो संशोधनले थप गरेका नियम २३ ग. र अनुसूची ४ख. का व्यवस्थाहरू देहायबमोजिम रहेका छनः

नियमावलीको २३ग. मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिनेः

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूची ४ख. बमोजिमका मुद्दाहरू अदालतमा अभियोगपत्र पेश

जिल्ला अदालत नियमावली, २०५२ मा आँठौं संशोधन नियम २३ ग. र अनुसूची ४ख

भएपछि अभियोग लगाईएका सबै प्रतिवादीहरू उपस्थित गराईएकोमा निजहरूको बयान गराई अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिनेछ । (२) उपनियम (१) बमोजिमका मुद्दाहरूमध्ये सरकारवादी फौजदारी मुद्दाका हकमा अदालतले तोकेको दिनमा अभियोजनकर्ताले समेत साक्षी गवाह पेश गर्नु पर्नेछ । (३) प्रतिवादीले बयान गर्दा खुलाएका साक्षी प्रमाणहरू तत्कालै निजले उपस्थित गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाइलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिनेछ । (४) उपनियम (१) र (३) बमोजिमको कार्यविधि पुरा भएपछि थप प्रमाण परीक्षण गर्न आवश्यक नभए अदालतले तत्कालै निर्णय गर्न सक्नेछ । अनुसूची ४ख. लगातार कारवाही र सुनुवाइ गरिने मुद्दाहरू

(१) अपहरण तथा शरीर बन्धक,
(२) आगलागी,
(३) घरेलु हिंसा सम्बन्धी,
(४) सबै प्रकारको चोरी,
(५) जबरजस्ती करणी,
(६) जीउ मास्ने बेच्ने,
(७) ठगी,
(८) मानव वेचविखन तथा ओसार पसार,
(९) लागू औषध,
(१०) सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरू ।

**३.९.२ निरन्तर सुनुवाइ प्रयोग एवम् कार्यान्वयनको अवस्था तथा पछिल्लो न्यायिक दृष्टिकोणः**

महिला र बालबालिका दुवै अति संवेदनशील वर्ग हुन्, यी दुवै वर्गलाई राज्यको संरक्षण आवश्यक पर्ने, महिला पीडित भएका सबै खाले मुद्दा र खास गरी घरेलु हिंसा सम्बन्धी महिला पीडित भएका मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट मुद्दा हेरिदा महिलाहरूले न्याय पाएपनि लामो परिश्रम र ढिलो गरी न्याय पाउन सामान्य अदालतमा जाँदा Humiliate भएर न्याय प्राप्ति गर्ने अवस्था आउने. भएकाले राज्यले महिला पीडित भएका सबै खाले फौजदारी मुद्दा र खास गरी घरेलु हिसा सम्बन्धी मुद्दा मात्र हेर्ने वेग्लै अदालत गठन गर्दा त्यस्ता महिलाले छिटो छरितो र सुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा

**महिला तथा बालबालिका पीडित भएका मुद्दामा सर्वोच्च अदालतबाट ज्योति पौडेल विरुद्ध मन्त्रिपरिषद् सचिवालय (ने.का.प. २०६६, अंक १२, पृष्ठ १२०१)**

खास गरी घरेलु हिंसाबाट पीडित भएका मुद्दा हेर्न एउटा Fast Track Court गठन गर्नु पर्ने हुँदा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा निर्देशात्मक आदेश जारी भएको छ ।

त्यसैगरी माइती नेपालकी उमा तामाङ्ग, शक्ति समूहकी सुनिता दनुवार र महिला, कानून र विकास मञ्चकी शुषमा गौतमले निरन्तर सुनुवाइका लागि पेश भएको परमादेशको रिट निवेदनमा सर्वोच्च अदालतका माननीय न्यायाधीश द्वय श्री कल्याण श्रेष्ठ र श्री वैद्यनाथ उपाध्यायको संयुक्त इजलासबाट २०७० श्रावण १६ गते सबै जिल्ला अदालतहरूलाई अनिवार्य रुपमा निरन्तर सुनुवाइ गर्नु गराउनु भनी महान्यायाधिवक्ताको कार्यालय र प्रधानमन्त्रीको कार्यालयलाई सो सम्बन्धी प्रशासनिक कार्य गर्नका लागि सम्बन्धित निकायका नाममा निर्देशन जारी भएको अवस्था छ ।

**उमा तामाङ्ग समेतको निरन्तर सुनुवाइका लागि पेश भएको परमादेशको रिट निवेदनमा सर्वोच्च अदालतका माननीय न्यायाधीश द्वय श्री कल्याण श्रेष्ठ र श्री वैद्यनाथ उपाध्यायको संयुक्त इजलासबाट २०७० श्रावण १६ भएको निर्देशनात्मक आदेश**

जिल्ला अदालत नियमावली, २०५२ को आठौं संशोधनबाट थप भएको नियम २३ग  बमोजिमको मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिने भनी ऐ. नियमावलीको अनुसूची–४ख मा तोकिएका मुद्दाहरूको हकमा लगातार सुनुवाइ गर्ने कानूनी व्यवस्थाको प्रयोगलाई ऐच्छिक रुपमा नभई अनिवार्य रुपमा कार्यान्वयन गर्न गराउन जो चाहिने निर्देशिका निर्माण गर्ने, जनशक्तिलाई प्रशिक्षित गर्न पर्ने भए सो गर्न समेतको लागि आवश्यक श्रोत साधनको व्यवस्था गर्ने, लगातार सुनुवाइ गरिने मुद्दाहरूको सुनुवाइ प्रकृयालाई पूर्वानुमानमा आधारित तुल्याई सुनिश्चित गर्न मुद्दा व्यवस्थापनको क्षेत्रमा गर्नु पर्ने सुधार समेत गर्नका लागि आवश्यकपर्ने बजेट विनियोजनको लागि सरकारसँग माग गर्नुपर्ने भए सो गर्ने गराउने र मुद्दाको सुनुवाइ तालिका निर्माण गर्ने गराउने, लगातार सुनुवाइको व्यवस्थालाई सूचारु गरी न्यायलाई सुनिश्चित गर्न मुद्दाका सरोकारवाला पक्ष, सरकारी वकिल, प्रतिवादीका कानून व्यवसायीसमेतसँग निरन्तर रुपमा आवश्यक छलफल, सहयोग र समन्वय गरी मुद्दाको कारवाहीलाई सहजीकरण गर्न सम्बन्धित अदालत भित्रै एक छुट्टै संयन्त्र गठन गरी शिघ्राति सिघ्र जो चाहिने आवश्यक व्यवस्था मिलाउनु भनी सर्वोच्च अदालतका रजिष्ट्रारको नाममा परमादेश जारी भएको छ ।

# परिच्छेद – चार

## विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम गर्ने कार्यविधि

# परिच्छेद–चार
# विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने कार्यविधि

## ४.१ मुद्दामा पक्षहरूको गोपनीयता कायम गर्नुपर्ने आवश्यकताः

न्याय निरोपणको सिलसिलामा सञ्चालन गरिने अदालती कारबाही सामान्यतया खुला रूपमा सञ्चालन हुनुपर्छ भन्ने मान्यता राखिन्छ । अदालती कारबाही खुला रूपमा सञ्चालन गरिने भनेको मुद्दाको सुनुवाइको प्रक्रियामा मुद्दामा प्रत्यक्ष रूपमा संलग्न रहने वादी प्रतिवादी, निजहरूको कानून व्यवसायी, अदालतका कर्मचारीका अलावा अदालती कारबाहीमा सहभागी हुन इच्छुक अन्य सर्वसाधारण र सञ्चारकर्मीसमेतको पनि पहुँच हुनु हो । खुला इजलासको अवधारणाअनुसार सामान्यतया अदालतमा मुद्दाको सुनुवाइ हुँदा मुद्दाकासम्बन्धित पक्षहरूलाई खुला रूपमा प्रस्तुत गरिन्छ । मुद्दाको कारबाहीको सिलसिलामा तयार गरिएका लिखतको व्यहोरा तथा मुद्दाका तथ्यहरूसमेत खुला रूपमा प्रस्तुत गरिन्छन् । यसको अर्थ त्यस्ता लिखतको व्यहोरा तथा तथ्यहरूको जानकारी सुनुवाइका बखत इजलासमा उपस्थित अन्य व्यक्तिहरूले पनि लिन सक्दछन् । खुला रूपमा सञ्चालन गरिने न्यायिक कारबाहीबाट न्याय सम्पादनको प्रक्रियामा निष्पक्षताको अनुभूति दिलाउन र मुद्दाका पक्षहरूलाई समान व्यवहार गरिएको प्रत्याभूति दिलाउन मद्दत पुग्दछ । यति मात्र पनि होइन, खुला रूपमा गरिने कामकारबाहीले न्यायिक कार्यमा संलग्न न्यायकर्मी र निकायहरूको उत्तरदायित्व अभिवृद्धि गर्न पनि मद्दत पुऱ्याउँछ । तर न्याय सम्पादनको सिलसिलामा गरिने काम कारबाही सधैं सबै अवस्थामा खुला रूपमा गरिनुपर्छ भन्ने मान्यता सही होइन । न्यायिक प्रक्रिया सामान्य रूपमा खुला रूपमा सञ्चालन गरिने भए तापनि सार्वजनिक नैतिकता कायम राख्ने, राष्ट्रिय सुरक्षा कायम राख्ने, मुद्दाका पक्ष तथा साक्षीहरूलाई मनोवैज्ञानिक, सामाजिक, शारीरिक तथा सुरक्षाका दृष्टिकोणबाट पर्न सक्ने नकारात्मक असरबाट जोगाउनको लागि केही विशेष अवस्थामा गोप्य रूपमा सञ्चालन गर्नुपर्ने पनि हुन्छ ।

हाम्रोजस्तो अशिक्षित तथा परम्परावादी सोच भएको समाजमा सबै वर्गहरूको समान हैसियत र अवस्था रहेको परिकल्पना गर्न सकिँदैन । समाजका सबै सदस्यहरूले समान रूपमा प्राप्त गरेका अधिकारहरूको उपभोग समान रूपमा गर्न सकिरहेको अवस्था छैन । समाजमा विद्यमान धार्मिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक कारणहरूले गर्दा खासगरेर महिला वर्ग पुरुष वर्गको तुलनामा सामाजिक, राजनीतिक, शैक्षिक, स्वास्थ्य लगायतका क्षेत्रहरूमा समान अवसरहरू उपभोग गर्नबाट वञ्चित हुनुपरेको अवस्था छ । परम्परावादी सोचका कारण जबरजस्ती करणी, मानव बेचबिखन, हाडनाता करणी, घरेलु हिंसा लगायत महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसाका घटनाबाट पीडित भएका महिलाहरूलाई हेर्ने सामाजिक दृष्टिकोण भिन्न रहेको छ । विशेषगरी जबरजस्ती करणीमा परेका तथा बेचबिखनमा परेर बलपूर्वक यौनजन्य कार्यमा लगाइएका महिलाहरूलाई समाजले अपवित्र करार गर्नुका साथै कहिलेकाहीं उनीहरूको चरित्रमा नै प्रश्नचिन्ह उठाउने गर्दछ । कतिपय समाजमा त त्यस्ता महिलाहरूलाई परिवारले स्वीकार

नगर्ने प्रचलन पनि रहेको छ । यसले गर्दा यस्ता किसिमका अपराधबाट पीडित भएका महिलाहरूको व्यक्तिगत परिचयात्मक विवरण तथा घटनाको तथ्य सार्वजनिक गरियो भने उनीहरूले न्यायको अनुभूति गर्नेभन्दा पनि समाजबाट लाञ्छित भई थप पीडा बेहोर्नुपर्ने अवस्था आउँछ । यसैगरी उनीहरूलाई अपराधमा संलग्न हुने आपराधिक समूहबाट विभिन्न डर, धाक, धम्की आई तिनीहरूको जीउ–ज्यान नै जोखिममा पर्न पनि सक्छ । यस्तो अवस्थामा उनीहरूले आफूविरुद्ध भएको अन्यायको कानूनी उपचार खोज्ने कार्य तथा अपराध पुष्टि गर्न अदालतमा साक्षीको रूपमा उपस्थित हुने कार्य नै परित्याग गरिदिने अवस्था आउनसक्छ ।

एच.आई.भी./एड्स रोग, यसको सङ्क्रमण तथा यसबाट सङ्क्रमित व्यक्तिहरूबाट अन्य व्यक्तिमा पर्न सक्ने असरका बारेमा समाजमा सही ज्ञानको अभावको कारण सङ्क्रमित तथा प्रभावित व्यक्तिहरूप्रतिको दृष्टिकोण नकारात्मक रहेको छ । यस किसिमका रोगीसँग सँगै बस्नै नहुने, उनीहरूलाई छुनै नहुनेजस्ता सोचाइको कारण यस्ता रोगीहरू घरपरिवार तथा समुदायबाट बहिष्कृत हुनुपरेको अवस्था छ । उनीहरूले शिक्षा, स्वास्थ्यजस्ता सार्वजनिक सेवाहरू तथा रोजगारीका अवसर प्राप्तिमा समेत कठिनाइ बेहोर्नुपरेको छ । यस्तो अवस्थामा उनीहरूलाई आफ्नो अधिकार प्राप्तिको लागि न्यायिक उपचारको आवश्यकता पर्छ । न्यायिक कारबाहीको सिलसिलामा उनीहरूको सङ्क्रमित तथा प्रभावित अवस्थालाई उदाङ्गो पारियो भने समाजमा थप अपहेलित तथा बहिष्कृत हुने भयले न्यायिक कारबाहीको बाटो नै परित्याग गर्न सक्छन् ।

समाजमा वयस्क मानिसले अपराध गरेजस्तै बालबालिका पनि कानूनविपरीतको कार्यमा संलग्न रहन सक्दछन् । बाल्यावस्थामा कुनै बालबालिका कानूनको विवादमा पर्नु भनेको एक प्रकारको विशेष अवस्था हो । बालबालिकाहरू स्वभावैले जिज्ञासु हुने भएकाले जिज्ञासावश विभिन्न कार्यहरू गर्न पुगेका हुन्छन् । त्यस्तो कार्य गर्दा उनीहरू अरूलाई हानी पुऱ्याउने भन्दा पनि आफ्नो जिज्ञासा मेट्ने चाहना राखेका हुन्छन् । उनीहरूमा विद्यमान अपरिपक्वताका कारण आफूले गरेको कार्यको प्रकृति र परिणामको आँकलन गर्न सकेका हुँदैनन् । कतिपय बालबालिकाले अर्काको अह्राइ सिकाइमा लागेर वा लहलहैमा लागेर त्यस्तो कार्य गर्न पुगेका पनि हुन्छन् । बालिग सरह आफैंले सोच विचार गरेर काम गर्ने क्षमता यिनीहरूमा हुँदैन । त्यसैले कुनै कार्यको परिणाम नै नबुझी अबोध अवस्थामा गरिएको कार्यबापत पनि बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण सार्वजनिक गरियो भने यी बालबालिकाहरू जिन्दगीभर दागी हुनुपर्ने, सामाजिक रूपमा लाञ्छित हुनुपर्ने र अज्ञानमा हुन गएको सानो गल्तीले गर्दा निजको बाँकी जीवनभर कष्ट वा संकट उत्पन्न हुनसक्ने स्थिति पैदा हुनसक्छ । कानून उल्लंघन गरेबापत बालबालिकाउपर कारबाही गर्नुको उद्देश्य निजलाई सजाय गरी सदाका लागि कलंकित गराउनु नभई निजहरूमा सुधारको सम्भावना खोजी समाजमा पुनर्स्थापित गराउनु रहेको हुँदा बालबालिकाको सर्वोत्तम हितका लागि न्यायिक प्रक्रियामा संलग्न हुन आउन बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न जरुरी देखिन्छ ।

**४.२ व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाहरू:**

व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी सम्बन्धित अधिकारीले निर्णय गरी तोकिदिएका देहायका प्रकृतिका मुद्दाहरूमा व्यक्तिहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने हुन्छ :

(क) पीडितको रूपमा महिला संलग्न भएका देहायका मुद्दाहरू–
- (१) जबरजस्ती करणी सम्बन्धी मुद्दा
- (२) गर्भपतन सम्बन्धी मुद्दा
- (३) महिलामाथि भएका जुनसुकै प्रकारका यौन दुव्र्यवहार सम्बन्धी मुद्दाहरू
- (४) मानव बेचबिखन सम्बन्धी मुद्दा
- (५) जीउ मास्ने बेच्ने सम्बन्धी मुद्दा
- (६) हाडनाता करणी सम्बन्धी मुद्दा
- (७) महिलाविरुद्धको हिंसा सम्बन्धी मुद्दा
- (८) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका अन्य मुद्दाहरू

(ख) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू ।

(ग) एच.आई.भी/एड्सबाट प्रभावित वा सङ्क्रमित भएका व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू ।

**"विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४" २. परिभाषा:**
(क) 'मुद्दा'

**४.३ गोपनीयता कायम राख्नुपर्ने विवरणहरू:**

माथि प्रकरण ४.२ मा उल्लेख भएबमोजिमका मुद्दाहरूमा कुनै व्यक्तिको हकमा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने निर्णय भएको रहेछ भने निजको परिचयात्मक विवरण खुल्न सक्ने देहायका विवरणहरू गोप्य राख्नुपर्नेछ :

(क) प्रकरण ४.२ को खण्ड (क) मा उल्लिखित मुद्दाहरूको हकमा पीडित महिलाको नाम, थर र वतन

(ख) प्रकरण ४.२ को खण्ड (ख) मा उल्लिखित मुद्दाको हकमा पक्षको रूपमा रहेका बालबालिकाको नाम, थर र वतन

(ग) माथि खण्ड (क) र (ख) मा उल्लिखित मुद्दाहरूका हकमा पीडित महिला र पक्ष बालबालिकाको बाबुआमाको नाम, थर र वतन

(घ) खण्ड (क) मा उल्लिखित मुद्दाको हकमा पीडित महिला विवाहित रहिछन् भने निजको पतिको नाम, थर र वतन

(ङ) खण्ड (ख) मा उल्लिखित मुद्दाको हकमा कुनै बालबालिका कुनै व्यक्तिको संरक्षकत्वमा रहेको स्थिति भए निज संरक्षकको नाम, थर र वतन

(च) प्रकरण ४.२ को खण्ड (ग) मा उल्लिखित मुद्दाको हकमा एच.आई.भी.

**कार्यविधि निर्देशिका, २०६४ को (ख) 'व्यक्तिगत परिचयात्मक विवरण'**

/एड्सबाट प्रभावित वा सङ्क्रमित भएको व्यक्तिको त्यसरी प्रभावित वा सङ्क्रमित भएको पहिचान खुल्न सक्ने विवरण

(छ) माथि उल्लेख भए अतिरिक्त अन्य कुनै कुरा (जस्तो फोटो, कुनै विद्यालय वा संघसंस्थासँगको आवद्धता आदि) बाट पनि निजहरूको वैयक्तिक पहिचान खुल्न सक्ने स्थिति देखिएमा वा एच.आई.भी./एड्सबाट प्रभावित वा सङ्क्रमन भएको पहिचान खुल्न सक्ने लगायतका सम्पूर्ण सम्वद्ध विवरणहरु

**४.४ गोपनीयता कायम राख्ने मुद्दामा नक्कल दिने प्रक्रियाः**

गोपनीयता कायम राख्ने मुद्दाका मिसिल कागजातको नक्कल सरोकारवाला वादी, प्रतिवादी, पीडित समेतका सीमित सम्बद्ध व्यक्ति वा निकायले मात्र पाउँने छन् र त्यस्तो नक्कल दिंदा व्यक्तिगत पहिचान नखुल्ने गरी संकेत वा परिवर्तित नाम उल्लेख गरिएको विवरण मात्र दिइनेछ । पहिचान गोप्य राखिएको कागजातको नक्कल कानूनी प्रयोजन बाहेक कसैलाइ पनि दिइने छैन ।

**४.५ गोपनीयता कायम राख्ने मुद्दामा म्याद तामेली प्रक्रियाः**

अदालतबाट जारी गरिने म्याद तामेल गर्न पठाउँदा गोप्य राख्नु पर्ने व्यक्तिको परिचयात्मक विवरणको सट्टा संकेत नाम उल्लेख गर्नु पर्दछ । परिचयात्मक विवरण गोप्य राख्नु पर्ने व्यक्तिका नाममा नै म्याद जारी गर्नु पर्ने भएमा मुद्दाको व्यहोरा अनुमान गर्न नसक्ने गरी सम्बन्धित व्यक्तिको नाम उल्लेख गर्नु पर्दछ । परिचयात्मक विवरण गोप्य राखेको म्यादको वास्तविक विवरण तामेलदारलाई उपलब्ध गराई निजले तामेलीका बखत आवश्यकता अनुसार साक्षी बस्ने व्यक्तिलाई उक्त विवरण देखाउन हुन्छ तर सो विवरणलाई अन्यन्त्र व्यक्त नगरी गोपनीयता कायम गर्न सम्झाई बुझाई गर्नु पर्नेछ । पुनरावेदन तहको अदालतले जिल्ला अदालतले म्याद तामेल गर्न पठाउँदा संकेत नामबाटै म्याद जारी गर्नु पर्ने र सम्बन्धित कर्मचारीको जानकारीका लागि वास्तविक विवरण समेत बन्द गरी पठाउँनु पर्ने हुन्छ ।

**४.६ गोपनीयता कायम राख्ने मुद्दाको समाचार प्रकाशनः**

गोपनीयता कायम राख्ने मुद्दाको समचार प्रकाशन गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका मुद्दाको घटना विवरण र सो सम्बन्धी समचार प्रकाशन गर्दा सम्बन्धित पीडितको पहिचान नखुल्ने गरी मात्र गर्नु पर्नेछ । यसका लागि पहिचान नखुल्ने गरी संकेत नाम दिन नाम परिवर्तन भएको व्यहोरा उल्लेख गर्नु अनिवार्य हुन्छ । कतिपय अवस्थामा घटना भएको स्थलको विस्तृत विवरण र प्रतिवादीको पहिचानले समेत गोप्य राख्नु पर्ने विवरण सार्वजनिक हुन सक्छ भन्ने तर्फ विशेष सजगता अपनाउनु पर्दछ । गोप्य राखिएको परिचयात्मक विवरण सार्वजनिक गरेमा अदालतको आदेशको अपहेलना मानिनेछ र कारवाही हुनेछ ।

**कार्यविधि निर्देशिका, २०६४ को ७. म्याद, सूचना र पत्राचार र ८. सूचना प्रकाशनमा बन्देज**

# परिच्छेद –पाँच

# विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने दिग्दर्शन लागू हुने निकायहरू

# परिच्छेद-पाँच

## विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्ने दिग्दर्शन लागू हुने निकायहरू

प्रस्तुत दिग्दर्शनको माथि प्रकरण ४.२ मा उल्लिखित मुद्दाहरूको कारबाहीमा लागू हुने विषय भएकोले स्वाभाविक रूपमा यो दिग्दर्शन ती मुद्दाहरूको कारबाहीमा संलग्न हुने सबै निकाय र ती निकायका पदाधिकारीहरूलाई लागू हुन्छ । तर मुद्दाको कारबाहीमा सोसँग सम्बन्धित निकाय र तिनमा कार्यरत पदाधिकारी एवम् कर्मचारीहरू मात्र संलग्न हुने नभएर विभिन्न व्यक्तिहरू, विद्यालय र अस्पतालहरू पनि साक्षीका हैसियतमा साक्षी परीक्षणका क्रममा वा स्वास्थ्य परीक्षण वा अन्य परीक्षणका क्रममा संलग्न हुनुपर्ने अवस्थाहरू आउँछन् । यी अवस्थाहरूमा साक्षीका रूपमा उपस्थित हुने व्यक्ति, परीक्षणका क्रममा संलग्न हुने चिकित्सक, जन्म मिति लगायतका विवरण उपलब्ध गराउने शिक्षक आदिले पनि गोप्य राख्नुपर्ने विवरणहरू थाहा पाउने र तिनले गोपनीयता कायम नराखिदिने हो भने कारबाहीमा संलग्न हुने निकायहरूले गोपनीयता कायम राखिदिएर मात्र यसको उद्देश्य पूरा नहुने हुँदा सम्बन्धित सबै व्यक्ति र निकायहरूका हकमा यो कार्यविधि दिग्दर्शन लागू हुनु आवश्यक देखिन्छ । यसैले यो दिग्दर्शन देहायको काम कारबाहीको सिलसिलामा देहायका निकाय र व्यक्तिहरूलाई लागू हुन्छ :

**कार्यविधि निर्देशिका, २०६४ को ३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने**

- अदालत तथा मुद्दा हेर्ने अन्य निकाय र पदाधिकारीहरू,
- महान्यायाधिवक्ताको कार्यालय मातहतका सरकारी वकिलको कार्यालयहरू
- प्रहरी कार्यालय लगायत मुद्दाको उजुरी लिने र अनुसन्धान गर्ने निकायहरू,
- कानून व्यवसायी तथा अदालतका अन्य प्रयोगकर्ताहरू,
- सञ्चार क्षेत्र,
- परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा संलग्न हुने प्रयोगशाला लगायतका अन्य निकायहरू,
- परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा विशेषज्ञ/साक्षीका रूपमा उपस्थित हुने व्यक्तिहरू,
- अदालती कारबाही वा अन्य सिल्सिलामा परिचयात्मक विवरण थाहा पाएका अभिभावक, संरक्षक वा अन्य संघ संस्था र व्यक्तिहरू,

**ऐजन**

**५.१ अदालत तथा मुद्दा हेर्ने अन्य निकायहरूः**

- फिरादपत्र, अभियोगपत्र, पुनरावेदनपत्र, प्रतिउत्तरपत्र, लिखित जवाफ, विभिन्न किसिमका निवेदनपत्र लगायतका लिखतहरू दर्ता गर्दा,
- प्रतिवादी लगायत विभिन्न व्यक्तिहरूका नाउँमा म्याद सूचना जारी गर्दा,
- मुद्दाका पक्षहरूको बयान, साक्षी, विशेषज्ञहरूको बकपत्र लगायत कुनै किसिमको कागज गराउँदा,

- अनुसन्धानको क्रममा पीडितको बयान गर्दा र त्यसको प्रमाणित गर्दा,
- प्रतिवादीलाई थुनामा राख्ने म्याद थप गर्दा,
- मुद्दाको सुनुवाइ गर्दा,
- मुद्दाको कारबाहीको सिलसिलामा पत्राचार गर्दा,
- कैफियत प्रतिवेदन लेख्दा,
- मुद्दाको कारबाहीको सिलसिलामा विभिन्न किसिमका मुचुल्काहरू तयार गर्दा,
- फैसला कार्यान्वयन गर्दा,
- सूचना सम्प्रेषण गर्दा,
- व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अन्य अवस्थामा,
- लिखत र फैसलाको नक्कल उपलव्ध गराउँदा,

**५.२ महान्यायाधिवक्ताको कार्यालय मातहतका सरकारी वकिलको कार्यालयहरूः** ऐजन

- अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतलाई निर्देशन दिंदा,
- प्रतिवादीको बयान गराउँदा,
- विभिन्न पत्राचार गर्दा,
- मुद्दा चल्ने नचल्ने विषयमा निर्णय गर्दा,
- राय प्राप्त भए पछि निर्देशन दिंदा,
- अभियोगपत्र दायर गर्दा,
- साक्षी उपस्थित गराउँदा,
- अदालतमा साक्षीहरूको बकपत्र गराउँदा,
- पुनरावेदन, निवेदन, लिखित जवाफ लेख्दा,
- अदालतसमक्ष उपस्थित भई बहस पैरवी गर्दा,
- व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अन्य अवस्थामा,

**५.३ प्रहरी कार्यालय लगायत मुद्दाको अनुसन्धान गर्ने निकायहरूः** ऐजन

- जाहेरी दरखास्त दर्ता गर्दा,
- अपराधको घटनामा संलग्न भएका व्यक्तिहरूलाई पक्राउ गर्दा,
- घटनास्थलमा पुगी घटनाका सम्बन्धमा विभिन्न प्रकृतिका मुचुल्काहरू तयार गर्दा,
- प्रमाणहरू संकलन गर्दा,
- विभिन्न किसिमका पत्राचार गर्दा (अस्पताल, विधि विज्ञान प्रयोगशाला आदि),
- पीडित लगायत अन्य व्यक्तिको कागज गराउँदा,
- प्रतिवादीको बयान गराउँदा,

- प्रतिवादीहरूलाई म्याद थपको लागि अदालत वा मुद्दा हेर्ने अन्य निकायसमक्ष पेस गर्दा,
- पीडितको बयान प्रमाणितको लागि अदालतसमक्ष पेस गर्दा,
- साक्षीहरूलाई बकपत्रको लागि अदालतसमक्ष पेस गर्दा,
- अदालतबाट भएको कैद जरिवाना असुल गर्नेजस्ता फैसला कार्यान्वयन गर्दा,
- व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अन्य अवस्थामा,

५.४ **कानून व्यवसायी तथा अदालतका अन्य प्रयोगकर्ताहरूः** ऐजन

- फिराद, प्रतिउत्तर, निवेदन, पुनरावेदन, लिखित जवाफ आदि लिखतहरूको मस्यौदा गर्दा,
- अदालतमा पक्षका साक्षीहरूको बकपत्र गराउँदा तथा विपक्षीका साक्षीहरूको जिरह गर्दा,
- अदालतसमक्ष उपस्थित भई बहस पैरवी गर्दा,
- व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अन्य अवस्थामा,

५.५ **सञ्चार क्षेत्रः** ऐजन

- छापा तथा विद्युतीय माध्यमबाट मुद्दाको विषयवस्तुको बारेमा सूचना सम्प्रेषण गर्दा,
- मुद्दा सम्बन्धी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिहरूको नाम, थर, वतन उल्लेख गर्नुपर्दाको अवस्था,

५.६ **परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा संलग्न हुने अस्पताल प्रयोगशाला लगायतका अन्य निकायहरूः** ऐजन

- मुद्दामा पक्ष भएका बालबालिकाको उमेर यकिन गर्ने सम्बन्धमा सम्बन्धित हुन आउने विद्यालय, स्थानीय पञ्जिकाधिकारीले उमेर सम्बन्धमा अदालत तथा अनुसन्धान गर्ने निकायमा पत्राचार गर्दा,
- उमेर परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले बालबालिकाको उमेर परीक्षण गर्ने तथा सो सम्बन्धी विवरण तयार गर्ने पठाउने गर्दा,
- बालबालिकालाई राख्ने सुधार गृह, जिम्मा लिने अन्य निकाय संघसंस्थाले बालबालिका सम्बन्धी अभिलेख राख्दा र सम्बन्धित निकायमा पत्राचार गर्दा,
- कैदी तथा थुनुवा राख्ने कारागारले अभिलेख राख्दा तथा सम्बन्धित निकायमा पत्राचार गर्दा,
- भौतिक सबुद प्रमाण परीक्षण गर्ने निकायले परीक्षण प्रतिवेदनको अभिलेख राख्दा तथा  सम्बन्धित निकायमा पत्राचार गर्दा,

- पीडित महिलाहरूलाई राख्ने पुनस्र्थापना केन्द्रले पीडितको विवरणको अभिलेख राख्दा तथा सम्बन्धित निकायमा पत्राचार गर्दा,
- परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा साक्षी तथा विशेषज्ञ साक्षीका रूपमा उपस्थित हुने व्यक्तिहरूले आफूले थाहा पाएको गोप्य राख्नुपर्ने परिचयात्मक विवरणका सम्बन्धमा अन्य व्यक्तिसँग प्रकाशमा ल्याउँदा,

**५.७ परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कारबाहीमा साक्षीका रूपमा उपस्थित हुने व्यक्तिहरूः** **ऐजन**

- परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दामा कुनै तरहले अड्डा अदालतमा उपस्थित भई कागज गर्दाको अवस्थामा,
- परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दामा अदालतमा उपस्थित भई साक्षीको रूपमा बकपत्र गर्दाको अवस्थामा,
- परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दामा अदालतमा उपस्थित भई साक्षीको रूपमा बकपत्र गरी फर्केपछिको अवस्थामा,

# परिच्छेद – छ

## परिचयात्मक विवरण गोप्य राख्ने निर्णय गर्दा विचार गर्नुपर्ने अवस्थाहरू

# परिच्छेद-छ
# परिचयात्मक विवरण गोप्य राख्ने निर्णय गर्दा विचार गर्नुपर्ने अवस्थाहरू

मुद्दाको कारबाहीको सिलसिलामा पक्षहरूको परिचयात्मक विवरण सामान्यतया गोप्य राखिँदैन । परिचयात्मक विवरण गोप्य राख्नुपर्ने अवस्था अपवादात्मक अवस्था हो । महिला, बालबालिका र एच.आई.भी./एड्स प्रभावितहरू समाजमा विद्यमान विभिन्न सामाजिक, सांस्कृतिक एवम् मनोवैज्ञानिक कारणहरूले गर्दा भेदभावबाट पीडित हुनुपर्ने एवम् कानूनद्वारा प्रदत्त हक, अवसर र सुविधाहरूको उपभोग गर्नमा समेत व्यवधान महसुस गर्नुपरेको स्थिति देखिन्छ । परिणाम स्वरूप आफ्नो हक अधिकारको प्रचलन गर्न त परै जाओस्, आफूविरुद्धको हिंसा र अन्यायउपर न्यायिक उपचार खोज्नमा समेत हिच्किचाउनुपर्ने अथवा न्याय सम्बन्धी हक उपभोग नगरी समर्पण गर्न वा अन्याय सहेर बस्न बाध्य हुनुपर्ने स्थिति छ । बालबालिकाहरूका हकमा हो भने यही कारणले जीवनकालको लामो समयसम्म तिनीहरू समाजमा उपेक्षित भएर रहनुपर्ने स्थिति बन्न सक्छ । एच.आई.भी./एड्सबाट प्रभावितहरू सो कुरा प्रकाशमा आएको कारणले मात्र विभिन्न प्रकारका अधिकार र सुविधाबाट वञ्चित हुनुपर्ने तथा यी सुविधा र अधिकारमा तिनीहरूको पहुँच घट्दै जाने हुन्छ । तसर्थ यी वर्गका व्यक्तिहरूको परिचयात्मक विवरणहरू खास अवस्थामा गोप्य राख्ने अभ्यासहरू विकसित भइआएको पाइन्छ । ती अवस्थाहरू देहाय बमोजिम हुन सक्छन् :–

### ६.१ मुद्दाका पक्षको चरित्रमा दाग लाग्न सक्ने किसिमको अवस्थाः

मुद्दामा उल्लिखित कतिपय विषयवस्तु प्रकाशमा आउँदा मुद्दामा संलग्न पक्षहरूको चरित्रका विषयमा समाजले नकारात्मक दृष्टि बनाई उनीहरूको चरित्रमा नै दाग लाग्न सक्ने अवस्था हुन सक्छ । जस्तो बालबालिका कानूनसँग द्वन्द्वमा परेको अवस्थामा निजको कानूनसँग विवादमा परेको कुरालाई प्रकाशमा ल्याइयो भने उसले बाल्यकालमा अवोध अवस्थामा गरेको कार्यबाट निजको चरित्रमा जिन्दगीभर दाग लाग्न सक्छ । यसैगरी जबरजस्ती करणीमा परेका पीडित महिला तथा मानव बेचबिखनमा परेर यौन कार्यमा लगाइएका महिलाहरूको व्यक्तिगत परिचयात्मक विवरण प्रकाशमा ल्याउँदा निजहरूको चरित्रमा नै प्रश्न उठी दाग लाग्न सक्ने अवस्था आउँछ । त्यसैले कुनै पक्ष खासगरेर महिला र बालबालिका पीडित वा पक्ष भएका मुद्दाहरूमा यो अवस्था सिर्जना हुने देखिएमा निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने आदेश दिनुपर्छ ।

### ६.२ मुद्दाका पक्षको सहपाठी सहकर्मीहरूसंगको सम्बन्धमा प्रतिकूल असर पर्ने अवस्थाः

कुनै व्यक्तिको सम्बन्धमा निजबाट भएको घटनाको विवरण वा निजमाथि लागेको कुनै रोगको सङ्क्रमणको अवस्था प्रकाशमा ल्याइयो भने पक्षहरूको आफ्नो सहकर्मीहरूसँगको सम्बन्धमा नकारात्मक असर परी यसबाट उनीहरूको शिक्षा आर्जन गर्ने लगायतका विभिन्न अधिकारहरूको उपभोग गर्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । जस्तै बालबालिकाको कानून विपरीतको कार्यको साथै कसैको एच.आई.भी./एड्स सङ्क्रमित वा प्रभावित अवस्था प्रकाशमा आउँदा आफ्ना सहपाठीहरूबाटै

छिःछिः र दुरदुरको अवस्था भोग्नुपर्ने, विद्यालयमा अध्ययन गरिरहेको स्थिति हो भने यही कारणबाट अध्ययन छोड्नुपर्ने, एकाङ्की जीवन बिताउन बाध्य हुनुपर्ने स्थिति आउन सक्छ । सहपाठीहरू सँगै–साथमा बस्न र संगतमा रहन नमान्ने, कार्यस्थलमा सहकर्मीहरूले सँगै कार्य गर्न नमान्ने अवस्था पनि हुनजान्छ । तसर्थ मुद्दाका पक्षहरूको संवेदनशीलतालाई ध्यानमा राखी यसप्रकारका विवरणहरू गोप्य राख्ने आदेश गर्नुपर्छ ।

**६.३ पक्षको मनोभावनामा हीनतावोध सिर्जना हुने अवस्थाः**

कुनै पनि किसिमको हिंसाजन्य कार्यबाट प्रभावित भएका व्यक्तिहरू शारीरिक रूपमा पीडित हुनुपर्ने र कतिपय अवस्थामा जखमी नै हुनुपर्ने स्थिति छँदैछ, साथसाथै यी कुराहरू बाहिर जानकारीमा आउँदा निजहरूमा मानसिक रूपमा हीनताबोध सिर्जना भई समाजमा आफूलाई सम्मानित रूपमा उपस्थित गराउन असमर्थ हुने स्थिति पनि पैदा हुन्छ । यही कारणले न्यायिक उपचारको प्रक्रियामा सहभागी हुनबाटै हिच्किचाउने अवस्था पनि सिर्जना हुन्छ । यो स्थिति महिला, बालबालिका र एच.आई.भी./एड्सबाट सङ्क्रमित सबैका हकमा लागू हुन सक्दछ । जस्तो घटनाका पीडितहरूले आत्महत्या गर्ने, घरगाउँ छोडेर सम्पर्कविहीन अवस्थामा रहने, एक्लै बस्न मन पराउने स्थिति यस्तै अवस्थाका परिणामहरू हुन् । मुद्दाको कारबाहीमा संलग्न हुने पदाधिकारीहरूले मुद्दाका पीडित र पक्षहरूको यो स्थितिप्रति संवेदनशील हुनुपर्ने हुन्छ ।

**६.४ पक्षको पारिवारिक सम्बन्धमा खलल पर्ने अवस्थाः**

कतिपय मुद्दाहरूमा सोसँग सम्बन्धित सूचना र जानकारीहरू आफ्नो परिवारभित्र मात्र सीमित रहुन् भन्ने चाहना मुद्दाका पक्षहरू, पीडितहरू र तिनका परिवारका सदस्यहरूमा रहेको हुन्छ । वास्तवमा यस्ता सूचनाहरू बाहिर प्रकाशमा नआउँदा समाजलाई खासै असर पर्दैन तर ती सूचनाहरू बाहिर प्रकाशमा आउँदा पारिवारिक सम्बन्ध नै बिग्रने, बालबालिकाहरू अलपत्र पर्ने र परिवारको इज्जत र प्रतिष्ठामा प्रतिकूल प्रभाव पर्ने स्थिति पैदा हुन्छ । जस्तो घरेलु हिंसाका मुद्दाहरू, नाता सम्बन्ध कायम गरिपाऊँ भन्ने मुद्दाहरू यस दृष्टिले अत्यन्त संवेदनशील कोटीमा पर्छन् । यसैगरी जबरजस्ती करणीबाट पीडित भएकी महिलाको सो सम्बन्धी जानकारी परिवारभन्दा बाहिर नजाँदा एउटा स्थिति हुनसक्छ तर त्यही जानकारी सार्वजनिक हुँदा सम्पूर्ण परिवारमा असमञ्जस्यता र अप्ठ्यारो स्थिति पैदा हुनसक्छ । परिवारले स्वीकार्न चाहेर पनि सामाजिक रूपमा लाञ्छित हुने एवम् बहिष्करणमा परिने डरले सम्बन्धमा खलल पुग्ने सम्भावना प्रवल रहन्छ । पारिवारिक सम्बन्धमा खलल पुग्न सक्ने यो स्थितिप्रति संवेदनशीलता अपनाएर कारबाही गर्दा न्यायको उद्देश्य पनि पराजित नहुने र पारिवारिक सौहाद्र्रता पनि कायम रहिरहने अवस्था बनाउन सकिन्छ ।

**६.५ पक्षलाई सामाजिक पूर्वाग्रह नकारात्मक धारणाबाट संरक्षण गर्नुपर्ने अवस्थाः**

कुनै घटना वा अवस्थाबाट पीडित व्यक्तिहरूलाई समाजमा पुनः पहिलेको स्थितिमा रहन समाजबाट अन्य अवस्थाका व्यक्तिहरूको तुलनामा बढी सहानुभूति, सहयोग र प्रेम आवश्यक पर्ने हुन्छ । तर समाजमा प्रचलित पुरातन मूल्य र मान्यता एवम् संस्कारजन्य प्रवृत्तिका कारण कतिपय घटना वा अवस्थाबाट पीडित व्यक्तिप्रति समाजले नकारात्मक धारणा बनाउने र पीडित व्यक्तिहरूलाई समाजमा रहन सहज

वातावरण बनाउनेभन्दा बहिष्करणको अनुभूति गराउने स्थिति सिर्जना गर्ने गरिएको पाइन्छ । वास्तवमा जानेर वा नजानेर कोही पनि व्यक्ति विभिन्न घटनामा संलग्न हुन पुगेको वा बाध्यतामा फँस्न पुगेको वा पीडित हुनुपरेको स्थिति हुन सक्छ । यो स्थितिप्रति सहानुभूति प्रकट गर्नुपर्ने ठाउँमा तिनीहरूप्रति नकारात्मक धारणा बनाएर अवाञ्छित तत्वको रूपमा लिइने स्थिति सिर्जना हुन दिनु उचित हुँदैन । जस्तो बालसुलभ स्वभावका कारण बाल्यकालमा अज्ञानमा सानोतिनो चोरीको कार्यमा संलग्न भएको अवस्थामा पनि समाजले सधैं निजलाई चोरको रूपमा इङ्गित गर्ने सम्भावना हुन्छ, बाध्यतावश बेचबिखनमा परेकी महिलालाई सधै वेश्याको रूपमा हेरिने सम्भावना हुन्छ, एच.आई.भी./एड्सबाट सङ्क्रमितहरू उपर पनि समाजले हेर्ने दृष्टिकोण नकारात्मक छ । कुनै व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने/नपर्ने निर्णय गर्दा यी अवस्थाहरूप्रति संवेदनशीलता अपनाउनुपर्ने हुन्छ ।

**६.६ पक्षहरूको सुरक्षामा खतरा उत्पन्न हुनसक्ने अवस्थाः**

फौजदारी मुद्दाहरूमा अपराधीहरूले अपराध गरिसकेपछि न्यायिक कारबाहीबाट हुन सक्ने सजायबाट बच्नका लागि मुद्दामा पीडित भएका व्यक्तिहरूलाई सो घटनाका सम्बन्धमा न्यायिक निकायसमक्ष उजुर गर्ने तथा  घटनाको पुष्ट्याइँको लागि अदालतमा बयान बकपत्र गर्ने सम्बन्धमा विभिन्न प्रकारको डर, धाक, धम्की दिन सक्छन् । विशेषगरी मानव बेचबिखनजस्ता संगठित रूपमा गरिने अपराधमा यस्तो सम्भावना प्रवल रहेको हुन्छ । यस्तो अवस्थाका पीडितहरूको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयताको प्रत्याभूति नगर्ने हो भने उनीहरूले आफूलाई असुरक्षित महसुस गरी न्यायिक उपचारको बाटो नै परित्याग गर्ने र परिणाम स्वरूप आपराधिक कार्यले प्रोत्साहन पाइरहने स्थिति कायम हुन सक्छ ।

**६.७ पीडित र साक्षीको संरक्षणः**

न्याय सम्पादन प्रक्रियामा सहभागी भएका मुद्दाका पक्षहरूका अतिरिक्त सो घटनाक्रमबाट पीडित भएका व्यक्ति र सो मुद्दामा घटनाक्रमको सत्य तथ्य व्यहोरा खुलाई न्याय निरोपनमा सहयोग पुऱ्याउँने साक्षीहरूको समुचित संरक्षण गर्नु पर्ने हुन्छ । यसका लागि पीडितको पहिचान खुल्ने खालका विवरणहरूको गोपनीयता कायम गरिनु पर्ने हुन्छ भने साक्षीहरूको सुरक्षा र संरक्षणका लागि समेत विशेष सजगता अपनाउनु पर्ने हुन्छ । हाम्रो सन्दर्भमा साक्षीको सुरक्षा र संरक्षणका लागि गरिएका वर्तमान व्यवस्थाहरूलाई पुनरावलोकन गरी साक्षी संरक्षण सम्बन्धी नयाँ कानून बनाउने प्रयास भईरहेको छ । अपराधिक कार्यमा संलग्न भएका व्यक्ति वा समूहले साक्षीहरूको जीउ, ज्यान र सम्पत्ति समेतका अन्य विषयमा दखल दिई वा दिने धम्की दिई सहि सत्य सूचना र जानकारी पाउँन नसक्ने अवस्था तर्फ प्रारम्भदेखि नै संवेदनशील हुनु पर्ने हुन्छ । तसर्थ साक्षीको परिचयात्मक विवरण पनि गोप्य राख्नु पर्दछ । साक्षीको गोपनीयता कायम गर्दा पीडितको परिचयात्मक विवरण गोप्य राख्ने तरिकाले राख्नु पर्दछ ।

# परिच्छेद –सात

# परिचयात्मक विवरण गोप्य राख्नु नपर्ने अवस्था

# परिच्छेद-सात
## परिचयात्मक विवरण गोप्य राख्नु नपर्ने अवस्था

न्यायिक कारबाही सार्वजनिक रूपमा सञ्चालन हुनुपर्छ भन्ने कुरा विश्वव्यापी मान्यताकै विषय हो । वास्तवमा न्यायिक कारबाहीमा निष्पक्षताको प्रत्याभूतिको लागि, न्यायिक कारबाहीमा संलग्न न्यायकर्मीहरूमा उत्तरदायित्व वृद्धिका लागि र न्यायिक प्रक्रियाप्रति जनसाधारणको आस्था र विश्वास अभिवृद्धिका लागि खुला रूपमा गरिने कारबाहीको ठूलो महत्व रहन्छ । मुद्दामा संलग्न पक्षहरू वा पीडितहरूको व्यक्तिगत विवरण गोप्य राख्ने वा इजलासको कारबाही बन्द रूपमा सञ्चालन गर्ने कुरा अपवादात्मक अवस्था हो । कारबाहीमा गोपनीयता कायम गर्ने कुरा पनि न्यायको मूलभूत उद्देश्य प्राप्तिका लागि नै हो भन्ने कुरा बिर्सन हुँदैन । तर न्यायको मूलभूत उद्देश्य नै पराजित हुने अवस्थामा गोपनीयता कायम गर्ने कुराले प्राथमिकता पाउने स्थिति हुँदैन । तसर्थ माथि प्रकरण ४.२ मा उल्लिखित मुद्दाहरू नै भए पनि खास अवस्थाहरूमा व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नु नपर्ने हुनसक्छ । ती अवस्थाहरू देहाय अनुसार छन् ः

**७.१ खुला गर्न आवश्यक ठहराई सम्बन्धित अधिकारीले अनुमति दिएको अवस्थाः**

*कार्यविधि निर्देशिका, २०६४*

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने प्रकृतिको मुद्दा दर्ता हुन आएपछि उक्त मुद्दामा सम्बन्धित व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने नपर्ने सम्बन्धमा यकिन गर्न सम्बन्धित गोप्य राख्ने अधिकारप्राप्त अधिकारीसमक्ष पेस गर्दा निजले गोप्य राख्नु नपर्ने गरी निर्णय गरेको अवस्थामा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्दैन ।

**७.२ न्यायिक सुनुवाइमा स्वच्छताको संरक्षणका लागि आवश्यक देखिएको अवस्थाः**

*ऐजन*

न्यायिक सुनुवाइमा स्वच्छता न्यायिक कारबाहीको महत्वपूर्ण पक्ष हो । मुद्दाका पक्षहरूले आफ्नो प्रमाण प्रस्तुत गर्न पाउनुपर्ने, आफूविरुद्धको प्रमाणको खण्डन गर्ने र आफ्नो निर्दोषिताको प्रतिरक्षा गर्न पाउनुपर्नेजस्ता न्यायिक कारबाहीका आधारभूत मान्यताहरूलाई यो अवधारणाले आत्मसात् गरेको हुन्छ । व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने भन्नुको अर्थ मुद्दाका बेसरोकारवालाहरूलाई अनावश्यक रूपमा खुला गरी यी विवरणहरू जानकारी गराउनबाट प्रतिबन्धित गर्ने कुरालाई जनाउने भए पनि सोही कारणले मुद्दाका पक्षहरूको यी अधिकारहरूउपर अनुचित प्रतिबन्ध लाग्ने स्थिति आएमा सो अधिकारको प्रचलनका लागि आवश्यक परेको हदसम्म गोप्य राखिएका विवरणहरू खुला गर्न सकिन्छ ।

**७.३ गोप्य राख्न जरुरी नभएको भनी सम्बन्धित व्यक्तिले निवेदन दिएको अवस्थाः**

*ऐजन*

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिएको मुद्दामा जसको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने हो सो सम्बन्धमा निजसँग सोधपुछ गर्दा सो

विवरण गोप्य राख्न जरुरी नभएको भनी कागज गरिदिएमा वा लिखित निवेदन दिएमा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्दैन । तर विवरण गोप्य राख्नुपर्ने मुद्दाका पक्ष र पीडितहरूको संख्या एकभन्दा धेरै भएकोमा तीमध्ये कसैले खुला गर्न निवेदन दिएको र कसैले गोप्य राख्न अनुरोध गरेको अवस्थामा एकको विवरण खुला गरेको कारणबाट अर्कोको गोपनीयता कायम रहने हदसम्म मात्र खुला गर्न सकिन्छ, अन्यथा सबैको विवरण गोप्य राख्नुपर्नेछ ।

# परिच्छेद – आठ

## परिचयात्मक विवरण गोप्य राख्ने कार्यविधि

# परिच्छेद-आठ
# परिचयात्मक विवरण गोप्य राख्ने कार्यविधि

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दामा यस्ता विवरणहरू मुद्दाको कारबाहीको प्रारम्भदेखि मुद्दाको फैसला हुँदासम्मको कारबाहीमा र अझ फैसला कार्यान्वयनको कारबाहीमा गोप्य राख्नुपर्ने हुन्छ । मुद्दाको कारबाहीका प्रत्येक चरणमा यी विवरणहरू गोप्य राख्दा अपनाउनुपर्ने कार्यविधि देहाय अनुसार उल्लेख गरिएको छ ।

## ८.१ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने मुद्दाको अनुसन्धान तहकिकातको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि

### ८.१.१ जाहेरी दरखास्त दर्ता गर्दाको अवस्थाः

परिचयात्मक विवरण गोप्य राख्नु पर्ने सरकारवादी हुने फौजदारी मुद्दाको कारबाहीको सुरुवात सूचना प्राप्त भएपछि वा जाहेरी दरखास्त परेपछि हुन्छ । कुनै मुद्दाको कारबाहीमा व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने स्थिति छ भने ती विवरणहरू सूचना प्राप्त भएपछि वा जाहेरी दरखास्त पर्दाको अवस्थादेखि नै गोप्य राख्नुपर्ने हुन्छ । अपराध अनुसन्धान र तहकिकात गर्ने कुनै निकायमा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको जाहेरी दरखास्त दर्ता गर्न ल्याएको अवस्थामा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) जाहेरी दरखास्तको व्यहोरा राम्रोसँग अध्ययन गरी उक्त मुद्दामा कुनै पीडित वा पक्षको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्नेजस्तो लागेमा जाहेरी दर्ता गर्ने कर्मचारीले परिचयात्मक विवरण गोप्य राख्नुपर्ने वा नपर्ने निर्णयका लागि त्यस्तो जाहेरी दरखास्त सम्बन्धित कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्छ ।

(ख) खण्ड (क) बमोजिम जाहेरी दरखास्त पेश हुन आएको अवस्थामा सम्बन्धित कार्यालय प्रमुखले उक्त जाहेरी दरखास्त अध्ययन गरी उक्त मुद्दामा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने अवस्था छ/छैन सो कुराको यकिन निर्णय गर्नुपर्नेछ ।

(ग) पीडित स्वयम् उपस्थित भई जाहेरी दरखास्त दिएको र मुद्दाको प्रकृतिबाट निजको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिएकोमा सो विवरण गोप्य राख्नुपर्ने वा नपर्ने सम्बन्धमा निजलाई सोधी सम्झाइ बुझाइ कागज गराई निजको इच्छा अनुसार नै गोप्य राख्ने वा नराख्ने सम्बन्धमा निर्णय गर्नुपर्नेछ ।

(घ) मुद्दाको प्रकृतिबाट व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिएमा कार्यालय प्रमुखले कुन कुन विवरणहरू गोप्य राख्नुपर्ने हो सोको निर्णय गरी यस दिग्दर्शनमा उल्लेख भएको प्रक्रिया अनुसार परिचयात्मक विवरणलाई संकेत नाम थर वतन दिई मुद्दाको काम कारबाही अगाडि बढाउन निर्देशन दिनुपर्नेछ । परिचयात्मक विवरण गोप्य नराखिने स्थितिमा कारणसहितको निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी गराउनु पर्नेछ ।

(ङ) आफूसमक्ष पेस भएको जाहेरी दरखास्तको व्यहोराबाट व्यक्तिगत परिचयात्मक विवरण गोप्य

राख्नुपर्ने प्रकृतिको भनी कार्यालय प्रमुखबाट निर्णय भएमा सम्बन्धित कर्मचारीले कुन कुन विवरण गोप्य राख्नुपर्ने गरी निर्णय भएको हो सम्बन्धित व्यक्तिको ती परिचयात्मक विवरणको सट्टा **अनुसूची–१** मा उल्लेख भए बमोजिमको संकेत नाम थर वतन तय गर्नुपर्नेछ ।

(च) त्यसरी परिवर्तित संकेत नाम थर वतन तय गरेपश्चात् विवरण गोप्य राख्नुपर्नाको कारणसहित कुन कुन विवरणलाई के के परिवर्तित संकेत नाम थर वतन दिइएको हो सोको व्यहोरा उल्लेख गरी जाहेरवालालाई जानकारी गराई निजको सहीछाप समेत गराई **अनुसूची–२** बमोजिमको छुट्टै कागज खडा गर्नुपर्नेछ ।

(छ) परिवर्तित संकेत नाम थर वतन दिई जाहेरवालाबाट **अनुसूची–२** बमोजिमको कागज खडा गराइसकेपछि सम्बन्धित कार्यालय प्रमुखबाट उक्त कागज प्रमाणित गराई राख्नुपर्नेछ ।

(ज) जाहेरीलाई प्रतिलिपी तयार गर्दा देहाय बमोजिम गर्नुपर्ने छ ।

अ) कार्यविधि निर्देशिका बमोजिम परिचयात्मक विवरण गोप्य राख्नु पर्ने व्यक्ति तथा मुद्दाका पक्षको परिचयात्मक विवरण खुलेको जाहेरी दरखास्तको परिचयात्मक विवरण र हस्ताक्षर वा दस्तखत छोपी फोटोकपी गरी सक्कललाई सिलबन्दी गरी फोटोकपीको खाली ठाउँमा परिवर्तित विवरण भरी नक्कल प्रमाणित गरी मिसिल सामेल राख्नु पर्ने छ, वा

आ) खण्ड (अ) बमोजिम फोटोकपी गर्न सक्ने अवस्था नभएमा जाहेरी दरखास्तलाई टाईप वा हस्तलिखित गरी परिचयात्मक विवरण खाली राखी परिवर्तित विवरण भरी नक्कल प्रमाणित गरी मिसिल सामेल गर्नुपर्ने छ, वा

इ) उल्लेखित अवस्था बाहेक सम्भव भए शुरु जाहेरी लिंदाका अवस्थामा परिचयात्मक विवरण खोलीएको जाहेरीमा अतिरिक्त परिचयात्मक विवरण खाली राखी दुई प्रति जाहेरी दरखास्तको खाली ठाउँमा परिवर्तित परिचयात्मक विवरण भरी मिसिल सामेल राख्नुपर्नेछ ।

ई) सकभर पीडितको परिचय खुल्ने विवरणहरूलाई टिपेक्स वा अन्य वस्तु प्रयोग गरी विवरणलाई छोप्न वा लुकाउन टिपेक्सको प्रयोग नगर्ने ।

(झ) गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको लागि दिइने संकेत नाम थर वतन निश्चित भएपछि जाहेरी दरखास्तमा उल्लेख भएमध्येका कुन कुन विवरणका लागि के के संकेत नाम दिइने हो, सक्कल जाहेरी दरखास्तमा उल्लिखित ती विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन राखी प्रतिलिपि जाहेरी दरखास्त तयार गर्नुपर्नेछ ।

(ञ) प्रतिलिपि जाहेरी दरखास्त तयार भएपछि सक्कल जाहेरी दरखास्त दर्ता गर्नुपर्नेछ । सक्कल जाहेरी दरखास्तमा जति दर्ता नम्बर दिइएको छ सोही दर्ता नम्बर प्रतिलिपि जाहेरी दरखास्तलाई पनि दिनु पर्नेछ । यसरी जाहेरी दरखास्त दर्ता गर्दा संकेत नाम थर वतन बाटै दर्ता गर्नुपर्नेछ ।

(ट) परिवर्तित संकेत नाम थर वतन सहितको प्रतिलिपि जाहेरी दरखास्त कार्यालय प्रमुखबाट प्रमाणित गराई मिसिल संलग्न गर्नुपर्नेछ । सामान्यतया मुद्दाको कारबाही गर्दा यही प्रतिलिपि जाहेरी दरखास्त प्रयोगमा ल्याउनुपर्नेछ ।

(ठ) परिवर्तित संकेत नाम थर वतन सहितको प्रतिलिपि जाहेरी दरखास्त तयार भई दर्ता भएपछि

वास्तविक व्यक्तिगत परिचयात्मक विवरणसहितको सक्कल जाहेरी दरखास्त छुट्टै खाममा सिलबन्दी गरी खामको बाहिर "वास्तविक परिचयात्मक विवरणसहितको सक्कल जाहेरी दरखास्त" भन्ने जनाई खाममा कार्यालय प्रमुखबाट प्रमाणित गराई मिसिल संलग्न राख्नुपर्नेछ ।

(ड) अत्यावश्यक अवस्था परी सक्कलै कागज हेरी भिडाउनुपर्ने अवस्थामा सिलबन्दी गरी राखिएको खाम सो खाम खोली हेर्नुपर्नाको प्रयोजन खुलाई कार्यालय प्रमुखको रोहवरमा खोलिएको मिति जनाई सिलबन्दी खोली हेर्न सकिनेछ । काम सम्पन्न भएपछि पुनः खण्ड (ट) को प्रक्रिया पुऱ्याई सिलबन्दी गरी राख्नुपर्नेछ । पुरानो खाम भने शिलबन्दी नगरी मिसिल सामेल राख्नुपर्नेछ ।

(ढ) गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणहरू **अनुसूची–** ४ बमोजिमको अभिलेख किताबमा समेत जनाउनुपर्नेछ । सो अभिलेख किताब अनुसन्धानका लागि तोकिएको अधिकृत वा कार्यालय प्रमुखबाहेक अरूका लागि गोप्य रहनेछ ।

(ण) हुलाकमार्फत प्राप्त भएको जाहेरी दरखास्तका सम्बन्धमा पनि कानून बमोजिम सनाखत गराएपश्चात् व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने वा नपर्ने निर्णय गराउने, विवरणका लागि संकेत नाम थर वतन दिने, प्रतिलिपि जाहेरी दरखास्त तयार गर्ने, जाहेरी दर्ता गर्ने लगायतका सम्पूर्ण कार्यविधि माथि उल्लेख भए बमोजिम हुनेछ ।

(त) कुनै घटनाका सम्बन्धमा पूरक जाहेरी वा अर्को जाहेरी दरखास्त पर्न आई दर्ता गर्नुपर्ने भएमा माथि उल्लेख भएको प्रक्रिया पूरा गरी व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्नेछ ।

(थ) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई कार्यालय प्रमुखबाट प्रमाणित गराई निजको संकेत नाम थर वतन उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ ।

(द) अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई बोलाउनु वा निजको नाम थर वतन लेखाउनुपर्दा निजलाई प्रदान गरिएको परिवतिएत संकेत नाम थर वतनबाट नै बोलाउनु वा लेखाउनुपर्नेछ ।

(ध) परिचयात्मक विवरणको गोपनीयता कायम गर्नुपर्ने व्यक्तिलाई परिचय पत्र दिनुपर्दछ । परिचय पत्र दिँदा परिचय पत्रमा वास्तविक नाम, थर, वतनको सट्टा सांकेतिक नाम मात्र उल्लेख गर्नुपर्नेछ । परिचय पत्र दिँदा **अनुसूची** ६ अनुसार दिनुपर्ने छ ।

**८.१.२ अनुसन्धान अधिकृत तोक्दाको अवस्थाः**

मुद्दाको कारबाहीको क्रममा जाहेरी दरखास्त दर्ता भएपछि दोस्रो चरणमा उक्त मुद्दामा अपराध अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोक्ने प्रक्रिया आउँछ । अनुसन्धान अधिकृत सामान्यतया कार्यालय प्रमुखबाट तोक्ने गरिन्छ । अनुसन्धान अधिकृत तोक्दा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको अनुसन्धानको विषय रहेछ भने अनुसन्धान अधिकृत तोकिएको पत्रमा उल्लेख गर्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा सोको परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**८.१.३ पत्राचार वा सञ्चारको आदानप्रदान गर्दाको अवस्थाः**

अपराध अनुसन्धानका क्रममा पत्राचार वा सञ्चारको आदानप्रदान गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) अनुसन्धान तहकिकातको क्रममा कुनै व्यक्ति रहे बसेको ठाउँको बारेमा बुझ्न वा कसैलाई खोज तलास पक्राउ गरी सम्बन्धित कार्यालयमा उपस्थित गराउन वा अन्य कुनै कामको लागि कुनै निकाय वा कार्यालयमा पठाइने पत्र वा सञ्चारमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने रहेछ भने आवश्यकतानुसार वास्तविक विवरण नै उल्लेख गरी पठाउन सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम सञ्चार वा पत्र पठाउँदा व्यक्तिको वास्तविक विवरण उल्लेख गरी पठाइएको अवस्थामा सो वास्तविक विवरण सरोकारवालाबाहेक अन्यको हकमा गोप्य राख्नका लागि समेत अनुरोध गर्नुपर्नेछ र सो बमोजिम गोपनीयता कायम राख्ने पत्र वा सञ्चार पाउने वा सो बमोजिमको कार्य गर्न तोकिने सम्बन्धित निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

(ग) खण्ड (क) बमोजिमको पत्र वा सञ्चारको जवाफ पठाउँदा वास्तविक विवरण नै उल्लेख गरी पठाउन सकिनेछ ।

(घ) खण्ड (क) बमोजिमको पत्र लेख्ने कार्यालयले सो पत्रको कार्यालय प्रति र सो पत्र बमोजिम प्राप्त जवाफमा उल्लेख भएका गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरी उक्त पत्र वा सञ्चारको अर्को प्रतिलिपि तयार गरी मिसिल संलग्न गर्नुपर्नेछ । वास्तविक विवरण उल्लेख भएको पत्र वा सञ्चारको कार्यालय प्रति वा प्राप्त जवाफी पत्र वा सञ्चारको सक्कल प्रतिलाई सिलबन्दी गरी प्रमाणित गराई राख्नुपर्नेछ ।

**८.१.४ व्यक्ति पक्राउ गर्दाको अवस्थाः**

व्यक्ति पक्राउ गर्दाको अवस्थामा परिचयात्मक विवरण गोप्य राख्दा देहाय बमोजिम गर्नुपर्नेछः–

(क) पक्राउ पूर्जी जारी गर्दा सो तामेल गर्ने सुविधाका लागि जाहेरवाला वा पीडित लगायतका कुनै व्यक्तिको गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने रहेछ भने वास्तविक विवरण नै उल्लेख गर्न सकिनेछ । तर यस्तो विवरण पक्राउ पूर्जीमा उल्लिखित सम्बन्धित व्यक्तिबाहेक अरूलाई देखाउन वा जानकारी गराउन हुँदैन । पक्राउ पुर्जीमा उल्लिखित व्यक्तिलाई पनि ती विवरणहरूको गोपनीयता कायम गर्नुपर्ने कर्तव्य रहेको सम्बन्धमा सम्बन्धित काम तामेल गर्नुपर्ने कर्मचारीले सम्झाउनु पर्नेछ र यसरी जानकारी पाएकोमा सो बमोजिम गोपनीयता कायम गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(ख) खण्ड (क) बमोजिम तयार गरिएको पक्राउ पूर्जीको कार्यालय प्रतिमा उल्लेख भएका गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरी उक्त पक्राउ पूर्जीको प्रतिलिपि तयार गरी मिसिल संलग्न गर्नुपर्नेछ । बास्तविक विवरण उल्लेख भएको पक्राउ पूर्जीको कार्यालय प्रतिलाई सिलबन्दी गरी राख्नुपर्नेछ ।

**८.१.५ स्वास्थ्य परीक्षण गर्न पठाउँदाको अवस्थाः**

परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिएका व्यक्तिको स्वास्थ्य वा उमेर परीक्षण गर्न पठाउँदाको अवस्थामा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) स्वास्थ्य वा उमेर परीक्षण गर्न अस्पतालमा पत्र पठाउँदा सम्बन्धित व्यक्तिको परिवर्तित संकेत

नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) अस्पताल वा प्रयोगशालाले स्वास्थ्य वा उमेर परीक्षणको प्रतिवेदन तयार गरी पठाउँदा आफूलाई प्राप्त पत्रमा उल्लिखित संकेत नाम थर वतन उल्लेख गरेर पठाउनुपर्नेछ ।

**८.१.६ अभियुक्तलाई सार्वजनिक गर्दा वा समाचार सम्प्रेषण गर्दाको अवस्थाः**

अनुसन्धानको चरणमा अभियुक्तलाई सार्वजनिक गर्दा वा अनुसन्धानको क्रममा सूचना र समाचार संम्प्रेषण गर्दा कसूरदार वा पीडितको पहिचानको गोप्यता कायम राख्नु पर्दछ । घटना विवरणको चित्रण गर्दा त्यसले वास्तविक पहिचान सार्वजनिक हुन नदिन विशेष सर्तकता र संवेदनशीलता आवश्यक पर्दछ । फोटो वा दृश्यको माध्यमबाट सार्वजनिक गर्दा अभियुक्त वा पीडीतको सजिलै अनुहार चिन्न नसकिने किसिमले सूचना र समाचार संम्पे्रषण गर्नुपर्दछ । साथै निजहरूको नाम थर वतन पनि काल्पनिक राखी सूचना वा समाचार सम्प्रेषण गर्नुपर्दछ ।

**बालबालिका सम्बन्धी ऐन, २०४८ दफा ५२. बालक सम्बन्धी तथ्याङ्क र त्यसको प्रयोगमा बन्देज :**

**८.१.७ अभियुक्तलाई म्याद थप गर्न अदालत लैजाँदाको अवस्थाः**

अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घन्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएको अवस्थामा त्यसरी पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्ने हुन्छ । सो बमोजिम थुनामा राख्ने अनुमतिका लागि अदालतमा अनुरोध गर्दाको अवस्थामा परिचयात्मक विवरण गोप्य राख्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) थुनामा राखी तहकिकात गर्नुपर्ने अवस्थामा थुनामा राखी तहकिकात गर्न अनुमतिका लागि म्याद थप गर्न अदालतमा पत्र लेख्दा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने रहेछ भने सोको सट्टा संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

(ख) त्यसरी थुनामा राखी तहकिकातका लागि म्याद थप गर्न अनुरोध गर्दा वा थुनामा रहेको व्यक्तिलाई अदालतमा लैजॉदा जाहेरवाला/पीडित वा पक्षको विवरण गोप्य राख्दाका बखत तयार गरेको विवरण रहेको सिलबन्दी खाम साथै लिएर जानुपर्छ ।

(ग) थुनामा राखी तहकिकात गर्न अनुमतिको लागि अदालतमा लैजाँदाको अवस्थामा अदालतले चाहेमा आवश्यकता अनुसार व्यहोरा जनाई उक्त सिलबन्दी खाम खोलेर वास्तविक विवरणको जानकारी लिन सक्नेछ । यसरी खोलेको अवस्थामा उक्त कागजातहरू अदालतबाट पुनः सिलबन्दी गर्नुपर्नेछ र यसरी अदालतबाट खोलिएको एवम् सिलबन्दी गरिएको व्यहोरा खाममा उल्लेख गर्नुपर्नेछ ।

(घ) गोप्य राख्नुपर्ने परिचयात्मक विवरणको गोपनीयता कायम गर्नु अदालतका सम्बन्धित कर्मचारी र न्यायाधीशसमेतको कर्तव्य हुनेछ ।

**८.१.८ प्रारम्भिक प्रतिवेदन पठाउँदाको अवस्थाः**

अपराधको तहकिकातका क्रममा प्रहरी कर्मचारीले सरकारी वकिलसमक्ष प्रारम्भिक प्रतिवेदन पठाउँदा

गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने रहेछ भने सोको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ । प्रारम्भिक प्रतिवेदनको साथ गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख भएको कागजात पठाउनुपर्ने भएमा परिवर्तित संकेत नाम थर वतन राखी तयार गरिएको कागजातहरू पठाउनुपर्नेछ ।

प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई कुनै निर्देशन दिनुपर्दा पनि संकेत नाम थर वतन बाट नै निर्देशन दिनुपर्नेछ ।

**८.१.९ अभियुक्तको बयान गराउँदाको अवस्थाः**

अभियुक्तको बयान गराउँदाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) कुनै अपराधको तहकिकातको क्रममा कुनै व्यक्तिको बयान गराउनको लागि सरकारी वकिलसमक्ष लैजाँदा सम्बन्धित व्यक्तिको वास्तविक विवरण सिलबन्दी गरी गोप्य राखिएको कागजातसमेत साथै लिई जानुपर्नेछ । सरकारी वकिलले चाहेमा व्यहोरा खुलाई आवश्यकता अनुसार सो सिलबन्दी गरिएका कागजात खोलेर वास्तविक विवरण हेर्न सक्नेछ । यसरी खोलेको अवस्थामा उक्त कागजातहरू पुनः सिलबन्दी गर्नुपर्नेछ र खाम खोलिएको तथा सिलबन्दी गरिएको व्यहोरा खाममा जनाउनुपर्नेछ ।

(ख) कुनै व्यक्तिको बयान लिने क्रममा निजसँग सोधपुछ गर्नुअगाडि उक्त मुद्दामा गोप्य रहने विवरणहरू, विवरण गोप्य राख्नाको कारण र सो लाई दिइने सङ्केतका बारेमा प्रतिवादीलाई बुझाई सुनाई **अनुसूची–३** बमोजिमको ढाँचामा सो सुनी पाएको छुट्टै कागज गराउनुपर्नेछ ।

(ग) बयानमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने स्थिति आएमा सोको सट्टा संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

(घ) मिसिल संलग्न अन्य कागज प्रमाणबाट नखुलेको गोप्य राख्नुपर्ने प्रकृतिको कुनै नयाँ विवरण बयान गराउँदाको अवस्थामा खुल्न आएमा सो बयान गराइसकेपश्चात् यस दिग्दर्शनमा उल्लिखित प्रक्रिया अवलम्बन गरी सो गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणसमेतलाई परिवर्तित संकेत नाम थर वतन दिई गोप्य राख्नुपर्ने विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन राखी उक्त बयानको प्रतिलिपि तयार गरी प्रमाणित गरी मिसिलमा संलग्न गर्नुपर्नेछ । सो सक्कल बयानलाई खाममा सिलबन्दी गरी मिसिल संलग्न गर्नुपर्नेछ ।

**८.१.१० पीडित र बुझिएका मानिसको कागज गराउँदाको अवस्थाः**

कुनै अपराधको तहकिकातको सिलसिलामा पीडित र बुझिएका अन्य मानिसको कागज गराउँदा तथा सनाखतको कागज गराउँदा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) कुनै व्यक्तिसँग कागज गराउनुपर्दा सो कागज गराउनुभन्दा अगाडि उक्त मुद्दामा गोप्य रहने परिचयात्मक विवरणहरू, विवरण गोप्य राख्नाको कारण र ती विवरणका लागि दिइने सङ्केतका बारेमा कागज गर्ने व्यक्तिलाई सुनाई निजबाट गराइने कागजमा व्यक्तिगत परिचयात्मक विवरणको

सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरिने व्यहोरासमेत बुझाई सो सुनी पाएको छुट्टै कागज **अनुसूची–३** बमोजिमको ढाँचामा गराउनुपर्दछ ।

(ख) खण्ड (क) बमोजिमको संकेत नाम सुनी पाएको कागज गराइसकेपछि सम्बन्धित पीडित वा बुझिएका व्यक्तिको कागज गराउँदा कागजमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अवस्था आएमा सोको सट्टा परिवर्तित संकेत नाम थर वतत नै उल्लेख गरी कागज गराउनुपर्नेछ ।

(ग) मिसिल संलग्न अन्य कागज प्रमाणबाट नखुलेको गोप्य राख्नुपर्ने प्रकृतिको कुनै नयाँ विवरण खण्ड (ख) बमोजिमको कागज गराउँदाको अवस्थामा खुल्न आएमा सो कागज गराइसके पश्चात् यस दिग्दर्शनमा उल्लिखित प्रक्रिया अवलम्बन गरी सो गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणसमेतलाई परिवर्तित संकेत नाम दिई उक्त कागजको प्रतिलिपि तयार गरी प्रमाणित गरी मिसिलमा संलग्न गर्नुपर्नेछ । सो सक्कल कागजलाई खाममा सिलबन्दी गरी मिसिल संलग्न गर्नुपर्नेछ ।

(घ) कुनै पीडित वा बुझिएका व्यक्तिको कागज गराइसकेपछि कागज गराउने सिलसिलामा आफूले थाहा पाएको वास्तविक विवरण अरूलाई प्रकाश गर्न नहुने कुरा बताउनु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ र यसरी आफूले थाहा पाएको विवरणको गोपनीयता कायम राख्नु सम्बन्धित पीडित वा बुझिएका व्यक्तिको समेत कर्तव्य हुनेछ ।

### ८.१.११ विभिन्न मुचुल्काहरू तयार गर्दाको अवस्थाः

अपराधको तहकिकातको सिलसिलामा घटनास्थल प्रकृति मुचुल्का, लास प्रकृति मुचुल्का, खानतलासी मुचुल्का, बरामदी मुचुल्काजस्ता लिखतहरू तयार गर्दा परिचयात्मक विवरणहरूको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) कुनै मुचुल्का तयार गर्नुअगाडि उक्त मुद्दामा गोप्य रहने विवरणहरू, विवरण गोप्य राख्नाको कारण र ती विवरणका लागि दिइने सङ्केतका बारेमा मुचुल्कामा दस्तखत गर्ने व्यक्तिहरूलाई सुनाई निजहरूबाट गराइने कागजमा व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरिने व्यहोरासमेत बुझाई सो सुनी पाएको छुट्टै कागज **अनुसूची–३** बमोजिमको ढाँचामा गराउनुपर्दछ ।

(ख) खण्ड (क) बमोजिमको परिवर्तित संकेत नाम थर वतन सुनी पाएको कागज गराइसकेपछि सम्बन्धित व्यक्तिहरूबाट मुचुल्का गराउँदा मुचुल्का कागजमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अवस्था आएमा सोको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गरी मुचुल्का गराउनुपर्नेछ ।

(ग) मिसिल संलग्न अन्य कागज प्रमाणबाट नखुलेको गोप्य राख्नुपर्ने प्रकृतिको कुनै नयाँ विवरण खण्ड ।

(घ) बमोजिमको मुचुल्का गराउँदाको अवस्थामा खुल्न आएमा सो मुचुल्का गराइसके पश्चात् यस दिग्दर्शनमा उल्लिखित प्रक्रिया अवलम्बन गरी सो गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणसमेतलाई परिवर्तित संकेत नाम थर वतन दिई उक्त मुचुल्काको प्रतिलिपि तयार गरी

प्रमाणित गरी मिसिलमा संलग्न गर्नुपर्नेछ । सो सक्कल मुचुल्कालाई खाममा सिलबन्दी गरी मिसिल संलग्न गर्नुपर्नेछ ।

(ङ) मुचुल्का गराउनुपर्ने व्यक्तिहरूको मुचुल्का कागज गराइसकेपछि मुचुल्का गराउने सिलसिलामा आफूले थाहा पाएको वास्तविक विवरण अरूलाई प्रकाश गर्न नहुने कुरा बताउनु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ र यसरी आफूले थाहा पाएको विवरणको गोपनीयता कायम राख्नु मुचुल्कामा बस्ने सम्बन्धित व्यक्तिहरूको समेत कर्तव्य हुनेछ ।

### ८.१.१२ भौतिक सबुत प्रमाण परीक्षण गर्न पठाउँदाको अवस्थाः

भौतिक सबुत प्रमाण परीक्षण गर्न पठाउँदाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) भौतिक सबुत प्रमाण परीक्षण गर्न पठाउने पत्रमा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वास्तविक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) परीक्षण प्रतिवेदन तयार गर्ने अस्पताल, चिकित्सक वा प्रयोगशाला लगायतका विशेषज्ञ र संस्थाले पनि परीक्षण प्रतिवेदन तयार गर्दा जुन परिवर्तित संकेत नाम थर वतन प्रयोग गरी पत्र प्राप्त भएको हो सोही परिवर्तित संकेत नाम थर वतन उल्लेख गरेर तयार गर्नुपर्नेछ ।

(ग) परीक्षण प्रतिवेदन तयार गर्ने अस्पताल वा संस्थाका चिकित्सक वा अन्य विशेषज्ञले पछि अदालतबाट बुझिएका बखत आफूले दिएको प्रतिवेदनको व्यहोरालाई लिएर बकपत्र गर्नुपर्ने अवस्था आउने हुँदा आफूले दिएको प्रतिवेदनको बारेमा परिवर्तित संकेत नाम थर वतनबाट पत्राचार हुँदा बुझिने गरी अभिलेख राख्नुपर्नेछ ।

### ८.१.१३ बालबालिकाको उमेर यकिन गर्न पत्र लेख्दाको अवस्थाः

**कार्यविधि निर्देशिका, २०६४ को दफा ३.**

बालबालिका संलग्न भएको मुद्दामा निजको उमेर यकिन गर्नुपर्ने भई अस्पताल वा पञ्जिकाधिकारीको कार्यालय वा विद्यालय वा चिकित्सकलाई पत्र लेख्नुपर्दाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) मुद्दाको कारबाहीको सिलसिलामा कुनै बालबालिकाको उमेर यकिन गर्न अस्पताल वा पञ्जिकाधिकारीको कार्यालय वा विद्यालय वा चिकित्सक वा अन्य निकायलाई पत्र लेख्दा पत्रमा सम्बन्धित बालबालिकाको गोप्य राख्नुपर्ने व्यक्तिगत विवरण उल्लेख गर्नुपर्ने रहेछ भने आवश्यकतानुसार वास्तविक विवरण नै उल्लेख गरी पत्र पठाउन सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम पत्र पठाउँदा बालबालिकाको वास्तविक विवरण उल्लेख गरी पठाइएको अवस्थामा सो वास्तविक विवरण सरोकारवाला बाहेक अन्यको हकमा गोप्य राख्नका लागि समेत अनुरोध गर्नुपर्नेछ र सो बमोजिम गोपनीयता कायम राख्नु पत्र पाउने वा सो बमोजिमको कार्य गर्ने सम्बन्धित निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

(ग) खण्ड (क) बमोजिमको पत्रको जवाफ पठाउँदा वास्तविक विवरण नै उल्लेख गरी पठाउन सकिनेछ ।

(घ) खण्ड (क) बमोजिमको पत्र लेख्ने कार्यालयले सो पत्रको कार्यालय प्रति र सो पत्र बमोजिम प्राप्त जवाफमा उल्लेख भएका गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर, वतन उल्लेख गरी उक्त पत्रको अर्को प्रतिलिपि तयार गरी मिसिल संलग्न गर्नुपर्नेछ । वास्तविक विवरण उल्लेख भएको पत्रको कार्यालय प्रति वा प्राप्त जवाफी पत्रको सक्कल प्रतिलाई सिलबन्दी गरी प्रमाणित गराई राख्नुपर्नेछ ।

**८.१.१४ राय प्रतिवेदन पठाउँदाको अवस्थाः**

अपराधको तहकिकात पूरा भएपछि मुद्दा चल्ने नचल्ने निर्णयको लागि सरकारी वकिलसमक्ष पठाइने राय प्रतिवेदनमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणलाई परिवर्तित संकेत नाम थर वतनबाटै उल्लेख गरी पठाउनुपर्नेछ । गोप्य राखिएका व्यक्तिगत विवरणहरूको सिलबन्दी खाम मिसिल साथै पठाइने हुँदा सरकारी वकिलले कुनै विषयमा वास्तविक विवरण नै हेरी यकिन गर्नुपर्दाको अवस्थामा आवश्यकता अनुसार सिलबन्दी खाम खोली हेर्न सक्नेछ तर यसरी हेरेकोमा काम सम्पन्न भएपछि त्यसरी खोलिएको खामलाई व्यहोरा जनाई पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

**८.१.१५ समाचार प्रकाशन प्रसारण गर्दाको अवस्थाः**

गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका मुद्दाको अनुसन्धानको चरणमा गरिने सबै कागजातमा पीडितको पहिचान गोप्य राखिएको हुन्छ । त्यस्तो मुद्दाको विषयमा समाचार प्रकाशन र प्रसारण गर्दा समेत गोपनीयताको संरक्षण हुने गरी गर्नु पर्दछ ।

**कार्यविधि निर्देशिका, २०६४ को ७. म्याद, सूचना र पत्राचार र ८. सूचना प्रकाशनमा बन्देज**

## ८.२ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने मुद्दाको अभियोजनको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि

**८.२.१ गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणको लगत किताब राख्नेः**

अपराधको तहकिकात पूरा भएपछि मुद्दा चल्ने नचल्ने निर्णयको लागि प्रहरी कार्यालयबाट राय प्रतिवेदनसहित मिसिल सरकारी वकिल कार्यालयमा प्राप्त भएपछि गोप्य राख्नुपर्ने देखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू सरकारी वकिलले पनि गोप्य राख्नुपर्नेछ । यसरी विवरणहरू गोप्य राख्दा **अनुसूची**-४ बमोजिमको अभिलेख किताब खडा गर्नुपर्नेछ । सो लगत किताबलाई कार्यालय प्रमुख र निजले अनुमति दिएको व्यक्तिबाहेक अन्यले हेर्न नपाउने गरी गोप्य रूपमा राख्नुपर्नेछ ।

**८.२.२ सामान्यतया अनुसन्धान तहकिकातको क्रममा दिएको परिवर्तित संकेत नाम नै प्रयोग गर्नेः**

अभियोजन गर्ने निकायले व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रयोजनको लागि परिवर्तित संकेत नाम थर वतन दिनुपर्दा अनुसन्धान गर्ने निकायले कुनै व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा कुनै परिवर्तित संकेत नाम थर वतन दिएको रहेछ भने सामान्यतया सोही परिवर्तित संकेत नाम थर वतन

प्रयोग गर्नुपर्नेछ । अनुसन्धान गर्ने निकायले गोप्य नराखेको कुनै विवरण सरकारी वकिल कार्यालयमा मिसिल प्राप्त भएपछि मात्र गोप्य राख्नुपर्ने देखिएमा त्यस्तो विवरणका लागि भने सरकारी वकिल कार्यालयले नयाँ परिवतिएत संकेत नाम थर वतन दिन सक्नेछ । यसरी संकेत नाम थर वतन परिवर्तन गर्ने तरिका **अनुसूची-१** मा उल्लेख भए बमोजिम हुनेछ ।

**८.२.३ दायरी किताब, लगत किताब आदिमा संकेत नाम नै प्रयोग गर्ने:**

परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको सन्दर्भमा सरकारी वकिल कार्यालयमा दायरी किताब, पेसी किताब, निर्णय किताब लगायतका अभिलेखहरू खडा गर्नुपर्दा गोप्य राखेको विवरणहरू उल्लेख गर्नुपर्ने भएमा ती विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**८.२.४ अनुसन्धान गर्ने निकायबाट प्राप्त प्रारम्भिक प्रतिवेदन दर्ता गर्दाको अवस्था:**

प्रारम्भिक प्रतिवेदन दर्ता गर्दाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम राख्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) अनुसन्धान गर्ने निकायबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएपश्चात् उक्त प्रतिवेदनमा कुनै विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख भएको भए सोही संकेत नाम उल्लेख गरी दर्ता गर्नुपर्नेछ ।

(ख) प्रारम्भिक प्रतिवेदन प्राप्त हुँदा कुनै गोप्य राख्नुपर्ने परिचयात्मक विवरणको गोपनीयता कायम गरेको नदेखिएमा सरकारी वकिलले यस दिग्दर्शन अनुसार गोपनीयता कायम गर्ने प्रक्रिया अपनाई विवरण गोप्य राखी मुद्दा अनुसन्धान तहकिकात गर्न निर्देशन दिनुपर्नेछ ।

(ग) त्यसरी निर्देशन प्राप्त भएपछि अनुसन्धान अधिकृतले यस दिग्दर्शनमा लेखिए अनुसारको प्रक्रिया अपनाई गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको लागि परिवर्तित संकेत नाम थर वतन दिई सोको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालयलाई समेत दिनुपर्नेछ ।

**८.२.५ समाचार प्रकाशन, प्रसारण गर्दाको अवस्था:**

अभियोजनको क्रममा रहेको गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका मुद्दाको सन्दर्भमा समाचार प्रकाशन प्रसारण गर्दा सरकारी वकिलले समेत पीडितको परिचयात्मक विवरणको पहिचान नखुल्ने गरी गर्नुपर्ने छ ।

**कार्यविधि निर्देशिका, २०६४ को ७. म्याद, सूचना र पत्राचार र ८. सूचना प्रकाशनमा बन्देज**

**८.२.६. गोप्य राख्ने प्रक्रिया पूरा नगरी राय प्रतिवेदन प्राप्त भएको अवस्था:**

जाहेरी दरखास्तसमेतका कागजातबाट मुद्दाका पक्षको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु नपर्ने देखिएको तर सरकारी वकिलसमक्ष बयान गर्दाका अवस्थामा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी विवाद उठेमा देहाय बमोजिम गर्नुपर्छ :

(क) बालबालिका पक्ष भएकोमा बालबालिका बालिग भए नभएको सम्बन्धमा विवाद भएमा सरकारी वकिलले अनुसन्धान अधिकृतलाई बालबालिकाको स्वास्थ्य परीक्षणसमेत गरी उमेर यकिन गर्न र त्यसो गर्दा निज नाबालक देखिए यस दिग्दर्शन बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रक्रिया पूरा गरी मुद्दा अनुसन्धान तहकिकात गर्न निर्देशन दिनुपर्नेछ । त्यस अनुसार उमेर यकिन गर्दा निज अभियुक्त बालबालिका देखिन आए अनुसन्धान अधिकृतले यस दिग्दर्शनमा लेखिए

अनुसार प्रारम्भदेखि नै गोप्यता कायम हुने गरी कागजात व्यवस्थित गरी मुद्दाको अनुसन्धान तहकिकात अगाडि बढाउनुपर्नेछ ।

(ख) बालबालिकाबाहेक अन्य व्यक्तिको सम्बन्धमा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिएमा सरकारी वकिलले सो सम्बन्धमा निर्णय गरी यस दिग्दर्शन बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रक्रिया पूरा गरी मुद्दा अनुसन्धान तहकिकात गर्न निर्देशन दिनुपर्नेछ । सरकारी वकिलको निर्देशन प्राप्त भएपछि अनुसन्धान अधिकृतले यस दिग्दर्शनमा लेखिए अनुसार प्रारम्भदेखि नै गोप्यता कायम हुने गरी कागजात व्यवस्थित गरी मुद्दाको अनुसन्धान तहकिकात अगाडि बढाउनुपर्नेछ ।

### ८.२.७ अनुसन्धानको क्रममा थप निर्देशन दिँदाको अवस्थाः

अनुसन्धानको क्रममा निर्देशन दिँदा प्ररम्भिक प्रतिवेदन प्राप्त हुनासाथ गोपनीयता कायम गर्नुपर्ने प्रक्रिया अवलम्वन गर्ने विषयलाई प्राथमिकतापूर्वक निर्देशन दिनु पर्दछ । निर्देशन दिँदा समेत पीडितको पहिचान नखुल्ने गरी संकेत नाम थर वतन प्रयोग गर्नुपर्ने हुन्छ । अनुसन्धानको क्रममा तयार गरिने अरु मुचुल्का र कागजात तयार गर्दा समेत गोपनीयता कायम राखी तयार गर्न निर्देशन दिनु पर्दछ ।

पक्षको गोपनीयता कायम राख्नुपर्ने मुद्दाको अनुसन्धानको क्रममा थप निर्देशन दिँदा अघिल्लो निर्देशन बमोजिम नै गोपनीयता कायम हुन सके नसकेको हेरी पक्षको परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतनको प्रयोग गरी थप निर्देशन दिनुपर्नेछ ।

### ८.२.८ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा र अभियोगपत्र तयार गर्दाको अवस्थाः

मुद्दा चल्ने नचल्ने निर्णय गर्दा र अभियोगपत्र तयार गर्दाको अवस्थामा परिचयात्मक विवरण गोप्य राख्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) मुद्दा चल्ने नचल्ने निर्णय गर्दा कुनै व्यक्तिगत विवरणको सट्टामा अनुसन्धानको क्रममा दिइएको परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) अभियोगपत्र वा पूरक अभियोगपत्र तयार गर्दा कुनै व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने देखिएकोमा सोको सट्टा परिवर्तित संकेत नाम थर वतन दिनुपर्दा सामान्यतया अनुसन्धानको क्रममा तय गरिएको परिवर्तित संकेत नाम थर वतन नै प्रयोग गर्नुपर्नेछ ।

(ग) सरकारी वकिलले आवश्यक ठानेमा गोप्य राखिएका कागजातहरू यस दिग्दर्शनले निर्धारण गरेको प्रक्रिया पु-याई खोली हेर्न सक्नेछ । यसरी खोली हेरेको अवस्थामा उक्त कागजातहरू सरकारी वकिलले व्यहोरा जनाई पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

### ८.२.९ बहस नोट पेश गर्दाको अवस्थाः

पक्षको गोपनीयता कायम भएको मुद्दाको बहस नोट प्रस्तुत गर्दा मिसिलमा दिइएका संकेत नाम उल्लेख गरी पेश गर्नु पर्नेछ । बहस नोटमा लेखिएको विवरणबाट कुनै पनि तवरले गोपनीयता कायम राखिएको व्यक्तिको पहिचान खुल्नु हुदैन ।

### ८.२.१० अदालत, प्रहरी कार्यालय वा अन्य कुनै निकायसँग पत्रचार गर्दाको अवस्थाः

कुनै मुद्दाका सिलसिलामा अदालत, प्रहरी कार्यालय वा अन्य कुनै निकायसँग पत्राचार वा अन्य लेखापढी

गर्दा सरकारी वकिल कार्यालयले पनि गोप्य राख्नुपर्ने व्यक्तिगत विवरणको सट्टामा सोका लागि दिइएको परिवर्तित संकेत नाम थर वतन प्रयोग गर्नुपर्नेछ ।

**८.२.११ साक्षी उपस्थित गराउँदाको अवस्थाः**

पक्षको गोपनीयता कायम गर्नु पर्ने मुद्दामा साक्षी उपस्थित गराउँदा पक्षको परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतनको प्रयोग गर्नुपर्नेछ ।

**८.२.१२ सरकारी वकिलले साक्षीलाई परीक्षण गर्दाको अवस्थाः**

साक्षी परीक्षणका क्रममा सरकारी वकिलले साक्षीसँग सोधपुछ, जिरह वा पुनः सोधपुछ गर्दा वास्तविक नाम वा परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतनको प्रयोग गर्नुपर्नेछ ।

**८.२.१३ दावी, प्रतिउत्तर, प्रतिरक्षा र लिखित जवाफ प्रस्तुत गर्दाको अवस्थाः**

गोपनीयता कायम गरिएका मुद्दासँग सम्बन्धित कुनै किसिमको दावी, प्रतिउत्तर गर्दा वा सो मुद्दाको प्रतिरक्षा गर्दा र सोसँग सम्बन्धित विषयमा कुनै रिट निवेदन परी लिखित जवाफ प्रस्तुत गर्नु पर्दा समेत सम्बन्धित मिसिलमा उल्लेख गरिएको परिवर्तित संकेत नाम थर वतन बाट नै गर्नु पर्नेछ ।

**८.२.१४ सरकारी वकिलले निवेदन, पुनरावेदन, पुनरावलोकन वा दोर्‍याउने निवेदन गर्दाको अवस्थाः**

मुद्दाको काम कारबाहीको सिलसिलामा सरकारी वकिलले अदालत वा अन्य निकायमा कुनै प्रकारको निवेदन वा पुनरावेदनपत्र दायर गर्नुपर्दा वास्तविक नाम वा परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन प्रयोग गरी निवेदन वा पुनरावेदन गर्नुपर्नेछ ।

## ८.३ अदालतमा मुद्दाको कारबाही चल्दाको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि

### ८.३.१ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने सरकारवादी फौजदारी मुद्दाको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि

**१. गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणको अभिलेख दर्ता किताब राख्नेः**

अपराधको तहकिकात पूरा भई सरकारी वकिल कार्यालयबाट मुद्दा चलाउने निर्णय भए बमोजिम अदालतमा अभियोगपत्र प्राप्त भएपछि गोप्य राख्नुपर्ने देखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू अदालतले पनि गोप्य राख्नुपर्नेछ । यसरी विवरणहरू गोप्य राख्दा **अनुसूची**-४ बमोजिमको अभिलेख किताब खडा गर्नुपर्नेछ । सो लगत किताबलाई जिल्ला अदालतका हकमा न्यायाधीश तथा पुनरावेदन र सर्वोच्च अदालतका हकमा रजिस्ट्रार र निजले अनुमति दिएको व्यक्तिबाहेक अन्यले हेर्न नपाउने गरी गोप्य रूपमा राख्नुपर्नेछ ।

**२. सामान्यतया अनुसन्धान तहकिकातको क्रममा दिएको संकेत नाम नै प्रयोग गर्नेः**

अनुसन्धान वा अभियोजन गर्ने निकायले कुनै व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रयोजनको लागि कुनै व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा कुनै संकेत नाम दिएको रहेछ भने सामान्यतया अदालतले पनि सोही परिवर्तित संकेत नाम थर वतनको प्रयोग गर्नुपर्नेछ ।

### ३. दायरी किताब, लगत किताब आदिमा संकेत नाम नै उल्लेख गर्नेः

परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको सन्दर्भमा अदालतमा दायरी किताब, पेसी किताब, राय किताब लगायतका अभिलेखहरू खडा गर्नुपर्दा गोप्य राखेको विवरणहरू उल्लेख गर्नुपर्ने भएमा ती विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

### ४. अनुसन्धान तहकिकातको क्रममा बयान प्रमाणित गर्दाको अवस्थाः

अनुसन्धान तहकिकातको क्रममा बयान प्रमाणित गर्दाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) अनुसन्धान तहकिकातको अवस्थामा अदालतबाट पीडितको बयान प्रमाणित गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम पीडितलाई उपस्थित गराएको अवस्थामा मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी कुनै व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने अवस्थामा गोप्य राखेको नदेखिएमा सो राख्नको लागि निर्देशन दिनुपर्नेछ ।

(ख) बयान प्रमाणित गर्न ल्याएको मुद्दाको विवरण अदालतको अभिलेख पुस्तिकामा जनाउँदा गोप्य राख्नुपर्ने कुनै विवरण उल्लेख गर्नुपर्ने रहेछ भने वास्तविक विवरण उल्लेख नगरी सोका लागि दिइएको परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

### ५. अनुसन्धानको क्रममा अभियुक्तलाई थुनामा राख्न अनुमति दिँदा (म्याद थप गर्दा) को अवस्थाः

अनुसन्धानको क्रममा अभियुक्तलाई थुनामा राख्ने अनुमति दिई म्याद थप गर्दाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) अनुसन्धान वा तहकिकातको सिलसिलामा अभियुक्तलाई थुनामा राख्ने अनुमतिका लागि म्याद थप गर्न अदालतसमक्ष उपस्थित गराएको अवस्थामा मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी कुनै व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्नेमा गोप्य राखेको नदेखिएमा त्यस्तो विवरणका लागि संकेत नाम दिई गोप्य राख्ने व्यवस्था गर्न निर्देशन दिनुपर्नेछ ।

(ख) थुनामा राख्ने अनुमतिका लागि म्याद थप गर्न ल्याएको मुद्दाको विवरण अदालतको अभिलेख पुस्तिकामा जनाउँदा गोप्य राख्नुपर्ने कुनै विवरण उल्लेख गर्नुपर्ने रहेछ भने वास्तविक विवरण उल्लेख नगरी त्यस्तो विवरणका लागि दिइएको परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

### ६. कुनै कागज गराउँदाको अवस्थामा मात्र विवरण गोप्य राख्नुपर्ने जानकारी हुन आएको अवस्थाः

सुरुमा मुद्दाको कारबाही हुँदा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न आवश्यक नदेखिई गोप्य नराखिएकोमा पछि कुनै कागज गराउँदाका अवस्थामा मात्र व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिन आएकोमा त्यस्तो विवरणका लागि सोही बखत परिवर्तित संकेत नाम थर वतन दिई प्रतिलिपि तयार गर्ने र सक्कल कागज सिलबन्दी गरी यस दिग्दर्शन बमोजिमको गोपनीयता कायम राख्ने प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

### ७. मुद्दा दर्ता गर्दाको अवस्थाः

अदालतमा कुनै मुद्दा दर्ता गर्न ल्याएको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) मुद्दा दर्ता गर्दाको अवस्थामा उक्त मुद्दामा कुनै व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने प्रकृतिको हो होइन यकिन गर्नुपर्नेछ ।

(ख) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रकृतिको भएमा कुन कुन विवरणहरू गोप्य राख्ने प्रकृतिको हो सोको पहिचान गर्नुपर्नेछ ।

(ग) गोप्य राख्नुपर्ने विवरणहरूलाई अनुसन्धान वा अभियोजनको क्रममा संकेत नाम दिइएको छ/छैन हेरी अनुसन्धान वा अभियोजनको क्रममा परिवर्तित संकेत नाम थर वतन दिएको भए सामान्यतया अदालतले पनि सोही संकेत नाम दिनुपर्नेछ । अनुसन्धान वा अभियोजनका क्रममा कुनै परिवर्तित संकेत नाम थर वतन दिएको नपाइएमा उक्त विवरणहरूको सट्टा यो दिग्दर्शनमा उल्लिखित प्रक्रिया अपनाई कुन विवरणका लागि के संकेत नाम थर वतन दिने हो सो तय गर्नुपर्नेछ ।

(घ) माथि खण्ड (ग) मा उल्लेख भए बमोजिम व्यक्तिगत विवरणका लागि दिइने परिवर्तित संकेत नाम थर वतन तय भएपश्चात् के कारणले गर्दा कुन कुन विवरणलाई के के संकेत नाम दिइएको हो सोको व्यहोरा छुट्टै कागजमा उल्लेख गरी खाममा सिलबन्दी गरी खामको बाहिर मुद्दाको नाम नम्बर र खामभित्र रहेको कागजको विवरण उल्लेख गरी सिलबन्दी गरी सम्बन्धित मिसिल संलग्न गर्नुपर्नेछ । उक्त विवरण **अनुसूची–४** बमोजिमको अभिलेख किताबमा समेत जनाउनुपर्नेछ । सिलबन्दी गरिएको खाम आवश्यकता अनुसार व्यहोरा जनाई सम्बन्धित जिल्ला न्यायाधीशको रोहवरमा खोलेर हेर्न सकिनेछ । खोलेर हेरिएको अवस्थामा पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

(ङ) कसैको कुनै व्यक्तिको परिचयात्मक विवरणका लागि परिवर्तित संकेत नाम थर वतन दिनुपर्नाको औचित्य र दिइने परिवर्तित संकेत नाम थर वतनको बारेमा मुद्दाको वादी, प्रतिवादी र सम्बन्धित व्यक्तिलाई जानकारी गराउनुपर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम जानकारी गराउँदा पीडित र प्रतिवादीको हकमा **अनुसूची–२** वा **३** बमोजिमको जानकारी पाएको व्यहोराको कागज गराउनुपर्नेछ । सरकारी वकिल कार्यालय र अनुसन्धान गर्ने निकायका हकमा जानकारी गराउनका लागि लेखिने पत्रमा उक्त कार्यालयको अभिलेखमा समेत सो कुरा जनाउनुपर्ने र अदालतसँग पत्राचार गर्दा संकेत नामबाट गर्नुपर्ने व्यहोरासमेत उल्लेख गर्नुपर्नेछ ।

(छ) अदालतमा दर्ता गर्न ल्याएको अभियोगपत्र, निवेदनपत्र लगायतका कागजातमा वा मिसिल संलग्न रहने अन्य कुनै कागजमा गोप्य राख्नुपर्ने कुनै व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखी खुलै उल्लेख भएको रहेछ भने उक्त गोप्य राखिने विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरी सम्बन्धित कागजको प्रतिलिपि तयार गरी प्रमाणित गरी मिसिल संलग्न गर्नुपर्नेछ । सो सक्कल कागजलाई छुट्टै खाममा सिलबन्दी गरी खामको बाहिर उक्त कागजको प्रकृति र विषय उल्लेख गरी मिसिल संलग्न राख्नुपर्नेछ ।

(ज) मुद्दाको मूल दायरी किताब, फाँट वा शाखा दायरी किताब, मिसिलको पोस्ती, कम्प्युटरमा जनाइने मुद्दाको विवरण आदिमा गोप्य राख्नुपर्ने विवरण उल्लेख गर्नुपर्दाको अवस्थामा सोलाई जनाउने परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**८. अदालतमा प्रतिवादीको बयान गराउँदाको अवस्थाः**

अदालतबाट प्रतिवादीको बयान गराउँदाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) बयान गराउनु अगाडि उक्त मुद्दामा गोप्य रहने विवरणहरू, विवरण गोप्य राख्नाको कारण र सोलाई दिइने संकेत नामका बारेमा प्रतिवादीलाई जानकारी दिई सोको जानकारी पाएको व्यहोराको अनुसूची–३ बमोजिमको कागज गराउनुपर्नेछ ।

(ख) गोप्य राख्नुपर्ने देखिएका व्यक्तिगत परिचयात्मक विवरणलाई बयानमा उल्लेख गर्दा त्यस्तो विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ग) मिसिल संलग्न अन्य कागज प्रमाणबाट नखुलेको गोप्य राख्नुपर्ने प्रकृतिको कुनै नयाँ विवरण बयान गराउँदाको अवस्थामा खुल्न आएमा सो बयान गराइसके पश्चात् यस दिग्दर्शनमा उल्लिखित प्रक्रिया अपनाई गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणलाई परिवर्तित संकेत नाम थर वतन दिई गोप्य राख्नुपर्ने विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन राखी उक्त बयानको प्रतिलिपि तयार गरी प्रमाणित गरी मिसिलमा संलग्न गर्नुपर्नेछ । सो सक्कल बयानलाई व्यहोरा जनाई खाममा सिलबन्दी गरी मिसिल संलग्न गर्नुपर्नेछ ।

**९. थुनछेक आदेश गर्दाको अवस्थाः**

प्रतिवादीको बयान पछि मुद्दामा थुनछेक आदेश गर्दा आदेशमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**१०. साक्षी परीक्षण गर्दाको अवस्थाः**

पक्षको गोपनीयता कायम राखिएको मुद्दाको साक्षीको वकपत्र गराउँदा निजसँग गरिने सोधपुछ र जिरहमा समेत गोपनीयता कायम गरिएको पक्षको पहिचान खुल्नु हुँदैन । साक्षीले परिचयात्मक विवरण गोप्य राखिएको वास्तविक विवरण हेर्न चाहेमा देखाई सो विवरण सार्वजनिक नगर्ने कागज गराउनु पर्ने छ ।

**११. थुनछेकको आदेशानुसार प्रतिवादीलाई थुनामा राख्न पठाउने पत्र लेख्दाको अवस्थाः**

१. थुनछेकको आदेश पश्चात् प्रतिवादीलाई थुनुवा पूर्जी दिँदा पीडितको परिचयात्मक नाम उल्लेख गर्नु पर्ने भएमा निजको परिचयात्मक विवरण गोप्य राखी पत्राचार गर्नुपर्दछ ।

२. पीडित प्रतिवादीलाई पूर्पक्षको लागि थुनामा राख्न पठाउँदा सम्बन्धित कारागार शाखामा पठाउने पत्रमा पीडितको परिचयात्मक विवरण गोप्य राखी परिवर्तित संकेत नाम थर वतन राखी पत्राचार गर्नुपर्दछ ।

३ सम्बन्धित कारागार शाखामा समेत प्रतिवादीको अभिलेख राख्नु पर्दा पीडितको परिचयात्मक विवरण गोप्य राख्न सो कारागारलाई निर्देशन दिनुपर्दछ ।

४. मुद्दाको पूर्पक्षको क्रममा सुनुवाइका बेला प्रतिवादी तथा सरकारी वकिललाई समेत पेशीको सूचना

दिँदा पीडितको गोपनीयता कायम राख्न सम्बन्धित फाँट र कारागारलाई निर्देशन दिनुपर्दछ ।

**१२. पेशीको सूचना तथा सूची प्रकाशन गर्दाको अवस्थाः**

अदालतको दैनिक तथा साप्ताहिक पेशी सूची प्रकाशन गर्दा पक्षको पहिचान गोप्य राख्न प्रयोग गरिएको परिवर्तित संकेत नाम थर वतनका आधारमा प्रकाशन गर्नु पर्नेछ ।

**१३. अ.व. १७ नं. को निवेदन एवम् पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदन वा कैफियत प्रतिवेदन प्रस्तुत गर्दाको अवस्थाः**

पक्षको गोपनीयता कायम राखिएको कुनै मुद्दामा भएको आदेश वा फैसला उपर अ.वं. १७ नं को निवेदन वा पुनरावेदन वा दोहोऱ्याई पाऊ वा पुनरावलोकनको निवेदन वा कैफियत प्रतिवेदन प्रस्तुत गर्दा गोपनीयता नखुल्ने गरी वा पीडितको पहिचान नखुल्ने गरी संकेत नाम, थर वतननै प्रयोग गर्नुपर्ने छ ।

**१४. सुधारगृहमा पठाउने वा संरक्षकको जिम्मामा दिने पत्र वा कागज तयार गर्दाको अवस्थाः**

बालबालिकालाई सुधारगृहमा पठाउने वा संरक्षकको जिम्मामा दिने पत्र वा कागज तयार गर्दा निजको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) बालबालिकालाई मुद्दाको कारबाहीको सिलसिलामा सुधारगृहमा राख्न पठाउन वा कुनै संघसंस्थामा जिम्मा दिनका लागि लेखिने पत्रमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नु पर्दा सोको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ । उक्त पत्रमा सो बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरणसमेत उल्लेख गरी उक्त विवरणको गोपनीयता कायम गर्न, अभिलेखहरूमा संकेत नाम नै जनाउने गर्न र सोसँग सम्बन्धित विषयमा पत्राचार गर्दा परिवर्तित संकेत नाम थर वतन बाट नै गर्नुपर्ने व्यहोरासमेत उल्लेख गर्नुपर्नेछ ।

(ख) सुधारगृह वा संघसंस्थाले पनि उक्त मुद्दाका सम्बन्धमा बालबालिकालाई राख्ने वा जिम्मा लिने निकायमा र सो निकायले उक्त मुद्दाका सम्बन्धमा अन्यत्र पत्र लेख्दा संकेत नाम नै उल्लेख गर्नुपर्नेछ ।

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने अवस्थाको बालबालिकालाई संरक्षक वा माथवर व्यक्तिको जिम्मामा दिने कागजमा पनि परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

## ८.३.२ परिचयात्मक विवरण गोप्य राख्नु पर्ने दुनियावादी फौजदारी तथा देवानी मुद्दाको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि

**१. फिरादपत्र दर्ता गर्दाको अवस्थाः**

अदालतमा फिरादपत्र दर्ता गर्न ल्याएको अवस्थामा व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) स्रेस्तेदारले दर्ता हुन आएको फिरादपत्र राम्रोसँग अध्ययन गरी उक्त मुद्दामा कुनै पक्षको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने हो होइन यकिन गर्नुपर्नेछ ।

(ख) मुद्दामा उल्लिखित कुनै विवरण गोप्य राख्नुपर्ने प्रकृतिको देखिएमा कुन कुन विवरणहरू गोप्य राख्ने प्रकृतिको हो सोको पहिचान गरी जिल्ला न्यायाधीशसमक्ष पेस गर्नुपर्नेछ । गोप्य राख्नुपर्ने प्रकृतिको

देखिएमा जिल्ला न्यायाधीशले निर्णय गरी व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी मुद्दाको कारबाही अगाडि बढाउन निर्देशन दिनुपर्नेछ ।

(ग) स्वयम् फिरादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रकृतिको देखिएमा निजसँग निजको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने नपर्ने सम्बन्धमा सोधपुछ गरी कागज गराउनुपर्नेछ ।

(घ) फिरादीले आफ्नो परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी कागज गरेको अवस्थामा र प्रतिवादीहरूको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिएको अवस्थामा गोप्य राख्ने विवरणहरूको सट्टामा दिइने संकेत विवरण **अनुसूची–१** बमोजिम तय गर्नुपर्नेछ ।

(ङ) त्यसरी परिवर्तित संकेत नाम थर वतन तय गरेपश्चात् विवरण गोप्य राख्नुपर्नाको कारणसहित कुन कुन विवरणलाई के के परिवर्तित संकेत नाम थर वतन दिइएको हो सोको व्यहोरा **अनुसूची–२** बमोजिमको छुट्टै कागजमा उल्लेख गरी फिरादपत्रवालालाई सो व्यहोरा जानकारी गराई निजको सहीछापसमेत गराउनुपर्नेछ ।

(च) संकेत नाम दिई फिरादपत्रवालाबाट कागज गराइसकेपछि स्रेस्तेदारले उक्त कागज प्रमाणित गरी राख्नुपर्नेछ ।

(छ) गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको लागि परिवर्तित संकेत नाम थर वतन दिइसके पश्चात् उक्त गोप्य राखिने विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरी फिरादपत्रको प्रतिलिपि तयार गर्नुपर्नेछ ।

(ज) संकेत नामसहितको फिरादपत्रको प्रतिलिपि स्रेस्तेदारले प्रमाणित गरी मिसिल संलग्न गर्नुपर्नेछ । मुद्दाको कारबाही गर्दा सामान्यतया यही प्रतिलिपि फिरादपत्र प्रयोगमा ल्याउनुपर्नेछ ।

(झ) वास्तविक व्यक्तिगत परिचयात्मक विवरणसहितको फिरादपत्र छुट्टै खाममा सिलबन्दी गरी खामको बाहिर उक्त कागजको प्रकृति र विषय उल्लेख गरी स्रेस्तेदारले प्रमाणित गरी मिसिल संलग्न राख्नुपर्नेछ । अत्यावश्यक अवस्था परी सक्कलै कागज हेरी भिडाउनुपर्ने अवस्थामा व्यहोरा जनाई सिलबन्दी खाम खोली हेर्न सकिनेछ । काम सम्पन्न भएपछि पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

(ञ) परिवर्तित संकेत नाम थर वतन दिने प्रक्रिया सम्पन्न भएपछि फिरादपत्र दर्ता गर्नुपर्नेछ । यसरी फिरादपत्र दर्ता गर्दा परिवर्तित संकेत नाम थर वतन बाटै दर्ता गर्नुपर्नेछ ।

(ट) सक्कल फिरादपत्रमा दर्ता नम्बर जति राखिन्छ प्रतिलिपि फिरादपत्रमा पनि सोही दर्ता नम्बर उल्लेख गर्नुपर्नेछ ।

(ठ) गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण **अनुसूची–४** बमोजिमको अभिलेख किताबमा समेत जनाउनुपर्नेछ । सो अभिलेख किताब न्यायाधीश, स्रेस्तेदार र सम्बन्धित फाँटवालाबाहेक अरूका लागि गोप्य रहनेछ ।

(ण) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको परिवर्तित संकेत नाम थर वतन उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ ।

(त) अदालतका कर्मचारीले मुद्दाको कारबाहीको सिलसिलामा व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गरी बोलाउनु वा लेखाउनुपर्दा निजलाई प्रदान गरिएको परिवर्तित संकेत नाम थर वतन बाट नै

बोलाउनु वा लेखाउनुपर्नेछ ।

(थ) मुद्दाको मूल दायरी किताब, फाँट वा शाखा दायरी किताब, मिसिलको पोस्ती, कम्प्युटरमा जनाइने मुद्दाको विवरण आदिमा गोप्य राख्नुपर्ने विवरण उल्लेख गर्नुपर्दाको अवस्थामा सोको सट्टा त्यसका लागि दिइएको परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**२. फिरादपत्रसाथ प्रस्तुत प्रमाण कागजातमा उल्लिखित विवरण गोप्य राख्नुपर्दाको अवस्थाः**

फिरादपत्रसाथ पेस भएका प्रमाण कागजातमा गोप्य राख्नुपर्ने प्रकृतिको कुनै व्यक्तिगत परिचयात्मक विवरण उल्लेख भएको देखिएमा उक्त कागज प्रमाणहरूमा उल्लिखित गोप्य राख्नुपर्ने विवरणका लागि परिवर्तित संकेत नाम थर वतन दिई प्रतिलिपि तयार गर्ने र सक्कल कागज सिलबन्दी गरी यस दिग्दर्शन बमोजिमको गोपनीयता कायम राख्ने प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**३. विशेषज्ञ समक्ष परीक्षणका लागि पत्र लेख्नु पर्दाको अवस्थाः**

विशेषज्ञसमक्ष लिखत कागज लगायतका प्रमाणहरू परीक्षण गर्न पठाउँदाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) लिखत प्रमाणसमेतका कुनै कुरा परीक्षण गर्न पठाउने पत्रमा व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अवस्था परेमा त्यस्तो विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) लिखत प्रमाण कागजसमेतका कुराहरू परीक्षण गर्ने विशेषज्ञले परीक्षण प्रतिवेदन पठाउँदा पनि व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरेर तयार गरी प्रतिवेदन पठाउनुपर्नेछ ।

**४. नक्सा वा अन्य मुचुल्का गर्नुपर्दाको अवस्थाः**

मुद्दाको काम कारबाहीका सिलसिलामा तयार गरिने नक्सा मुचुल्का लगायतका कागजपत्रमा व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन नै प्रयोग गर्नुपर्नेछ । त्यसरी तयार गरिने कागजमा सहीछाप गर्ने व्यक्तिलाई वास्तविक व्यक्तिगत परिचयात्मक विवरणको बारेमा जानकारी दिई सो गोप्य राख्नुपर्नाको कारण, दिइएको संकेत नामको विवरण तथा वास्तविक परिचयात्मक विवरण प्रकट गर्न नहुने बारेमा समेत जानकारी गराउनुपर्नेछ ।

**५. विशेषज्ञ साक्षी झिकाउनु पर्दाको अवस्थाः**

माथि प्रकरण ४ बमोजिम लिखत लगायतका कुराहरू परीक्षण गरी प्रतिवेदन दिने विशेषज्ञलाई साक्षीको रूपमा झिकाई परीक्षण गर्नुपर्ने अवस्था परी त्यस्तो विशेषज्ञलाई झिकाउन पत्र पठाउनुपर्दा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको विवरण उल्लेख गर्नुपर्ने स्थिति आएमा सोको सट्टामा वास्तविक विवरण उल्लेख नगरी परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

**६. वारिसनामा तथा सकारनामा दिँदा लिँदाको अवस्थाः**

मुद्दाको काम कारबाहीको सिलसिलामा वारिसनामा लिँदा-दिँदा तथा अदालतले सकारनामाको कागज गराउँदासमेत गोप्य राख्नुपर्ने विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

**७. गुज्रेको म्याद थमाई पाउन वा अन्य निवेदन दिँदाको अवस्थाः**

मुद्दाको काम कारबाहीको सिलसिलामा गुज्रेको म्याद थमाइपाउने लगायतका अन्य निवेदन दिँदा गोप्य राख्नुपर्ने व्यक्तिगत विवराण उल्लेख गर्नुपर्ने भएमा सोको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

**८.३.३ अन्य कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि**

**१. नगद धरौटी राख्ने रसिद दिँदाको अवस्थाः**

नगद धरौटी राख्ने रसिदमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने रहेछ भने सोको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**२. तारेख भरपाई गर्दा र पर्चा दिँदाको अवस्थाः**

मुद्दाको पक्षलाई तारेख तोक्न तारेख भरपाई र पक्षलाई दिने तारेख पर्चामा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

**३. म्याद तामेल गर्न पठाउँदा र तामेल गर्दाको अवस्थाः**

म्याद तामेल गर्न पठाउँदाको अवस्थामा व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) अदालतबाट जारी गरिने कुनै समाह्वान, इतलायनामा, म्याद वा सूचनामा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अवस्थामा सोको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) जुन व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने हो सोही व्यक्तिको नाममा नै अदालतबाट पहिलोपटक समाह्वान, इतलायनामा, म्याद, सूचना वा वारेन्ट जारी गर्नुपर्ने भएमा सकेसम्म मुद्दाको व्यहोरा अनुमान गर्न नसक्ने गरी सम्बन्धित व्यक्तिको नाम उल्लेख गर्नुपर्नेछ ।

(ग) पहिले एकपटक अदालतमा उपस्थित भई निजको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देखिई सोको सट्टामा परिवर्तित संकेत नाम थर वतन दिइएको व्यक्ति तारेख छोडी बसेको वा अन्य कुनै अवस्था परी पुनः निजलाई झिकाउन म्याद जारी गर्नुपर्दाको अवस्थामा निजलाई पहिले दिइएको परिवर्तित संकेत नाम थर वतन बाटै म्याद जारी गर्नुपर्नेछ ।

(घ) कुनै म्याद, सूचना वा पत्र हुलाकबाट पठाउनुपर्दाको अवस्थामा भने खामको बाहिर परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्ने व्यक्तिको नाम उल्लेख गर्नुपर्ने रहेछ भने सोको सट्टा वास्तविक नाम नै उल्लेख गर्नुपर्नेछ ।

(ङ) समाह्वान, इतलायनामा, म्याद वा सूचनामा उल्लिखित परिवर्तित संकेत नाम थर वतनको वास्तविक विवरण सम्बन्धित तामेलदारलाई उपलब्ध गराउनुपर्नेछ । निजले तामेलीका बखत साक्षी बस्ने भद्र भलाद्मी लगायतका सरोकारवाला व्यक्तिलाई आवश्यकता अनुसार उक्त विवरण देखाउन सक्नेछ । यसरी देखाएको अवस्थामा सो वास्तविक विवरणका बारेमा अन्यलाई व्यक्त नगरी

गोपनीयता कायम गर्न सम्झाइ बुझाइसमेत गर्नुपर्नेछ ।

(च) पुनरावेदन तहको अदालतले जिल्ला अदालतमा म्याद तामेल गर्न पठाउँदा समाह्वान इतलायनामा म्याद सूचना परिवर्तित संकेत नाम थर वतनबाटै जारी गर्नुपर्नेछ र सम्बन्धित अदालतका कर्मचारीको जानकारीको लागि सो परिवर्तित संकेत नाम थर वतन को वास्तविक विवरणसमेत पठाउनुपर्नेछ । सम्बन्धित जिल्ला अदालतले तामेल गर्दा माथि प्रकरण (घ) बमोजिम गर्नुपर्नेछ ।

## ४. कैफियत प्रतिवेदन लेख्दाको अवस्थाः

कुनै मुद्दाको कुनै कारबाहीको सिलसिलामा माथिल्लो अदालतबाट भएका आदेशानुसार कैफियत प्रतिवेदन गरी पठाउनुपर्दा सो कैफियत प्रतिवेदनमा गोप्य राख्नुपर्ने कुनै व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने भएमा सोको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

## ५. अदालती कारबाहीको सिलसिलामा पत्राचार गर्दाको अवस्थाः

अदालती कारबाहीको सिलसिलामा पत्र लेख्दाको अवस्थामा व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) मुद्दाको कारबाहीको क्रममा प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, कारागार, सुधारगृह लगायतका निकायहरूमा लेखिने पत्रमा गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) पत्र लेखिएको निकायलाई सो परिवर्तित संकेत नाम थर वतनको वास्तविक विवरण थाहा नभएको कारणले गर्दा पत्रमा लेखिए अनुसारको कार्य सम्पन्न हुन नसक्ने देखिएमा वास्तविक व्यक्तिगत परिचयात्मक विवरण नै उल्लेख गर्नुपर्नेछ । यसरी वास्तविक विवरण उल्लेख गरी पत्र लेखिएको अवस्थामा उक्त पत्र कार्यालय प्रमुखले मात्र खोल्ने भनी सो पत्रको खाममा उल्लेख गरी पठाउनुपर्नेछ । साथै, सो वास्तविक विवरण सरोकारवालाबाहेक अन्यको हकमा गोप्य राख्नका लागि अनुरोधसमेत गर्नुपर्नेछ ।

## ६. साक्षीको बकपत्र गराउँदाको अवस्थाः

साक्षी, विशेषज्ञ, अदालतबाट बुझिएका व्यक्तिहरूको बकपत्र गराउँदा कुनै व्यक्तिको व्यक्तिगत विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) बकपत्र गराउनुअगाडि उक्त मुद्दामा गोप्य रहने विवरणहरू, विवरण गोप्य राख्नाको कारण र सोलाई दिइएको परिवर्तित संकेत नाम थर वतनका बारेमा बकपत्र गर्ने व्यक्तिलाई पहिले जानकारी नदिएको भए सोको जानकारी दिई **अनुसूची–३** बमोजिम व्यहोरा सुनी पाएको छुट्टै कागज गराउनुपर्नेछ ।

(ख) गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणलाई बकपत्रमा उल्लेख गर्दा परिवर्तित संकेत नाम थर वतनद्वारा नै गर्नुपर्नेछ ।

(ग) मिसिल संलग्न अन्य कागज प्रमाणबाट नखुलेको गोप्य राख्नुपर्ने प्रकृतिको कुनै नयाँ विवरण बकपत्र गराउँदाको अवस्थामा खुल्न आएमा सो बकपत्र गराइसकेपश्चात् यस दिग्दर्शनको प्रक्रिया

अवलम्बन गरी सो गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरणलाई संकेत नाम दिई गोप्य राख्नुपर्ने विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन राखी उक्त बकपत्रको प्रतिलिपि तयार गरी प्रमाणित गरी मिसिलमा संलग्न गर्नुपर्नेछ । सो सक्कल बकपत्रलाई व्यहोरा जनाई खाममा सिलबन्दी गरी मिसिल संलग्न गर्नुपर्नेछ ।

(घ) बन्दसवाल बुझी बकपत्र गराउनुपर्ने अवस्थामा पत्र लेख्दा परिवर्तित संकेत नाम थर वतनबाटै पत्र लेखी बुझ्न पठाउनुपर्नेछ । बकपत्र गराउने अदालतको जानकारीको लागि भने परिवर्तित संकेत नाम थर वतन प्रयोग गरिएका विवरणको वास्तविक व्यक्तिगत परिचयात्मक विवरण पनि उल्लेख गरी गोप्य गरी पठाइदिनुपर्नेछ । यस्तो गोप्य गरी पठाइएको पत्रको बाहिर गोप्य जनाई सम्बन्धित न्यायाधीशले मात्र खोल्ने भनी उल्लेख गरी पठाउनुपर्नेछ । बकपत्र गराउँदा माथि प्रकरण (क) (ख) र (ग) मा उल्लेख गरे अनुसार कै प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(ङ) साक्षी बकाउनेः नेपाल सरकार वादी भएको गम्भीर प्रकृतिको फौजदारी मुद्दामा प्रतिवादीको उपस्थिति वा अन्य कुनै मनासिव कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दवाव परेको वा दवाव पर्ने प्रवल सम्भावना छ भन्ने कुरा अदालतलाई लागेमा त्यस्ता प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने र निज प्रतिवादीको कानून व्यवसायी तथा निजले रोजेको मानिसको रोहवरमा बकपत्र गराउने गरी अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**जिल्ला अदालत नियमावली २०५२ को दफा २९ (५) (दशौं संशोधन सहित)**

### ७. इजलासमा मुद्दा सुनुवाइ गर्दाको अवस्थाः

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने पक्ष भएका मुद्दाको सुनुवाइ गर्दा  बन्द इजलासबाट गनुपर्ने छ ।

**सर्वोच्च अदालत नियमावली, २०४९**
**पुनरावेदन अदालत नियमावली, २०४८**
**जिल्ला अदालत नियमावली, २०५२**

### ८. बन्दसवालबाट साक्षी बुझ्नु पर्दाको अवस्थाः

बन्दसवालबाट साक्षी बुझ्नुपर्दा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको नाम आदि उल्लेख गर्नुपर्ने रहेछ भने निजको वास्तविक नाम उल्लेख नगरी परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

### ९. कारबाहीको सिलसिलामा आदेश गर्दाको अवस्थाः

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको कुनै कारबाहीको सिलसिलामा आदेश गर्नुपर्दा आदेशपत्रमा वास्तविक व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने भएमा सोको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गर्नुपर्नेछ ।

**१०. फैसला लेख्दाको अवस्थाः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दाको फैसला तयार गर्दा फैसलामा वास्तविक व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरी तयार गर्नुपर्नेछ ।

**११. फैसलाको जनाउ दिँदाको अवस्थाः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने मुद्दामा कुनै पक्षलाई फैसला भएको जनाउ दिनका लागि पत्र लेख्नुपर्दा वास्तविक व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन नै उल्लेख गरी पत्र लेख्नुपर्नेछ । साथै पुनरावेदनको म्याद जारी गर्नुपर्दा पनि वास्तविक व्यक्तिगत परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतनबाटै जारी गर्नुपर्नेछ । जनाउ म्याद वा पुनरावेदनको म्याद तामेल गर्ने सम्बन्धमा भने म्याद तामेल गर्ने सम्बन्धी प्रकरण ८.३.३ को खण्ड (३) मा उल्लेख भएबमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**१२. विचाराधीन वा अन्य कुनै मुद्दाको विषयमा समाचार दिँदाको अवस्थाः**

अदालतबाट विचाराधीन बन्द इजलासबाट सुनुवाइ हुने वा पक्षको गोपनीयता कायम राख्नु पर्ने प्रकृतिको कुनै पनि मुद्दाको विषयमा सूचना दिंदा वा समाचार सम्बन्धित मुद्दाका पक्षलाई उपलव्ध गराउँदा पीडितको परिचयात्मक समेत विवरण गोप्य राखी परिवर्तित संकेत नाम थर वतनबाट मात्र उपलब्ध गराउनु पर्नेछ । प्रकाशित भएको समाचार वा उपलब्ध भएको सूचनाबाट कुनै पनि तवरले घटना विवरणलाई अतिरञ्जित वा भ्रम पैदा हुने वा अदालतप्रति नै अनास्था उत्पन्न हुने वा पक्षको पहिचानलाई संकेत गर्ने वा जानकारी हुने कार्य गर्नु हुँदैन ।

**कार्यविधि निर्देशिका, २०६४ को ७. म्याद, सूचना र पत्राचार र ८. सूचना प्रकाशनमा बन्देज**

**८.३.४ फैसला कार्यान्वयनको अवस्थामा गोपनीयता कायम गर्ने कार्यविधि**

**१. लगत किताबमा जनाउँदाको अवस्थाः**

लगत किताबमा जनाउँदाका अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) फैसला अनुसार दण्ड, जरिवाना, सरकारी बिगो, क्षतिपूर्ति आदि भराउने गरी लगत किताबमा लगत राख्दा वास्तविक व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अवस्थामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(ख) लगत भिडाउने प्रयोजनको लागि तहसिल शाखामा **अनुसूची–४** बमोजिमको छुट्टै अभिलेख किताब खडा गरी सोही किताबमा उल्लेख भएको वास्तविक विवरणको आधारमा लगत भिडाउनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको अभिलेख किताब तहसिलदारको जिम्मामा रहनेछ । निजले सो किताब गोप्य राख्नुपर्नेछ ।

**२. अन्य अदालतमा लगत कस्न पठाउँदाको अवस्थाः**

अदालतको फैसलाले लागेको दण्ड जरिवाना, कैदको लगतको असुल तहसिल अन्य अदालतबाट

गराउनुपर्ने भई त्यस्तो लगत सम्बन्धित अदालतको तहसिल शाखामा लेखी पठाउँदा वास्तविक व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गरी सोको संकेत नामसमेत पठाई दिनुपर्नेछ । लगत प्राप्त गर्ने अदालतले यस कार्यविधि दिग्दर्शनमा माथि प्रकरण ८.३.१ बमोजिमको प्रक्रिया अनुसार गर्नुपर्नेछ ।

### ३. असुल तहसिलको लागि डोर खटाउँदाको अवस्थाः

असुल तहसिलको लागि डोर खटाउँदाको अवस्थामा परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) फैसला बमोजिम दण्ड, जरिवाना, कैद वा सरकारी बिगो असुल गर्नुपर्ने व्यक्ति रहे बसेको ठाउँमा असुल तहसिल कार्यका लागि डोर खटाउँदा डोरमा खटिजाने कर्मचारीलाई वास्तविक व्यक्तिगत परिचयात्मक विवरणका साथै सोको संकेत नामसमेत उपलब्ध गराउनुपर्नेछ ।

(ख) त्यस्ता कर्मचारीले असुल तहसिलको सिलसिलामा आवश्यक परेका अवस्थामा बाहेक वास्तविक व्यक्तिगत परिचयात्मक विवरण कसैलाई प्रकट नगरी गोप्य राख्नुपर्नेछ ।

(ग) असुल गर्दा प्रयोग गर्ने डोर रसिदमा वास्तविक विवरणको सट्टा परिवर्तित संकेत नाम थर वतन उल्लेख गर्नुपर्नेछ ।

(घ) असुल तहसिलको सिलसिलामा कुनै किसिमको मुचुल्का तयार गर्नुपर्ने अवस्था आइपरेमा मुचुल्कामा बस्ने व्यक्तिहरूलाई वास्तविक परिचयात्मक विवरणको बारेमा जानकारी गराई मुचुल्कामा सोको सट्टामा परिवर्तित संकेत नाम थर वतन उल्लेख गरिने व्यहोरा बताउनुपर्नेछ । त्यस्तो मुचुल्कामा सही गर्ने व्यक्तिलाई वास्तविक परिचयात्मक विवरण, त्यस्तो विवरण गोप्य राख्नाको कारण र सोलाई दिइएको परिवर्तित संकेत नाम थर वतनको जानकारी गराई यस्तो व्यहोरा अन्य बेसरोकारवाला व्यक्तिलाई प्रकट नगरी गोप्य राख्नुपर्ने व्यहोराका बारेमा जानकारी गराई सोको छुट्टै कागज गराउनुपर्नेछ ।

### ४. भरिभराउको लागि दरखास्त लिँदाको अवस्थाः

फैसला बमोजिम भरिभराउ गरी पाऊँ भन्ने दरखास्त लिँदा फैसलामा उल्लेख भएको परिवर्तित संकेत नाम थर वतनको आधारमा लिई सोही बमोजिम दर्ता गर्नुपर्नेछ ।

### ५. फैसला बमोजिम भराउनुपर्ने रकम दाखिला गर्न ल्याउनु भन्ने सूचना जारी गर्दाको अवस्थाः

फैसला बमोजिम भरिभराउका लागि दरखास्त परेपछि भर्नुपर्नेका नाममा रकम दाखिला गर्न ल्याउनु भन्ने सूचना जारी गर्दा भर्नुपर्ने व्यक्तिको व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने अवस्थामा सो सूचनामा सकेसम्म मुद्दाको व्यहोरा अनुमान गर्न नसक्ने गरी सम्बन्धित व्यक्तिको नाम उल्लेख गर्नुपर्नेछ ।

### ६. सम्पत्ति रोक्का, जायजात, तायदात, जेथा मूल्याङ्कन, सम्पत्ति लिलाम गर्दाको अवस्थाः

सम्पत्ति रोक्का, जायजात, तायदात, जेथा मूल्याङ्कन, सम्पत्ति लिलाम गर्दाको अवस्थामा तयार गरिने मुचुल्का लगायतका कागजपत्रमा वास्तविक व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन नै प्रयोग गर्नुपर्नेछ। त्यसरी तयार गरिने कागजमा सहीछाप गर्ने व्यक्तिलाई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्नाको कारण, दिइएको परिवर्तित संकेत नाम थर वतनको विवरण तथा वास्तविक परिचयात्मक विवरण प्रकट नगरी गोप्य राख्नुपर्ने व्यहोराका बारेमा समेत जानकारी गराउनुपर्नेछ ।

**७ सजाय असुल गर्न प्रहरी कार्यालयमा पत्र लेख्दाको अवस्थाः**

फैसला बमोजिमको सजाय असुल गर्न सम्बन्धित प्रहरी कार्यालयमा पत्र लेख्दा सजाय असुल गर्नुपर्ने व्यक्तिको वास्तविक विवरण नै उल्लेख गरी पत्र लेख्नुपर्छ । यसरी पत्र लेखिएको अवस्थामा सो वास्तविक विवरण सरोकारवाला बाहेक अन्यको हकमा गोप्य राख्नका लागि अनुरोधसमेत गर्नुपर्नेछ ।

**८. कारबाहीको सिलसिलामा आदेश गर्दाको अवस्थाः**

मुद्दाको कारवाहीको क्रममा गरिने आदेशको व्यहोरामा समेत गोपनीयता कायम गरिएको पक्षको पहिचान खुल्न नहुने तर्फ उच्चतम सतर्कता अपनाउनु पर्नेछ । आदेशमा पक्षको शुरु मिसिलमा जुन परिवर्तित संकेत नाम थर वतन उल्लेख गरिएको छ सोही बमोजिम आदेशमा उल्लेख गर्नु पर्नेछ ।

**९. आदेश उपर परेका निवेदनमा किनारा गर्दाको अवस्थाः**

कुनै अदालत वा न्यायिक निकाय वा अर्धन्यायिक निकायले गरेको आदेश उपर परेका निवेदनको कारवाही र किनारा गर्दा मुद्दाका पक्षको गोपनीयता कायम गर्नु पर्नेछ । कारवाही वा किनारा गर्दा पनि पक्षको गोपनीयता कायम गर्नु पर्नेछ ।

**१०. प्रतिवेदन, लिखित जवाफ प्रस्तुति गर्दाको अवस्थाः**

अदालतले गरेका आदेश उपर चित्त नबुझी दायर हुने अ.वं. १७ नं बमोजिमका निवेदन र रिटको प्रतिरक्षा वा प्रतिवाद गर्न पेश गरिने र प्रतिवेदन र लिखित जवाफमा समेत गोपनीयता कायम गरिएका पक्षको पहिचान नखुल्ने गरी परिवर्तित संकेत नाम थर वतन समेतको विवरणबाटै गर्नुपर्नेछ ।

**११. क्षतिपूर्ति भराउँदाको अवस्थाः**

फैसला बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराउँदा पीडितको पहिचान गोप्य राखी अन्तिम पूर्जी जारी हुने समयमा मात्र पूर्जी साथ पहिचान खुल्ने विवरण पठाउनु पर्नेछ र त्यस्तो विवरणको गोप्यता सम्बन्धित निकायले समेत राख्नु पर्नेछ ।

**१२. पूर्जी जारी गर्दाको अवस्थाः**

फैसला कार्यान्वयनको क्रममा जारी गरिने अन्तरिम पूर्जी वा दा.खा. दर्ता पूर्जी पठाउँदा पत्रमा संकेत नाम राखी सम्बन्धित पीडितको पहिचान खुलेको कागजलाई छुट्टै खामबन्दी गरी पठाउँनु पर्नेछ ।

**८.३.५ कानून व्यवसायीले पक्षको गोपनीयता कायम गर्ने विधिः**

**कानून व्यवसायीको आचार संहिता, २०५१**

गोपनीयता कायम गरेको मुद्दा वा बन्द इजलासबाट सुनुवाइ भएको मुद्दामा पक्षको वा विपक्षका कानून व्यवसायीहरूले सम्बन्धित पक्षको पहिचानको गोपनीयता कायम राख्नु पर्ने छ । त्यस्ता मुद्दामा भएको आदेश वा फैसला उपर निवेदन वा पुनरावेदन वा रिट निवेदन दायर गर्दा समेत त्यस्तो विवरण सार्वजनिक हुने गरी प्रस्तुत गर्नु हुँदैन ।

**१. फिराद, प्रतिउत्तर, निवेदन, पुनरावेदन, लिखित जवाफ आदि लिखतहरूको मस्यौदा गर्दाः**

पक्षको गोपनीयता कायम राखिएको मुद्दामा अभियुक्त वा प्रतिवादीको तर्फबाट फिराद प्रतिउत्तर, निवेदन,

पुनरावेदन, लिखित जवाफ आदि लिखितहरुको मस्यौदा गर्दा कानून व्यवसायीले आफ्नो पक्षको परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम, थर वतननै उल्लेख गर्नुपर्ने छ ।

**२. अदालतमा पक्षका साक्षीहरूको बकपत्र गराउँदा तथा विपक्षीका साक्षीहरूको जिरह गर्दाः**

पक्षको गोपनीयता कायम राखिएको मुद्दामा बकपत्र गराउँदा तथा विपक्षीका साक्षीहरूको जिरह गर्दा कानून व्यवसायीले पक्षको परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम, थर वतन प्रयोग गर्नुपर्नेछ ।

**३. अदालतसमक्ष उपस्थित भई बहस पैरवी गर्दाः**

पक्षको गोपनीयता कायम राखिएको मुद्दामा अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्दा पक्षको परिचयात्मक विवरणको सट्टा परिवर्तित संकेत नाम, थर वतन प्रयोग गरी बहस पैरवी गर्नुपर्नेछ ।

**४. व्यक्तिगत परिचयात्मक विवरण उल्लेख गर्नुपर्ने अन्य अवस्थाः**

(क) **प्रतिनिधित्व गर्दाको अवस्था :**

कानून व्यवसायी मुद्दाको प्रतिनिधित्व गर्दा गोपनीयता कायम राख्नु पर्ने छ ।

(ख) **प्रतिरक्षा गर्दाको अवस्थाः**

पक्षको गोपनीयता कायम राखिएको मुद्दामा अभियुक्त वा प्रतिवादीको तर्फबाट बहस पैरवी वा प्रतिनिधित्व गर्ने कानून व्यवसायीले आफ्नो पक्षको प्रतिरक्षा गर्दा पीडितको पहिचान सार्वजनिक गर्नु हुदैन ।

(ग) **बहस पैरवी गर्दाको अवस्थाः**

सम्बन्धित पक्षको पहिचान कै विषयमा टिप्पणी गर्नु परेको अवस्थामा बहस पैरवी गर्दा बाहेक अरु विषयमा बहस पैरवीको क्रममा पनि गोपनीयता कायम राखी परिवर्तित संकेत नाम थर वतन नै प्रयोग गर्नु पर्ने छ ।

(घ) **अ. बं. १७ नं.को निवेदन दिँदाको अवस्थाः**

गोपनीयता कायम गरिएको मुद्दामा भएको आदेश उपर चित्त नबुझी दिइने निवेदन र सोको कारवाही र किनारामा गोपनीयता कायम गर्नु पर्नेछ । बन्द इजलासबाट सुनुवाइ भएको मुद्दाको आदेश उपर परेको अ.वं. १७ नं को निवेदनको कारवाही र किनारा गर्दा पुनरावेदन तहमा पनि बन्द इजलास कायम गर्नु पर्नेछ ।

(ङ) **सम्बन्धित विषयमा परेका अन्य मुद्दामा प्रतिनिधित्व र प्रतिरक्षा गर्दाको अवस्थाः**

गोपनीयता कायम गरिएका वा बन्द इजलासबाट सुनुवाइ भएका मुद्दासँग सम्बन्धित विषयमा परेका लगाउका वा सन्दर्भ राख्ने मुद्दाको कारवाही र किनारा गर्दा पनि शुरु अदालतमा अवलम्बन गरिएको प्रक्रियालाई निरन्तरता दिनु पर्नेछ र त्यस्तो मुद्दामा गरिने प्रतिनिधित्व र प्रतिरक्षा गर्दा पनि सोही अनुरुप गर्नु पर्नेछ ।

(च) **इजलास बाहिर छलफल गर्दाको अवस्थाः**
गोपनीयता कायम गरिएको वा बन्द इजलासबाट सुनुवाइ गरिएका मुद्दाको घटना विवरण वा सो मुद्दाको विषयमा जानकारी राख्ने न्यायाधीश, कानून व्यवसायी, सरकारी वकिल, अदालतका कर्मचारी समेतका सम्बद्ध सबैले इजलास बाहिर पक्षको गोप्यता भङ्ग हुने गरी वा पहिचान खुल्ने गरी छलफल वा कुराकानी गर्नु हुदैन ।

**८.३.६ सञ्चार क्षेत्रले अदालतमा विचाराधीन मुद्दासँग सम्बन्धित समाचार, सूचना सम्प्रेषण गर्दाको अवस्थाः**

राज्यद्वारा भएका कामकारबाहीका सूचना पाउने प्रत्येक नागरिकको हक भएता पनि मुद्दाका पक्ष वा पीडित वा व्यक्तिका नितान्त व्यक्तिगत कुराहरूको जानकारी असम्बन्धित पक्षलाई जानकारी गराइरहनु पर्दैन भन्ने मान्यता रही आएको छ । तसर्थ सञ्चार माध्यमले समाचार प्रकाशन वा सम्प्रेषण गर्दा व्यक्तिको गोपनीयताका बारेमा सजक हुनुपर्दछ । फौजदारी न्यायको सर्वमान्य सिद्धान्त अनुसार कुनै आधिकारिक अदालत वा निकायबाट अभियुक्त उपरको अभियोग प्रमाणित नभए सम्म निर्दोष मान्नुपर्ने हुन्छ । तसर्थ कानूनद्वारा सकारात्मक विभेदको आधारमा संरक्षण प्राप्त बालक तथा महिला लगायतका मुद्दामा पीडित र अभियुक्तका विषयमा समाचार वा सूचना प्रकाशनमा विशेष ध्यान दिनुपर्ने हुन्छ । देहायका सञ्चार माध्यमले समाचार सूचना प्रकाशन वा सम्प्रेषण गर्दा निम्न अनुसारको कार्यविधि अपनाउनु पर्दछ ।

सञ्चार माध्यमबाट गोपनीयता कायम राखिएको वा राख्नु पर्ने प्रकृतिको वा बन्द इजलासबाट सुनुवाइ भएको मुद्दासँग सम्बन्धित समाचार वा सूचना सम्प्रेषण गर्दा अदालतको अधिकारीक सूचनादाता अधिकारीले दिएको सूचना वा जानकारी मात्र प्रकाशन प्रसारण गर्नु पर्दछ र कुनै पनि रुपमा मुद्दाका पीडित पक्षको पहिचान हुने गरी समाचार वा सूचना प्रकाशन प्रसारण गर्नु हुदैन ।

**१. पक्षको पहिचानको प्रकाशनः**
गोपनीयता कायम गर्ने निर्देशिकाले निर्धारण गरेको परिधी भित्र रही पक्षको पहिचान गोप्य राख्नु पर्नेछ । प्रकाशन गर्दा पहिचान नखुल्ने गरी परिवर्तित संकेत नाम थर वतनबाट प्रकाशन गर्न सकिन्छ ।

**२. प्रतिवादीको नाम र ठेगानाः**
कतिपय अवस्थामा पीडितको नाम, थर, वतन वा ठेगानाबाट समेत पीडितको पहिचान वा घटनाको पहिचान सार्वजनिक हुन सक्ने हुँदा यो सन्दर्भलाई समेत विचार गरि गोपनीयता कायम राख्नु पर्नेछ ।

**कार्यविधि निर्देशिका, २०६४ को ७. म्याद, सूचना र पत्राचार र ८. सूचना प्रकाशनमा बन्देज**

**३. घटना विवरणको प्रकाशनः**

पीडितको नाम, थर समेतको पहिचान नखुल्ने गरी घटना विवरण सम्बन्धी समाचार वा सूचना प्रकाशन परिवर्तित संकेत नाम थर वतनबाट गर्नुपर्नेछ ।

**४. पीडित र अभिभावकको नाम र ठेगानाः**

पीडित पक्षको पहिचान गोप्य राख्न पीडितको नाम, थर, मात्र गोप्य राखेर वा संकेत जनाएर पर्याप्त हुदैन । निजका बाबु बाजे बज्यै वा पति पत्नीको नाम र निजको ठेगाना समेतबाट पीडितको पहिचान नखुल्ने गरी विवरण उल्लेख गर्नु पर्नेछ ।

**५. पत्रिकामा सूचना वा समाचार प्रकाशन गर्दाको अवस्थाः** ऐजन

पीडित वा अभियुक्तको परिचय खुल्ने तरिकाले नाम, थर र ठेगाना र निजको बाबु आमा वा संरक्षकको विवरण प्रकाशन गर्नुहुदैन । साथै निजहरूको परिचय वा अनुहार स्पष्ट देखिने गरी फोटो चित्र पत्रिकामा प्रकाशन गर्नु हुदैन । यदि यसरी स्पष्ट चिनिने गरी समाचार वा सूचना प्रकाशन वा सम्प्रेषण गरेमा निजको गोपनीयता भङ्ग भएको मानिनेछ ।

**६. रेडियोबाट सूचना वा समाचार प्रसारण गर्दाको अवस्थाः** ऐजन

पीडित वा अभियुक्तको परिचय खुल्ने तरिकाले नाम, थर वतन र निजको बाबु आमा वा संरक्षकको विवरण ध्वनीको माध्यमबाट प्रसारण गर्नुहुदैन । यदि यसरी स्पष्ट रुपमा घटनाको विवरण सहित प्रसारण गरिएमा निजको गोपनीयता भङ्ग भएको मानिनेछ ।

**७. टेलिभिजनबाट सूचना वा समाचार प्रसारण तथा सम्प्रेषण गर्दाको अवस्थाः** ऐजन

पीडित वा अभियुक्तको परिचय खुल्ने तरिकाले नाम, थर वतन ठेगाना र निजको बाबु आमा वा संरक्षकको विवरण श्रव्यदृश्य माध्यमबाट प्रसारण गर्नुहुदैन । साथै निजहरूको परिचय वा अनुहार स्पष्ट देखिने गरि फोटो श्रव्यदृश्यमा प्रसारण गर्नुहुदैन । यदि टेलिभिजनबाट प्रसारण गर्नुपरेमा निजहरूको अनुहारलाई धमिलो वा स्पष्ट नचिनिने गरी प्रसारण गर्नुपर्दछ । यसरी स्पष्ट चिनिने गरी समाचार वा सूचना प्रसारण गरेमा निजको गोपनीयता भङ्ग भएको मानिनेछ ।

ऐजन

**८. इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवम् समाचारमूलक कार्यक्रम उत्पादन–वितरण गर्ने संस्थाहरूले सूचना वा समाचार प्रसारण तथा सम्प्रेषण गर्दाको अवस्थाः**

पीडित वा अभियुक्तको परिचय खुल्ने तरिकाले नाम, थर वतन ठेगाना र निजको बाबु आमा वा संरक्षकको विवरण सहित अनलाइन एवम् समाचारमूलक कार्यक्रम उत्पादन–वितरण गर्नुहुदैन । साथै निजहरूको

परिचय वा अनुहार स्पष्ट देखिने गरी फोटो श्रव्य दृश्यमा प्रसारण गर्नुहुदैन । यदि टेलिभिजनबाट प्रसारण गर्नुपरेमा निजहरूको अनुहारलाई धमिलो वा स्पष्ट नचिनिने गरी प्रसारण गर्नुपर्दछ । यसरी स्पष्ट चिनिने गरी समाचार वा सूचना प्रसारण गरेमा निजको गोपनीयता भङ्ग भएको मानिनेछ ।

**८.३.७ यस दिग्दर्शनको विभिन्न खण्ड वा विषयमा सञ्चार माध्यमको सन्दर्भमा उल्लेख भएका व्यवस्थाहरू यस प्रकार छन् ।**

छापा तथा विद्युतीय माध्यमबाट मुद्दाको विषयवस्तुको बारेमा सूचना सम्प्रेषण गर्दा, मुद्दा सम्बन्धी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिहरूको नाम, थर, वतन उल्लेख गर्नुपर्दाको अवस्था

**यो दिग्दर्शनको सञ्चार क्षेत्र ५.५**

गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका मुद्दाको अनुसन्धानको चरणमा गरिने सबै कागजातमा पीडितको पहिचान गोप्य राखिएको हुन्छ । त्यस्तो मुद्दाको विषयमा समाचार प्रकाशन र प्रसारण गर्दा समेत गोपनीयताको संरक्षण हुने गरी गर्नु पर्दछ ।

**ख. अनुसन्धान तहकिकातको अवस्थामा**

**८.१.१७**

**समाचार प्रकाशन प्रसारण गर्दाको अवस्था**

अभियोजनको क्रममा रहेको गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका मुद्दाको सन्दर्भमा समाचार प्रकाशन प्रसारण गर्दा सरकारी वकिलले समेत पीडितको पहिचान नखुल्ने गरी गर्नु पर्ने हुन्छ ।

**ग. अभियोजनको अवस्थामा**

**८.२.५ समाचार प्रकाशन, प्रसारण गर्दाको अवस्था**

अदालतबाट विचाराधीन बन्द इजलासबाट सुनुवाइ हुने वा पक्षको गोपनीयता कायम राख्नु पर्ने प्रकृतिको कुनै पनि मुद्दाको विषयमा सूचना दिंदा वा समाचार सम्बन्धित मुद्दाका पक्षलाई उपलव्ध गराउँदा पीडितको परिचयात्मक समेत विवरण गोप्य राखी परिवर्तित संकेत नाम थर वतनबाट मात्र उपलब्ध गराउनु पर्नेछ । प्रकाशित भएको समाचार वा उपलब्ध भएको सूचनाबाट कुनै पनि तवरले घटना विवरणलाई अतिरञ्जित वा भ्रम पैदा हुने वा अदालतप्रति नै अनास्था उत्पन्न हुने वा पक्षको पहिचानलाई संकेत गर्ने वा जानकारी हुने कार्य गर्नु हुदैन ।

**घ. अदालत**

**(१२) विचाराधीन वा अन्य कुनै मुद्दाको विषयमा समाचार दिंदाको अवस्थाः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वास्तविक परिचयात्मक विवरण खुल्ने गरी निजको वास्तविक नाम, निजको तस्बीर वा घटना विवरण कुनै पनि प्रकारको विद्युतीय वा छापाका सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नु हुँदैन ।

**ङ . विविध**

**९.११ मुद्दाको सूचना प्रकाशन गर्नमा बन्देज**

| | |
|---|---|
| **प्रकाशनमा बन्देजः** बालबालिका ऐन वा प्रचलित कानूनबमोजिमको मुद्दा तथा सो सँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । यस्तो प्रतिबन्ध संवाददाता तथा संवाद फोटो प्रतिनिधिको हकमा समेत लागू हुनेछ । | **च. बालबालिकासम्बन्धी ऐन, २०४८**<br>**यस ऐनको परिच्छेद ६ अन्तर्गत दफा ४९ २ प्रकाशनमा बन्देज** |
| **प्रकाशन गरेमा हुने सजायः** बालबालिकासँग सम्बन्धित मुद्दाको विवरण प्रकाशित गरेमा वा बालक सम्बन्धी तथ्याङ्कको गोप्यता भङ्ग गरेमा वा त्यसलाई प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ र कसूरसँग सम्बन्धित पत्रपत्रिका तथा पुस्तकसमेत सबै जफत गरिने व्यवस्था रहेको पाइन्छ । | **छ. बालबालिकासम्बन्धी ऐन, २०४८ दफा ५३ (९) प्रकाशन गरेमा हुने सजाय** |
| यस निर्देशिका बमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचारप्रसार गर्न हुँदैन । | **ज. कार्यविधि निर्देशिका, २०६४**<br>**८. सूचना प्रकाशनमा बन्देज** |
| **गोपनीयता कायम राख्ने मुद्दाको समाचार प्रकाशनः**<br>गोपनीयता कायम राख्ने मुद्दाको समचार प्रकाशन गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका मुद्दाको घटना विवरण र सो सम्बन्धी समचार प्रकाशन गर्दा समबन्धित पीडितको पहिचान नखुल्ने गरी मात्र गर्नु पर्नेछ । यसका लागि पहिचान नखुल्ने गरी संकेत नाम दिन नाम परिवर्तन भएको व्यहोरा उल्लेख गर्नु अनिवार्य हुन्छ । कतिपय अवस्थामा घटना भएको स्थलको विस्तृत विवरण र प्रतिवादीको पहिचानले समेत गोप्य राख्नु पर्ने विवरण सार्वजनिक हुन सक्छ भन्ने तर्फ विशेष सजगता अपनाउनु पर्दछ । गोप्य राखिएको परिचयात्मक विवरण सार्वजनिक गरेमा अदालतको आदेशको अपहेलना मानिनेछ र कारवाही हुनेछ । | **कार्यविधि निर्देशिका, २०६४ को ७. म्याद, सूचना र पत्राचार र ८. सूचना प्रकाशनमा बन्देज** |
| **२. परिभाषा : विषय वा पसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा—**<br>(ख) 'सञ्चारमाध्यम' भन्नाले नेपालमा संचालित पत्रपत्रिका, रडियो एवम् टेलिभिजन प्रसारणहरू, समाचार एजेन्सी तथा इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवम् समाचारमूलक कायक्रम उत्पादन–वितरण गर्नेसंस्था र सेवाहरू समेतलाइ जनाउँछ । | **पत्रकार आचारसहिता-२०६० (संशोधित तथा परिमार्जित-२०६४)** |

| | |
|---|---|
| सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा व्यक्ति एवम् व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ । | **३. पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य**<br>**(६) गोपनीयताको हकको सम्मान** |
| अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउँने पत्रकार वा सञ्चार माध्यमको कर्तव्य हुनेछ । | **३. पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य**<br>**(१०) सामाजिक दायित्वः** |
| **पत्रकार र सञ्चारमाध्यमहरूले गर्न नहुने कार्यहरूः**<br>पीडितलाइ थप पीडा पग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेततको प्रयोग गरी समाचार तथा विचार प्रकाशन–प्रसारण वा उत्पादन–वितरण गर्नु हुदैन । | **(६) पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने** |
| यौनजन्य अपराध र सामाजिक अपहेलना एवम् घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूका संकेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बीर र दृश्य प्रकाशन–प्रसारण वा उत्पादन–वितरण गर्नुहुदैन । | **(७) पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुनेः** |

# परिच्छेद – नौं

## विविध

# परिच्छेद-नौं
# विविध

### ९.१ गोपनीयता कायम गरिएको व्यक्तिलाई परिचयपत्र दिनेः

मुद्दाको कारबाहीको क्रममा कुनै पक्ष वा पीडितको व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने देखिई निजको वास्तविक व्यक्तिगत विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन दिइएकोमा त्यस्तो व्यक्तिलाई परिवर्तित संकेत नाम थर वतन सहितको परिचयपत्र दिनुपर्नेछ । यसरी गोपनीयता कायम गरिएको व्यक्तिलाई परिचयपत्र दिँदा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) अनुसन्धानको क्रममा परिचयात्मक विवरण गोप्य राखे व्यक्तिको लागि परिचय पत्र **(अनुसूची ६)** जारी गर्दा सम्बन्धित प्रहरी कार्यालयका प्रमुखबाट प्रमाणित गराएर दिनुपर्नेछ ।

(ख) अदालतमा मुद्दा चल्दाका क्रममा परिचयात्मक विवरण गोप्य राखे व्यक्तिको लागि परिचय पत्र **(अनुसूची ६)** जारी गर्दा जिल्ला अदालतको हकमा स्रेस्तेदारबाट र पुनरावेदन तथा सर्वोच्च अदालतका हकमा सम्बन्धित अदालतका रजिस्ट्रारबाट प्रमाणित गराएर दिनुपर्नेछ ।

(ग) अदालतमा मुद्दा दर्ता भएपछि अनुसन्धान गर्ने निकायले जारी गरेको परिचय पत्रलाई अदालतले प्रमाणित गरी सोही परिचय पत्रलाई निरन्तरता दिन सक्नेछ । अन्यथा भएमा अदालतले अर्को परिचयपत्र जारी गर्न सक्नेछ ।

(घ) परिचयात्मक विवरण गोप्य राखे व्यक्तिको लागि परिचयपत्र प्रदान गर्दा वास्तविक परिचयात्मक विवरणको सट्टामा निजलाई प्रदान गरिएको परिवर्तित संकेत नाम, मुद्दा नम्बर, मुद्दा दर्ता मिति र फाँट उल्लेख गर्नुपर्नेछ ।

### ९.२ प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउनेः

**जिल्ला अदालत नियमावली, २०५२ को दफा २९(५)**

(१) कुनै मुद्दामा प्रतिवादीको उपस्थिति वा अन्य कुनै कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दबाब परेको वा दबाब पर्ने प्रबल सम्भावना देखिएमा त्यस्ता प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष बनाई साक्षीको बकपत्र गराउनुपर्नेछ ।

(२) खण्ड (१) बमोजिम प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष बनाई साक्षीको बकपत्र गराउँदा प्रतिवादीको सट्टामा निज प्रतिवादीको कानून व्यवसायी तथा निजले रोजेको मानिसको रोहवरमा गराउनुपर्नेछ ।

(३) प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष बनाई साक्षीको बकपत्र गराइएकोमा निज प्रतिवादीका तर्फबाट सोध्नुपर्ने जिरह लगायतका प्रश्नहरू निजको कानून व्यवसायीद्वारा सोध्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

**९.३ गोप्य राखिएका विवरणहरू गोप्य राख्न नपर्ने अवस्था सिर्जना भएमाः**

मुद्दाको कारबाही सुरु हुँदा कुनै व्यक्तिको व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने देखिई गोप्य राखिएकोमा पछि कारबाही हुँदै जाँदा गोप्य राख्नुपर्ने नदेखिएमा सोको कारण जनाई खुला गर्नुपर्नेछ । यसरी खुला गरिएको व्यहोरा **अनुसूची–४** बमोजिमको अभिलेख किताबमा समेत जनाउनुपर्नेछ ।

**९.४ परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिको दस्तखतः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको कुनै कागजमा दस्तखत गराउनुपर्दा निजको परिवर्तित संकेत नाम थर वतनबाट नै गराउनुपर्छ ।

**९.५ परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिलाई बोलाउने तरिकाः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई बोलाउनुपर्दा निजलाई प्रदान गरिएको परिवर्तित संकेत नाम थर वतनबाट नै बोलाउनुपर्नेछ ।

**९.६ परिचयात्मक विवरणलाई संकेत नाम दिने तरिकाः**

व्यक्तिगत परिचयात्मक विवरणको सट्टामा परिवर्तित संकेत नाम थर वतन दिंदा देहाय बमोजिम गर्नुपर्नेछः

**९.६.१ जिल्लाको लागि दिइने संकेतको विवरणः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वतन उल्लेख गर्नुपर्दा कुनै जिल्लाको नामको सट्टा संकेत नम्बर उल्लेख गनुपर्नेछ । विभिन्न जिल्लाका लागि उल्लेख गरिने संकेत नम्बर **अनुसूची–५** मा उल्लेख भए बमोजिम हुनेछ ।

**९.६.२ परिचयात्मक विवरणगोप्य राख्नुपर्ने व्यक्तिलाई संकेत नाम दिने तरिकाः**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको नाम उल्लेख गर्नुपर्दा त्यस्तो व्यक्तिको वास्तविक नामको सट्टामा संकेत नाम दिनुपर्नेछ । संकेत नाम दिँदा व्यक्तिको नाम र थरको लागि **अनुसूची–१** मा दिइएको नमुना बमोजिम जुन प्रहरी कार्यालय वा चौकीको क्षेत्र हो सोही इलाकालाई आधार मानी इलाकाको पछाडि नेपाली वर्णमाला बमोजिमको अक्षर उल्लेख गर्नुपर्नेछ ।

**उदाहरणः**

जस्तो कुनै परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्ति काठमाडौं जिल्लाको बौद्ध प्रहरी कार्यालय इलाकाको व्यक्ति रहेछ भने निजको नाम थरको सट्टा संकेत नाम दिनुपर्दा बौद्ध क भनेर दिन सकिन्छ । यसरी २६ बौद्ध क, २६ बौद्ध ख भनेर दिँदै जाँदा बौद्ध ज्ञसम्म पुगी वर्णमालाको अक्षर नपुग हुन आएमा पुनः २६ बौद्ध क१, २६ बौद्ध क२, २६ बौद्ध क३ भनेर दिने ।

(२) संकेत नाम प्रदान गर्दा लिङ्ग र उमेरका लागि छुट्टै संकेत दिन जरुरी हुने छैन ।

### ९.६.३ परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको बाबुआमा वा अन्य नातेदारलाई संकेत नाम दिने तरिकाः

परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको बाबुआमा वा अन्य नातेदारको परिचयात्मक विवरण गोप्य राख्नको लागि संकेत नाम राख्दा प्रकरण ९.६.२ मा उल्लेख भएको प्रक्रियाअनुसार गर्नुपर्नेछ ।

**कार्यविधि निर्देशिका, २०६४ को ८. सूचना प्रकाशनमा बन्देज**

### ९.७ मुद्दाको सूचना प्रकाशन गर्नमा बन्देजः

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिको वास्तविक परिचयात्मक विवरण खुल्ने गरी निजको वास्तविक नाम, निजको तस्बीर वा घटना विवरण कुनै पनि प्रकारको विद्युतीय वा छापाका सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नु हुँदैन ।

### ९.८ गोपनीयता भङ्ग गरेमा हुने कारवाहीः

**कार्यविधि निर्देशिका, २०६४ को ९ गोपनीयता भङ्ग गरेमा कारबाही हुने**

कसैले गोप्य राख्नुपर्ने कुनै व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता भङ्ग गरेमा देहाय बमोजिमको सजाय हुनसक्छ :

(१) बालबालिका सम्बन्धी मुद्दा तथा सो सम्बन्धी घटनाको विवरण प्रकाशित गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनुका साथै प्रकाशित पत्रपत्रिका तथा पुस्तकसमेत जफत हुन्छ –

**बालबालिका सम्बन्धी ऐन, २०४८ दफा ५३(९) ।**

(२) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाका पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम तस्बिर तथा अन्य विवरण छाप्ने वा प्रचारप्रसार गर्ने व्यक्तिलाई दस हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ –

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा २५ ।**

(३) माथि उल्लेख गरिएबाहेकका अन्य अवस्थामा कुनै व्यक्तिको गोप्य राख्नुपर्ने व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखी प्रकाशमा ल्याएमा अदालतको अवहेलनामा कारबाही हुन्छ । सो अनुसार कारबाही हुँदा जिल्ला अदालतको अवहेलनामा एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ, पुनरावेदन अदालतको अवहेलनामा पाँच हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनसक्छ र सर्वोच्च अदालतको अवहेलनामा दस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ ।

(४) बन्द इजलासको कारबाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलासबाहिर कुनै तेस्रो पक्षसमक्ष खुला गरेमा

निजलाई अन्य कारबाहीको अतिरिक्त अनुशासन सम्बन्धी विभागीय कारबाहीसमेत हुन सक्छ ।

**९.९ गोपनीयता भङ्ग गरे उपरको उजुरीः**

**कार्यविधि निर्देशिका, २०६४ को १०. उजुर गर्ने निकाय**

गोपनीयता भङ्ग गरेउपर देहाय बमोजिम उजुरी गर्न सकिनेछ

(१) गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुला गरेकोले कारबाही गरिपाऊँ भनी कुनै कर्मचारीको विरुद्धमा उजुरी दिनुपर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखसमक्ष र कार्यालय प्रमुखको हकमा एक तहमाथिको सम्बन्धित निकायमा उजुरी दिनुपर्नेछ । यसरी पर्न आएको उजुरीका सम्बन्धमा सात दिनभित्र टुंगो लगाइसक्नुपर्नेछ ।

(२) बालबालिका सम्बन्धी मुद्दा तथा सो सम्बन्धी घटनाको विवरण प्रकाशित गरेमा सम्बन्धित जिल्ला अदालतमा उजुरी दिनुपर्नेछ ।

(३) मानव बेचबिखन तथा ओसारपसार मुद्दाका पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बीर तथा अन्य विवरण छापेको वा प्रचारप्रसार गरेको सम्बन्धमा उजुरी दिँदा नजिकको प्रहरी कार्यालयमा दिनुपर्नेछ । यस्तो मुद्दा सम्बन्धित अदालतमा नेपाल सरकार वादी भई चल्नेछ ।

(४) अन्य अवस्थामा जुन अदालतबाट परिचयात्मक विवरण गोप्य राखिएको हो सो अदालतको अवहेलनामा सम्बन्धित अदालतमा निवेदन दिनुपर्नेछ ।

**९.१० निर्देशिकामा उल्लेखित विषयहरूमा प्रचलित कानूनसँग बाझिएको अवस्थामा गर्नुपर्ने कुराः**

**कार्यविधि निर्देशिका, २०६४ को १३. प्रचलित कानून बमोजिम हुने**

यस दिग्दर्शनमा भएको व्यवस्था बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

# अनुसूचीहरु

# अनुसूची – १

## संकेत नाम तय गरिएको विवरण

(दिग्दर्शनको दफा ८.१.१ को खण्ड (ङ), दफा ८.२.२, दफा ८.३.२ को (१) को खण्ड (घ) सँग सम्बन्धित)

..........कार्यालय/ अदालत.........

वादी................प्रतिवादी...........भएको ............मुद्दामा .................. पीडित प्रतिवादी ................. को परिचयात्मक विवरण खुला भएमा ....(यस्तो हुन सक्ने देखिएको) ले निजको वास्तविक विवरण गोप्य राख्नुपर्ने हुँदा मुद्दाको कारबाहीको सिलसिलामा निजको देहाय बमोजिमको वास्तविक विवरणको सट्टामा निम्न अनुसारको संकेत दिनेगरी तय गरिएको छ :

| क्र.सं. | वास्तविक नाम थर, वतन वा अन्य विवरण (बाबु/पतिको बास्तविक नाम, थर) | सांकेतिक नाम, थर, वतन र बाबु/आमा/पति/संरक्षकको सांकेतिक नाम थरको विवरण | मुद्दामा हैसियत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**प्रमाणित गर्ने कार्यालय प्रमुखको**
**नामः**
**पदः**
**दस्तखतः**
**मितिः**

# अनुसूची – २

**जाहेरवाला लगायत सम्बन्धित व्यक्तिलाई निजको आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी सोको सट्टा संकेत नाम दिइएकोमा संकेत नामको जानकारी गराई सुनाइएको कागजको नमूना**

(दिग्दर्शनको दफा ८.१.१ को खण्ड (छ), दफा ८.३.१ को (७) को खण्ड (च), दफा ८.३.२ (१) को खण्ड (ङ) सँग सम्बन्धित)

कार्यालय/अदालत

वादी..........(सरकारवादी हुनेमा ......को जाहेरीले नेपाल सरकार) प्रतिवादी.........भएको ............मुद्दामा ............ (तपाईंको निवेदन अनुसार सम्मानित सर्वोच्च अदालतबाट मिति २०६४।९।१० मा जारी भएको दिग्दर्शनका सन्दर्भमा) यहाँको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने नपर्ने सम्बन्धमा विचार गर्दा ................कारणले तपाईंको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने गरी निर्णय भएको हुँदा प्रस्तुत मुद्दाको कारबाहीको सिलसिलामा तपाईंको देहायको व्यक्तिगत परिचयात्मक विवरणको लागि देहायको परिवर्तित संकेत नाम थर वतन दिइएको र अब आइन्दा मुद्दाको कारबाहीका क्रममा बोलाउँदासमेत सोही परिवर्तित संकेत नाम थर वतनबाट बोलाइने भनी आज यस कार्यालय/अदालतबाट मलाई जानकारी गराउँदा सो व्यहोरा सुनी पाएँ । सो परिवर्तित संकेत नाम थर वतन दिइएकोमा तथा सोही परिवर्तित संकेत नाम थर वतनबाट बोलाउने गरिएमा मेरो मञ्जुरी छ, पछि अन्यथा भन्ने छैन र मलाई दिइएको परिवर्तित संकेत नाम थर वतनका बारेमा अन्यत्र अरू कसैलाई प्रकट गर्ने छैन/छैनौं भनी परिवर्तित संकेत नाम थर वतन सुनी पाएको यो कागज गरी ..........कार्यालय/अदालतमा चढाएँ/चढायौं ।

**तपसिल**

| सि नं | सम्बन्धित व्यक्तिको वास्तविक नाम थर, वतन र बाबुपतिको वास्तविक नाम थर | सांकेतिक नाम, थर, वतन वतनका साथै बाबु/आमा/ पति/संरक्षकको संकेत नाम थरको विवरण | संकेत नाम सुनी पाएको व्यक्तिको नाम | संकेत नाम सुनी पाएको व्यक्तिको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**प्रमाणित गर्ने कार्यालय प्रमुखको नामः**

**दर्जाः**

**दस्तखतः**

**मितिः**

# अनुसूची – ३

**व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको सम्बन्धित व्यक्तिबाहेक अन्य सरोकारवालालाई(मुचुल्का गराउँदा, कागज वा बकपत्र गराउँदा) वास्तविक परिचयात्मक विवरणको सट्टामा संकेत नाम दिइएको र सोही संकेत नामबाट लिखत तयार गरिने व्यहोरा सुनाई गराइने कागजको नमूना**

(दिग्दर्शनको दफा ८.१.९ को खण्ड (ख), दफा ८.१.१२ को खण्ड (क), दफा ८.१.१३ को खण्ड (क), दफा ८.३.१ को (७) को खण्ड (च), दफा ८.३.१ को खण्ड (८) को देहाय (क), दफा ८.३.३ को ६ को खण्ड (क) सँग सम्बन्धित)

..........कार्यालय /अदालत.........

वादी...........(सरकारवादी हुने मुद्दामा फलानाको जाहेरीले नेपाल सरकार) प्रतिवादी........भएको .............मुद्दामा ............. फलानाको निवेदन अनुसार सर्वोच्च अदालतबाट मिति २०६४।९।१० मा जारी भएको निर्देशिका अनुसार ..............................को व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने वा नपर्ने सम्बन्धमा विचार गर्दा .........(यो यो अवस्था र परिस्थिति) ......को कारण निजको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने गरी निर्णय भएको र प्रस्तुत मुद्दाको कारबाहीको क्रममा निजको व्यक्तिगत परिचयात्मक विवरणको सट्टा देहायको संकेत नाम दिई सोही संकेत नामबाट बोलाइने र विभिन्न लिखतहरू तयार गर्दा पनि संकेत नामबाटै गरिनुपर्ने हुँदा प्रस्तुत मुचुल्का/कागज/बकपत्रमा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने देहायका व्यक्तिहरूको नाम, थर, वतन वा अन्य विवरण उल्लेख गर्नुपर्ने भएमा सोको सट्टा ती विवरणका लागि देहायको संकेत नाम उल्लेख गरिने र तपाईंले उल्लेख गर्दा पनि सोही संकेत नामबाट उल्लेख गर्न भनी अनुरोध गरिएको/सुनाइएकोमा सुन्यौं/बुझ्यौं । सोही बमोजिम संकेत नाम प्रयोग गर्न मञ्जुर छु/छौं । आज मलाई/हामीलाई सुनाइएको वास्तविक विवरण र संकेत नामका बारेमा अन्यत्र कहीं प्रकट गर्न नहुने कुरा पनि बुझ्यौं, सोको गोपनीयता कायम गर्नेछौं भनी मेरो/हाम्रो मञ्जुरीले संकेत नाम सुनी पाएको यो कागज गरी फलाना कार्यालय/अदालतमा चढायौं ।

**तपसिल**

| सि नं | सम्बन्धित व्यक्तिको वास्तविक नाम थर, वतन र बाबुपतिको वास्तविक नाम थर | सांकेतिक नाम, थर, वतन वतनका साथै बाबु/आमा/पति/संरक्षकको संकेत नाम थरको विवरण | संकेत नाम सुनी पाएको व्यक्तिको नाम | संकेत नाम सुनी पाएको व्यक्तिको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

प्रमाणित गर्ने कार्यालय प्रमुख/कर्मचारीको

**नामः**

**दर्जाः**

**दस्तखतः**

**मितिः**

# अनुसूची – ४

## व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्दा खडा गरिने अभिलेख पुस्तिका

(दिग्दर्शनको दफा ८.१.१ को खण्ड (ड), दफा ८.३.१, ८.३.१ को खण्ड (१), दफा ८.३.१ को (७) को
(घ), दफा ८.३.२ (१) को खण्ड (ठ), दफा ८.३.४ को खण्ड १ को (ख) र दफा ९.३ सँग सम्बन्धित)

........... अदालत/कार्यालय.......

| क्र. सं. | मुद्दा नं. तथा मुद्दा दर्ता मिति | मुद्दा | बादी | प्रतिवादी | विवरण गोप्य राखिने व्यक्तिको मुद्दामा हैसियत | गोप्य राखिने व्यक्तिगत परिचयात्मक विवरण | संकेत नाम दिनुपर्ने व्यक्तिको नाम,थर र वतनको विवरण | गोप्य राखिने व्यक्तिगत परिचयात्मक विवरणलाई जनाउनको लागि प्रदान गरिएको संकेत नाम, नम्बर वा चिन्ह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३१/२ ०६८।५।४ | जबरजस्ती करणी | सीता के.सी. को जाहेरीले नेपाल सरकार | राम बहादुर क्षेत्री | जाहेरवाला / पीडित | नाम र थर | सीता के.सी. | २६ बौद्ध क | |
| | | | | | | वतनः जिल्ला | ताप्लेजुङ्ग | | |
| | | | | | | बाबुको नाम | कृष्ण | | |
| २ | २३१/२ ०६८।५।४ | जबरजस्ती करणी | सीता के.सी. को जाहेरीले नेपाल सरकार | राम बहादुर क्षेत्री | जाहेरवाला / पीडित | नाम र थर | कविता श्रेष्ठ | २६ बौद्ध ख | |
| | | | | | | वतनः जिल्ला | झापा | | |
| | | | | | | बाबुको नाम | शरद | | |

# अनुसूची – ५

**विभिन्न जिल्लाहरूका लागि दिइने सङ्केतको विवरण**

(दिग्दर्शनको दफा ९.६.१ स“ग सम्बन्धित)

| जिल्ला | संकेत नं. | जिल्ला | संकेत नं. | जिल्ला | संकेत नं. |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | ०१ | काठमाडौं | २६ | कपिलवस्तु | ५१ |
| पाँचथर | ०२ | भक्तपुर | २७ | प्यूठान | ५२ |
| इलाम | ०३ | ललितपुर | २८ | रोल्पा | ५३ |
| झापा | ०४ | सिन्धुपाल्चोक | २९ | रुकुम | ५४ |
| संखुवासभा | ०५ | काभ्रेपलाञ्चोक | ३० | सल्यान | ५५ |
| तेह्रथुम | ०६ | मकवानपुर | ३१ | दाङ | ५६ |
| भोजपुर | ०७ | रौतहट | ३२ | डोल्पा | ५७ |
| धनकुटा | ०८ | बारा | ३३ | जुम्ला | ५८ |
| मोरङ | ०९ | पर्सा | ३४ | कालिकोट | ५९ |
| सुनसरी | १० | चितवन | ३५ | मुगु | ६० |
| सोलुखुम्वु | ११ | मनाङ | ३६ | हुम्ला | ६१ |
| खोटाङ | १२ | गोरखा | ३७ | दैलेख | ६२ |
| ओखलढुंगा | १३ | लमजुङ | ३८ | जाजरकोट | ६३ |
| उदयपुर | १४ | तनहु“ | ३९ | सुर्खेत | ६४ |
| सप्तरी | १५ | स्याङजा | ४० | बा“के | ६५ |
| सिराहा | १६ | कास्की | ४१ | बर्दिया | ६६ |
| दोलखा | १७ | मुस्ताङ | ४२ | बाजुरा | ६७ |
| रामेछाप | १८ | म्याग्दी | ४३ | वझाङ | ६८ |
| सिन्धुली | १९ | पर्वत | ४४ | अछाम | ६९ |
| धनुषा | २० | बाग्लुङ | ४५ | डोटी | ७० |
| महोत्तरी | २१ | गुल्मी | ४६ | कैलाली | ७१ |
| सर्लाही | २२ | पाल्पा | ४७ | दार्चुला | ७२ |
| रसुवा | २३ | अर्घाखाँची | ४८ | डडेलधुरा | ७३ |
| धादिङ | २४ | नवलपरासी | ४९ | वैतडी | ७४ |
| नुवाकोट | २५ | रुपन्देही | ५० | कञ्चनपुर | ७५ |

# अनुसूची – ६

## परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई दिने परिचय पत्रको नमूना

(दिग्दर्शनको दफा ८.१.१ र ९.१ सँग सम्बन्धित)

..............कार्यायल/अदालत

परिचय पत्र न. : ...........

<u>परिचय पत्र</u>

फोटो

संकेत नाम :..........

मुद्दा नं ........

मुद्दा दर्ता मिति :.......

**फाँट** : **................** **प्रमाणित गर्नेको हस्ताक्षर**

**परिचयपत्रवालाको हस्ताक्षर :**

| जारी मिति | वहाल रहने मिति | जारी गर्ने कार्यालय/अदालत | जारी गर्ने पदाधिकारी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

# परिशिष्टहरु

# परिशिष्ट – १

## गोपनीयता सम्बन्धी संवैधानिक तथा राष्ट्रिय कानूनी व्यवस्थाहरू

**१. गोपनीयताको अधिकार सम्बन्धी संवैधानिक व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ मा गोपनीयको हक अन्तर्गत "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति लिखत तथ्याङ्क पत्राचार चरित्र सम्बन्धी कुराको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ"

**२. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६**

दफा ७. बन्द इजलासमा सुनुवाइ गर्ने :

(१) पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

**३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

**दफा २५ प्रचारप्रसार गर्न नहुनेः**

(१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचारप्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम नाम, तस्बिर, विवरण छाप्ने वा प्रचारप्रसार गर्ने व्यक्तिलाई दस हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**दफा २७ बन्द इजलासमा कारबाही हुनेः**

(१) यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

**४. बालबालिका सम्बन्धी ऐन, २०४८**

**दफा ४९ बालक सम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउनेः**

(१) यो ऐन वा प्रचलित कानून बमोजिम बालक सम्बन्धी कुनै मुद्दाको कारबाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमतिबेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । यस्तो प्रतिबन्ध संवाददाता तथा संवाद फोटो प्रतिनिधिको हकमा समेत लागू हुनेछ ।

**दफा ५२ बालक सम्बन्धी तथ्याङ्क र त्यसको प्रयोगमा बन्देजः**

(१) प्रहरी कार्यालयले कुनै कसुरको अभियोगमा पक्राउ परेको बालकको नाम ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसुर तथा त्यस सम्बन्धमा कुनै कारबाही चलाइएको भए सो सम्बन्धी विवरण खुलाई गोप्य रूपमा तथ्याङ्क राख्नुपर्छ र त्यस्तो तथ्याङ्कको उतार छ छ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम राखिएको तथ्याङ्क कुनै अध्ययन वा शोध कार्यको निमित्त प्रकाशित गर्नुपरेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमा सम्म प्रकाशित गर्न सकिनेछ ।

## ५. मुलुकी ऐन, जबरजस्ती करणीको महलको १०ख. नं.

यस महल अन्तर्गत कुनै मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतको कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्नेछन् ।

## ६. संगठित अपराध निवारण ऐन, २०७०

**(क) दफा ३० गोप्य रहनेः यस परिच्छेद बमोजिम अभिलिखित सञ्चार सम्बन्धी विवरण सङ्गठित अपराधको मुद्दाको कारबाहीको लागि बाहेक अन्य प्रयोजनका लागि गोप्य रहनेछ ।**

**(ख) दफा ३३ श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिनेः**

(१) सङ्गठित अपराधको मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रब्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था भएमा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रब्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा अनुसन्धान अधिकारी वा प्रहरीले पालना गर्नु पर्ने शर्त समेत तोकिदिन सक्नेछ ।

**(ग) दफा ३५ काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गराउन सकिनेः**

(१) सङ्गठित अपराधको मुद्दाको सुराकी, उजूरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई साङ्केतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बयान वा बकपत्र भएकोमा मुद्दाको सम्बन्धित मिसिल, आदेश वा फैसलामा सोही नाम उल्लेख गर्नु पर्नेछ ।

**(घ) दफा ४२ बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने:**

(१) कुनै खास किसिमको सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैंले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

७. **जिल्ला अदालत नियमावली, २०५२ नियम ४६ख. बन्द इजलासको व्यवस्था र कार्यविधि :**

(१) बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुनेछ ।

(२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारीमात्र उपस्थित हुन सक्नेछन् ।

(३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिनु हुँदैन ।

(४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

८. **पुनरावेदन अदालत नियमावली, २०४८**

**नियम ६०क. बन्द इजलासको व्यवस्था र कार्यविधि:**

(१) बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा अन्य कानूनले बन्द इजलासबाट हेरिने भनी तोकिदिएको मुद्दा : खुला इजलासबाट सुनुवाइ गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुनेछ ।

(२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारीमात्र उपस्थित हुन सक्नेछन् ।

(३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन हुँदैन ।

(४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

**९. सर्वोच्च अदालत नियमावली, २०४९**

**नियम ६७क. बन्द इजलासको व्यवस्था र कार्यविधिः**

(१) बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्धबिच्छेद सम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासबाट हुनेछ ।

(२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारीमात्र उपस्थित हुन सक्नेछन् ।

(३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिनु हुँदैन ।

(४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नुहुँदैन ।

तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

# परिशिष्ट – २

## विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४

**संवत् २०६३ सालको रिट नं. ३५६१, महिला, कानून र विकास मञ्च तथा आफ्नोतर्फबाट समेत अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, (नेकाप २०६४, निर्णय नं.७८८०, पृष्ठ १२०८) आदेश भएको मितिः २०६४।९।१०** मा सर्वोच्च अदालतबाट जारी भएको निर्देशिका देहाय बमोजिम रहेको छ ।

**प्रस्तावना**

नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हक अन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हकसमेतको प्रत्याभूत गरेको भए तापनि सोको संरक्षणका लागि निश्चित कानूनी व्यवस्थाको निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखिदिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप संकट र असुविधा बेहोर्नुपरिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सो बमोजिम आवश्यक कानून बनाई व्यवस्थित नभएसम्मका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) द्वारा प्रदत्त अधिकार अन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपरोक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारबाहीका हरेक चरणमा लागू हुने गरी गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्ने सम्बन्धी यो निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम **"विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४"** रहेको छ ।

(२) यो निर्देशिका आजका मितिले तीस दिनपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) 'मुद्दा' भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भनी सम्बन्धित अधिकारीले निर्णय गरी तोकिदिएका देहायका प्रकृतिका मुद्दा सम्झनुपर्छ :–

(१) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्नसक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुव्र्यवहार, मानव बेचबिखन, जीउ मास्ने, बेच्ने, हाडनाता करणी एवम् महिलाविरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू,

(२) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू,

(३) एच.आई.भी./एड्सबाट प्रभावित वा सङ्क्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू ।

(ख) व्यक्तिगत परिचयात्मक विवरण' भन्नाले,

(१) खण्ड (क) को देहाय (१) मा उल्लिखित मुद्दाको हकमा पीडित महिलाको नाम, थर, वतनलगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ ।

(२) खण्ड (क) को देहाय (२) मा उल्लिखित मुद्दाको हकमा पक्षको रूपमा रहेका बालबालिकाको नाम, थर वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ ।

(३) खण्ड (क) को देहाय (३) मा उल्लिखित मुद्दाहरूको हकमा एच.आई.भी./एड्सबाट प्रभावित वा सङ्क्रमण भएको व्यक्तिको त्यसरी प्रभावित वा सङ्क्रमण भएको पहिचान खुल्नसक्ने लगायतका सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ ।

(ग) सम्बन्धित अधिकारी' भन्नाले जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश, पुनरावेदन अदालत र सर्वोच्च अदालतको हकमा सो अदालतका रजिस्ट्रार र अन्य निकाय वा कार्यालयको हकमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखलाई जनाउनेछ ।

**३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखुपर्ने**

(१) अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाइ, फैसला, फैसला कार्यान्वयन लगायतका सम्पूर्ण काम कारबाहीका क्रममा र फैसला कार्यान्वयनपश्चात् पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने निकाय लगायतका सम्पूर्ण निकायहरूले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रूपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राखुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई फिरादपत्र, प्रतिउत्तरपत्र, उजुरी, निवेदन, प्रतिवेदन, पुनरावेदनपत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशन लगायत सम्पूर्ण अवस्थामा गोप्य राखुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पारिने छैन ।

(४) मुद्दाहरूको कारबाहीको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानून व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारी लगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नु हुँदैन ।

(५) यस निर्देशिका बमोजिम गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नुपर्नेछ ।

**४. गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुला गर्न सकिने**

गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यक देखिएको हदसम्म खुला गर्न अनुमति दिन सकिनेछ :–

(१) कानून बमोजिम खुला गर्न आवश्यक ठहऱ्याई गोप्य राख्नुपर्ने अधिकारीले अनुमति दिएमा,

(२) स्वच्छ न्यायिक सुनुवाइको संरक्षणका लागि आवश्यक देखिएमा,

(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरुरी नभएको भनी लिखित निवेदन दिएमा ।

**५. गोपनीयता कायम गर्ने प्रक्रिया**

(१) दफा ३ बमोजिम गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवम् सिलबन्दी गरी गोप्य राखिएको विवरणलाई संकेत गर्न छुट्टै परिचयात्मक नाम वा संख्या वा चिन्ह दिनुपर्नेछ र सोको प्रमाणीकरण सम्बन्धित अधिकारीले गर्नुपर्नेछ ।

(२) यस निर्देशिका बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नुपर्ने भएमा सोलाई सिलबन्दी गरी सोको व्यहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नुपर्नेछ ।

(३) गोप्य राखिएका विवरणहरूको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गर्ने, संकेत चिन्ह दिने र अभिलेख संरक्षण गर्ने व्यवस्था गर्नुपर्ने छ ।

(४) कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सो बमोजिम गोप्य राख्ने वा नराख्ने भन्नेबारेमा सम्बन्धित अधिकारीले निर्णय गरे बमोजिम हुनेछ । यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नपर्ने भए त्यसको कारणसहितको पर्चा खडा गर्नुपर्ने छ ।

**६. परिचय**

(१) मुद्दाको अनुसन्धान वा कारबाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू उल्लेख गर्दा निजलाई संकेत गर्न दिइएको नाम, नम्बर वा चिन्हद्वारा नै गरिनेछ । निजको दस्तखतसमेत सोही सङ्केत, नाम, नम्बर वा चिन्हबाट गर्नुपर्नेछ ।

(२) यस निर्देशिका बमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको सङ्केत, नाम, नम्बर वा चिन्ह उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ ।

**७. म्याद, सूचना र पत्राचार**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको सङ्केत, नाम, नम्बर वा चिन्हबाट गर्नुपर्नेछ । सो सम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रूपले खुल्ला नहुने व्यवस्था मिलाई सिलबन्दी गरिएको विवरण खोली जानकारी दिनुपर्नेछ र काम सकिएपछि पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

**८. सूचना प्रकाशनमा बन्देज**

यस निर्देशिका बमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचारप्रसार गर्न हुँदैन ।

**९. गोपनीयता भंग गरेमा कारबाही हुने**

(१) यस निर्देशिका विपरीत कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरू सार्वजनिक गरेमा निजले अदालतको आदेशको उल्लङ्घन गरेको मानी अदालतको अवहेलनामा कारबाही चलाइनेछ ।

(२) बन्द इजलासको कारबाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलासबाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुल गर्न पाइने छैन । सो विपरीत कुनै काम गरेमा उपदफा (१) बमोजिम हुने कारबाहीको अतिरिक्त अनुशासन सम्बन्धी विभागीय कारबाहीसमेत गर्न सकिनेछ ।

**१०. उजुर गर्ने निकाय**

यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारबाही गरी पाऊँ भनी कुनै कर्मचारीको विरुद्धमा उजुरी दिनुपर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखसमक्ष र कार्यालय प्रमुखको हकमा एक तहमाथिको सम्बन्धित निकायमा उजुरी दिनुपर्नेछ । यसरी पर्न आएको उजुरीका सम्बन्धमा सात दिनभित्र टुङ्गो लगाइसक्नुपर्नेछ ।

**११. निर्देशिकाको पालना**

यो निर्देशिका बमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदालत एवम् सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१२. निर्देशिकाको कार्यान्वयन सम्बन्धी व्यवस्था**

(१) यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आमसञ्चारका माध्यमबाट प्रचारप्रसार गर्नुपर्नेछ ।

(२) यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकिल कार्यालयको सूचना पाटीमा टाँसिनेछ ।

(३) यो निर्देशिका कार्यान्वयन गर्दा बाधा अड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधा अड्काउ फुकाउनेछ । तर, सम्बन्धित अधिकारीबाट बाधा अड्काउ

फुक्न नसकेमा प्रतिवेदन पेस गरी सर्वोच्च अदालतले बाधा अड्काउ फुकाई निकास दिनुपर्नेछ ।

(४) यो निर्देशिका बमोजिमका प्रावधानहरू हाल चालू अवस्थामा रहेका मुद्दाहरूमा समेत अबको काम कारबाहीमा अनुसरण गर्नुपर्नेछ ।

**१३. प्रचलित कानून बमोजिम हुने**

यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेकका अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

# परिशिष्ट – ३

## गोपनीयता कायम राख्ने सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थाहरू

**1. Universal Declaration of Human Rights, 1948, Art. 12**

- No one shall be subjected to arbitrary interference with his privacy, family, home or correspondence, nor to attacks upon his honour and reputation...

**2. Convention on the Rights of the Child, 1989, Art. 16**

- No child shall be subjected to arbitrary or unlawful interference with his or her privacy, family, home or correspondence, nor to unlawful attacks on his or her honour and reputation.
- The child has the right to the protection or the law against such interference or attacks.

**3. Optional Protocol to the CRC on the Sale of Children, Child Prostitution and Child Pornography, 2000, Art. 8**

- States parties shall adopt appropriate measures to protect the rights and interests of child victims of the practices prohibited under the present protocol at all stages of the criminal justice process, in particular by protecting, as appropriate, the privacy and identity of child victims and taking measures in accordance with national law to avoid the inappropriate dissemination of information that could lead to the identification of child victims.

**4.1 International Covenant on Civil and Political Rights, 1966, Art. 6**

- The responsiveness of judicial and administrative process to the needs of victims should be facilitated by (d) taking measures to minimize inconvenience to victims, protect their privacy, when necessary, and ensure their safety, as well as that of their families and witnesses on their behalf, from intimidation and retaliation.

**4.2 International Covenant on Civil and Political Rights, 1966, Art. 14**

- The press and the public may be excluded from all or part of trial for reasons of morals, public order or national security in a democratic society, or when the interest of the private lives of the parties so requires, or to the extent strictly necessary in the opinion of the court in special circumstances where publicity would prejudice the interests of justice; but any judgment rendered in a criminal case or in a suit at law shall be made public except where the interest of juvenile persons otherwise requires or the proceedings concern matrimonial disputes or the guardianship of children.

**5.1 Rome Statute of the International Criminal Court, 1998, Art. 57 para. 3(c)**

- In addition to its other functions under this Statute, the Pri-Trial Chamber may, where necessary, provide for the protection and privacy of victims and witnesses......

**5.2 Rome Statute of the International Criminal Court, 1998, Art. 68 para. 1**

**5.3 The court shall take appropriate measures to protect the safety, physical and psychological well-being, dignity and privacy of victims and witnesses.**

**6. Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000, Art. 16**

- ... each state party shall protect the privacy and identity of victims of trafficking in persons, including, inter alia, by making legal proceedings relating to such trafficking confidential.

**7. Rules of procedures and Evidence of the International Criminal Court, 2000, Rule 87 para 3**

a. A Chamber may... hold a hearing, which shall be conducted in camera, to determine whether to order measures to prevent the release to the public or press and infromation agencies, of the identity or the lacation of a victim, a witness or other person at risk on account of testimony given by a witness by ordering, inter alia:

(i) that the name of the victim, witness or other person at risk on account of testimony given by a witness or any information which could lead to his or her identification, be expunged from the public records of the Chamber;

(ii) that a pseudonym be used for a victim, a witness or other person at risk on account of testimony given by a witness

**8. United Natins Rules for the Protection of Juveniles Deprived of Liberty, 1990, Art. 19**

a. All reports, including legal records, medical records and records of disciplinary proceeding, and all other documents relating to the form, content and other details of treatment, should be placed in a confidential individual file, which should be kept up to date, accessible only to authorized persons.

**9. United Nations Standard Minimum Rules for the Administration of Juvenile Justice ( Beijing Rules), 1985, Art. 8**

a. The juvenile's right to privacy shall be respected at all stages in order to avoid harm being caused to her or him by undue publicity or by the process of labelling.

**10. Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 1985, Art. 6**

a. Taking measures to minimize inconvenience to victims, protect their privacy, when necessary, and ensure their safety, as well as that of their families and witnesses on their behalf, from intimidation and retaliation.

**11. Guidelines for Action on Children in the Criminal Justice System, 1997, Art. 49**

a. In accordance wit the different law traditions, practices and legal framework, direct contact should be avoided between the child victim and offender during the process of investigation and prosecution as wel as during trial hearings as much as possible. The identification of the child victim in the media should be prohibited, where necessary to protect the privacy of the child.

**12. United States Code Collection, Title 18, Chapter 223, section 3509, Child Victims' and Witnesses' rights,** subsection ( d ), Privacy Protection, clause (2)

All papers to be filed in court that disclose the name of or any other information concerning a child shall be filed under seal without necessity of obtaining a court order. The person who makes the filing shall submit to the clerk of the court-

a. the complete paper to be kept under seal, and

b. the paper with the portions of it that disclose the name of or other information concerning a child redacted, to be placed in the public record…

**13.1 Guidelines on Justice in Matters involving Child Victims and Witnesses of Crime, chapter x, art 26**

a. Child victims and witnesses should have their privacy protected as a matter of primary importance

**13.2 Guidelines on Justice in Matters involving Child Victims and Witnesses of Crime, Chapter X, art 27**

a. Information relating to a child's involvement in the justice process should be protected. This can be achieved through maintaining confidentiality and restricting disclosure of information that may lead to identification of a child who is a victim or witness in the justice process.

**13.3 Guidelines on Justice in Matters involving Child Victims and Witnesses of Crime, chapter x, art 28**

Measures shold be taken to protect children from undue exposure to the public by, for example, excluding the public and the media from the courtroom during the child's testimony, where permitted by national law.

प्रकाशन संख्या ५६

सम्पर्क ठेगाना :
राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
हरिहरभवन, ललितपुर
फोन नं. : ९७७-१-५५४९०५७/५५४९०६७
फ्याक्स नं. : ९७७-१-५५३०६६२
E-maill: info@njanepal.org.np
Website: njanepal.org.np